# ‘दुई धार : एक लहर’ नियात्रा र संस्मरणसङ्ग्रहको विश्लेषणात्मक अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
स्नातकोत्तर तह (एम.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र


**शोधार्थी**
**हेमराज पौडेल**
शैक्षिक सत्र २०६४-२०६६
त्रि.वि. दर्ता नं. ७४५७-८७
क्याम्पस रोल नं. ३५/०६५

**नेपाली विभाग**
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन

२०७१/२०१४

# त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन

नेपाली विभाग

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनका विद्यार्थी हेमराज पौडेलले नेपाली एम.ए. दसौँ पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरेको **'दुई धार : एक लहर' नियात्रा र संस्मरणसङ्ग्रहको विश्लेषणात्मक अध्ययन** शीर्षकको यो शोधकार्य स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

प्रा.डा. नारायणप्रसाद खनाल ____________________

विभागीय प्रमुख हस्ताक्षर

सहप्राध्यापक डा. धनेश्वर भट्टराई ____________________

शोधनिर्देशक हस्ताक्षर

प्रा.डा. चूडामणि बन्धु ____________________

बाह्य परीक्षक हस्ताक्षर

मिति : २०७२/०२/०५

१९ मे २०१५

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्र हेमराज पौडेलले **'दुई धार : एक लहर' नियात्रा र संस्मरणसङ्ग्रहको विश्लेषणात्मक अध्ययन** शीर्षकको शोधकार्य मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रम र लगनका साथ तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७१/०२/०१
१५ मे २०१४

डा. धनेश्वर भट्टराई
सहप्राध्यापक
**नेपाली विभाग**
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

**'दुई धार : एक लहर' नियात्रा र संस्मरणसङ्ग्रहको विश्लेषणात्मक अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुरको नेपाली विभाग, स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार पारिएको हो । प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा आफ्नो कार्यव्यस्तताका बाबजुद पनि समय निकाली समुचित सल्लाह, सुझाव दिएर मलाई कुशल निर्देशन गर्नु भएकोमा शोधनिर्देशक आदरणीय गुरु सहप्राध्यापक धनेश्वर भट्टराईप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । शोधप्रस्ताव स्वीकृत गरी सो शीर्षकमा अनुसन्धान गर्ने अवसर प्रदान गर्नुहुने वीरेन्द्र बहुमुखी क्याम्पसका नेपाली विभागीय प्रमुख प्रा.डा. नारायणप्रसाद खनालप्रति म अत्यन्त कृतज्ञ छु । शोधपत्र तयारीका क्रममा मलाई आवश्यक सामग्री उपलब्ध गराएर आवश्यक समयमा सोधपुछका क्रममा पनि कुनै झर्को नमानी मलाई हौसला प्रदान गराउँदै आफ्नो व्यस्त र अमूल्य समय दिई सहयोग गर्नु हुने शोधनायक केदारनाथ खनाल र उहाँका सम्पूर्ण परिवारजनप्रति म आभारी छु । शोधपत्र तयारीकै क्रममा आवश्यक सरसल्लाह र उचित सुझाव दिनुहुने नेपाली विभागका गुरुजनहरूप्रति पनि कृतज्ञ छु । शोधपत्र तयारीकै क्रममा विभिन्न पुस्तकहरू एवम् शोधपत्रहरू उपलब्ध गराई सहयोग गर्नुहुने वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुरका पुस्तकालय तथा प्रशासनका कर्मचारी सहायक प्रशासक शिवप्रसाद पोखेल एवम् विजयराज पण्डितप्रति म हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

अध्ययन अनुसन्धानका लागि मलाई घरायसी झन्झटमा नपरी अनुकूल वातावरण सिर्जना गर्दै शोधपत्र तयारीको क्रममा सहयोग गर्ने धर्मपत्नी सबिता पौडेलप्रति आभार प्रकट गर्दै छोराहरू सुयोग, संयोगलाई पनि धन्यवाद दिन चाहन्छु । शोधपत्र तयारीको क्रममा सहयोगी भूमिका निर्वाह गर्नुहुने ससुराबा तुलसी प्रसाद खनाल एवम् सासुआमा शान्ता खनाल, त्यस्तै जेठान दाई विश्वनाथ खनाल, सबिन खनाल, दिदीहरू सभ्यता खनाल, अनिता अधिकारी, सालीहरू, सञ्जीता खनाल पौडेल र गीता खनाल, सालाहरू सञ्जीव खनाल, सञ्जय खनाल एवम् दाजुभाइ र बहिनी एवम् भतिज भावुक पौडेलप्रति पनि आभारी छु । त्यस्तै यस शोधपत्र लेखनको क्रममा सहयोग र सल्लाह दिनुहुने आफन्तजन र मित्रहरू सम्पूर्णप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

यस शोधपत्रलाई समयमै शुद्धसँग टङ्कण गरिदिनु हुने कालिका कम्प्युटर सर्भिसका महेश पौडेललाई धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

अन्तमा प्रस्तुत शोधकार्य आवश्यक मूल्याङ्कनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागसमक्ष प्रस्तुत गर्दछु ।

मिति : २०७१/०२/०१

१५ मे २०१४

...............................

**हेमराज पौडेल**

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार छ :

| | |
|---|---|
| अ.प्र. | अप्रकाशित |
| एम.ए. | मास्टर अफ आर्टस् |
| च.सं. | चतुर्थ संस्करण |
| चि.सा.प. | चितवन साहित्य परिषद् |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| नं. | नम्बर |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पृ. | पृष्ठ |
| मा.वि. | माध्यमिक विद्यालय |
| वि.सं. | विक्रम संवत् |
| सम्पा. | सम्पादक |
| सा.प्र. | साझा प्रकाशन |

# विषयसूची

**परिच्छेद : एक**

**शोधपरिचय**


| | |
|---|---|
| १.१ विषय परिचय | १ |
| १.२ समस्याकथन | १ |
| १.३ शोधकार्यको उद्देश्य | २ |
| १.४ पूर्वकार्यको विवरण र समीक्षा | २ |
| १.५ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता | ५ |
| १.६ शोधकार्यको सीमाङ्कन | ५ |
| १.७ सामग्री सङ्कलन विधि | ५ |
| १.८ शोध अध्ययन विधि | ५ |
| १.९ शोधपत्रको रूपरेखा | ५ |


**परिच्छेद : दुई**

**निबन्धकार केदारनाथ खनालको जीवनी र व्यक्तित्व**


| | |
|---|---|
| २.१ पारिवारिक पृष्ठभूमि | ७ |
| २.१.१ जन्मस्थान र बाल्यकाल | ८ |
| २.१.३ भ्रमण | ८ |
| २.१.४ सम्मान तथा पुरस्कार | ९ |
| २.१.५ संस्थागत संलग्नता | १० |
| २.१.६ रुचि र स्वभाव | ११ |
| २.२ व्यक्तित्व | १२ |
| २.२.१ बाह्यव्यक्तित्व | १२ |
| २.२.२ आन्तरिक व्यक्तित्व | १२ |
| २.२.३ व्यक्तित्वका विविध रूप | १३ |
| २.२.३.१ साहित्यिक व्यक्तित्व | १३ |
| २.२.३.१.१ कवि व्यक्तित्व | १४ |

२.२.३.१.२ निबन्धकार व्यक्तित्व १४
२.२.३.२ साहित्येतर व्यक्तित्व १५
२.२.३.३ सामाजिक व्यक्तित्व १५
२.२.३.४ शिक्षक व्यक्तित्व १६
२.२.३.५ सम्पादक व्यक्तित्व १७
२.२.३.६ निष्कर्ष १७

**परिच्छेद : तीन**

**निबन्धको सैद्धान्तिक अध्ययन र नेपाली निबन्धको विकासक्रम**

३.१ निबन्धको अवधारणा १८
३.१.१ पूर्वीय दृष्टिकोणमा निबन्ध १८
३.१.२ पाश्चात्य दृष्टिकोणमा निबन्ध १९
३.१.३ नेपाली विद्वान्हरूको दृष्टिकोणमा निबन्ध २१
३.१.४ निबन्धको स्वरूप २२
३.१.५ निबन्धका तत्त्वहरू २५
३.१.६ निबन्धको वर्गीकरण २७
३.१.६.१ परम्परित वर्गीकरण २९
३.१.६.२ समसामयिक वर्गीकरण ३१
३.२ नेपाली निबन्धको ऐतिहासिक विकासक्रम र काल विभाजन ३३
३.२.१ पृष्ठभूमि काल/ प्रारम्भिक काल (वि.सं. १९९२-१९५७) ३३
३.२.२ निर्माण काल/माध्यमिक काल (वि.सं. १९५८-१९९१) ३४
२.२.३ विकास काल/आधुनिक काल (वि.सं. १९९२) ३६
३.३. निष्कर्ष ४२

**परिच्छेद : चार**

**दुई धार : एक लहर निबन्धसङ्ग्रहको विश्लेषणात्मक अध्ययन**

४.१ पृष्ठभूमि ४३
४.१.१ एक अलौकिक यात्रा ४४

४.१.१.१ विषयवस्तु ४४
४.१.१.२ उद्देश्य ४५
४.१.१.३ भाषाशैली ४५
४.१.२ स्वर्गद्वारी यात्रा ४५
४.१.२.१ विषयवस्तु ४५
४.१.२.२ उद्देश्य ४६
४.१.२.३ भाषाशैली ४६
४.१.३ ऐतिहासिक भ्रमण ४६
४.१.३.१ विषयवस्तु ४६
४.१.३.२ उद्देश्य ४७
४.१.३.३ भाषाशैली ४७
४.१.४ यात्रा एक अनुभूति अनेक ४८
४.१.४.१ विषयवस्तु ४८
४.१.४.२ उद्देश्य ४८
४.१.४.३ भाषाशैली ४९
४.१.५ अविस्मरणीय यात्रा ४९
४.१.५.१ विषयवस्तु ४९
४.१.५.२ उद्देश्य ४९
४.१.५.३ भाषाशैली ५०
४.१.६ ज्योतिर्गमयतिरको यात्रा ५०
४.१.६.१ विषयवस्तु ५०
४.१.६.२ उद्देश्य ५१
४.१.६.३ भाषाशैली ५१
४.१.७ मेलम्ची एक मृगमरीचिका ५१
४.१.७.१ विषयवस्तु ५१
४.१.७.२ उद्देश्य ५२
४.१.७.३ भाषाशैली ५२
४.१.८ मनको धोको मनमै ५२

४.१.८.१ विषयवस्तु ५२

४.१.८.२ उद्देश्य ५३

४.१.८.३ भाषाशैली ५३

४.१.९ थप एक आयाम ५४

४.१.९.१ विषयवस्तु ५४

४.१.९.२ उद्देश्य ५४

४.१.९.३ भाषाशैली ५४

४.१.१० प्रथम भानु महोत्सव ५५

४.१.१०.१ विषयवस्तु ५५

४.१.१०.२ उद्देश्य ५५

४.१.१०.३ भाषाशैली ५५

४.१.११ पुस्तकालयको अवलोकन भ्रमणपछि ५६

४.१.११.१ विषयवस्तु ५६

४.१.११.२ उद्देश्य ५७

४.१.११.३ भाषाशैली ५७

४.१.१२ अतितलाई नियाल्दा ५७

४.१.१२.१ विषयवस्तु ५७

४.१.१२.२ उद्देश्य ५८

४.१.१२.३ भाषाशैली ५८

४.१.१३ ती दिन सम्झँदा ५८

४.१.१३.१ विषयवस्तु ५८

४.१.१३.२ उद्देश्य ५९

४.१.१३.३ भाषाशैली ६०

४.१.१४ एक सुखद अनुभूति ६०

४.१.१४.१ विषयवस्तु ६०

४.१.१४.२ उद्देश्य ६१

४.१.१४.३ भाषाशैली ६१

४.१.१५ पुष्पोपहार ६१

४.१.१५.१ विषयवस्तु ६१
४.१.१५.२ उद्देश्य ६२
४.१.१५.३ भाषाशैली ६२
४.१.१६ छन्द बचाउका प्रबोधक ६२
४.१.१६.१ विषयवस्तु ६२
४.१.१६.२ उद्देश्य ६३
४.१.१६.३ भाषाशैली ६३
४.१.१७ सम्झनामा हिउँदका दिन ६४
४.१.१७.१ विषयवस्तु ६४
४.१.१७.२ उद्देश्य ६५
४.१.१७.३ भाषाशैली ६५
४.१.१८ सम्झनाको क्षितिजमा नारायणी कला मन्दिर ६५
४.१.१८.१ विषयवस्तु ६५
४.१.१८.२ उद्देश्य ६६
४.१.१८.३ भाषाशैली ६६
४.१.१९ पदमश्रीको ताजमा झमक घिमिरे ६७
४.१.१९.१ विषयवस्तु ६७
४.१.१९.२ उद्देश्य ६८
४.१.१९.३ भाषाशैली ६८
४.१.२० जदौका अभियन्ता ६८
४.१.२०.१ विषयवस्तु ६८
४.१.२०.३ उद्देश्य ६९
४.१.२०.३ भाषाशैली ६९
४.१.२१ हेटौंडा र मातृभूमि साहित्य समाज ७०
४.१.२१.१ विषयवस्तु ७०
४.१.२१.१ उद्देश्य ७०
४.१.२१.३ भाषाशैली ७०
४.१.२२ आकर्षक व्यक्तित्व प्रा. आनन्ददेव भट्ट ७१

४.१.२२.१ विषयवस्तु ७१
४.१.२२.२ उद्देश्य ७१
४.१.२२.३ भाषाशैली ७१
४.१.२३ स्मृतिमा सप्तगण्डकी बहुमुखी क्याम्पस ७२
४.१.२३.१ विषयवस्तु ७२
४.१.२३.२ उद्देश्य ७२
४.१.२३.३ भाषाशैली ७२
४.१.२४ प्रेरक व्यक्तित्व ७३
४.१.२४.१ विषयवस्तु ७३
४.१.२४.२ उद्देश्य ७३
४.१.२४.३ भाषाशैली ७३
४.१.२५ श्रद्धासुमन मायादेवी देवकोटा ७४
४.१.२५.१ विषयवस्तु ७४
४.१.२५.२ उद्देश्य ७४
४.१.२५.३ भाषाशैली ७४
४.१.२६ केशव न्यौपाने र जनजागृति मावि पिठुवा ७५
४.१.२६.१ विषयवस्तु ७५
४.१.२६.२ उद्देश्य ७५
४.१.२६.३ भाषाशैली ७५
४.१.२७ नारायणीको लहरमा ७६
४.१.२७.१ विषयवस्तु ७६
४.१.२७.२ उद्देश्य ७६
४.१.२७.३ भाषाशैली ७७
४.१.२८ स्वर्णोपहार ७७
४.१.२८.१ विषयवस्तु ७७
४.१.२८.२ उद्देश्य ७८
४.१.२८.३ भाषाशैली ७८
४.१.२९ स्मरणीय व्यक्तित्व भीष्मकान्त अधिकारी ७८

४.१.२९.१ विषयवस्तु ७८
४.१.२९.२ उद्देश्य ७९
४.१.२९.३ भाषाशैली ७९
४.१.३० श्रद्धेय दैवज्ञराज न्यौपाने ७९
४.१.३०.१ विषयवस्तु ७९
४.१.३०.२ उद्देश्य ८०
४.१.३०.३ भाषाशैली ८०
४.१.३१ झझल्कोमा पञ्चकन्या ८०
४.१.३१.१ विषयवस्तु ८०
४.१.३१.२ उद्देश्य ८१
४.१.३१.३ भाषाशैली ८१
४.१.३२ शैक्षिक आलोकमा गोरखा ८१
४.१.३२.१ विषयवस्तु ८१
४.१.३२.२ उद्देश्य ८२
४.१.३२.३ भाषाशैली ८२
४.२ निष्कर्ष ८२

**परिच्छेद : पाँच**

**उपसंहार तथा निष्कर्ष**

५.१ परिचय ८४
५.१.१ पहिलो परिच्छेदको निष्कर्ष ८४
५.१.२ दोस्रो परिच्छेदको निष्कर्ष ८४
५.१.३ तेस्रो परिच्छेदको निष्कर्ष ८४
५.१.४ चौथो परिच्छेदको निष्कर्ष ८५
५.२ समग्र निष्कर्ष एवम् उपसंहार ८५

**सन्दर्भसामग्रीसूची** ८७

# परिच्छेद : एक

# शोधपरिचय

# परिच्छेद : एक

# शोधपरिचय

## १.१ विषय परिचय

केदारनाथ खनाललाई साहित्यमा निबन्धकार, कवि, समालोचकका साथै समाजसेवी र शिक्षाको विकासका क्षेत्रमा समेत संलन व्यक्तिका रूपमा चिनाउन सकिन्छ । उनका हालसम्ममा क्रमशः **अनुभूतिका सप्तरङ्ग** (कवितासङ्ग्रह-२०६१), **शिक्षा केही गन्थन केही मन्थन** (निबन्धसङ्ग्रह २०६२), **यात्राका स्पन्दनहरू** (नियात्रासङ्ग्रह-२०६५), **स्मृतिका बिम्बहरू** (संस्मरणसङ्ग्रह-२०६६) र **दुई धार : एक लहर** (नियात्रा र संस्मरणसङ्ग्रह-२०७०) गरी जम्मा पाँचवटा पुस्तककार कृतिहरू प्रकाशित छन् । यस्तै स्थानीय एवं राष्ट्रियस्तरका विभिन्न पत्र-पत्रिकाहरूमा खनालका थुप्रै लेख-रचनाहरू प्रकाशित छन् । उपर्युक्त कृतिहरूका साथै फुटकर लेख रचनाहरूको आधारमा हेर्दा खनाल चितवनको साहित्यिक क्षेत्रमा सृजनाको खोजी गर्ने र बारम्बार अभ्यासमा व्यस्त रही चर्चामा आएका एउटा कुशल साहित्यकारका रूपमा उदाएका छन् । यिनका बारेमा केही पत्र-पत्रिका र पुस्तकहरूमा सामान्यरूपमा चर्चा हुनुको साथै उनको जीवनी, व्यक्तित्व र कृतित्त्वमाथि अध्ययन र अनुसन्धान भइरहेको छ । यिनको पाँचौं कृति **दुई धार : एक लहर** (नियात्रा र संस्मरणसङ्ग्रह-२०७०) यिनको व्यक्तित्व र कृतित्त्वको अध्ययन पश्चात् प्रकाशित कृति हो । यस कृतिको सैद्धान्तिक दृष्टिकोणले विश्लेषण गरिएको छैन । त्यसकारण यस शोधकार्यको विषय **दुई धार : एक लहर** नामक नियात्रा संस्मरणसङ्ग्रहलाई चयन गरिएको छ । अतः प्रस्तुत शोध नेपाली साहित्य क्षेत्रका कुशल व्यक्तित्व केदारनाथ खनालको **'दुई धार : एक लहर' नियात्रा र संस्मरणसङ्ग्रहको विश्लेषणात्मक अध्ययन** रहेको छ ।

## १.२ समस्याकथन

साहित्यकार केदारनाथ खनालको नियात्रा र संस्मरणसङ्ग्रह **दुई धार : एक लहर**को विश्लेषणात्मक शीर्षकको यस शोध कार्यका लागि चयन गरिएका समस्या कथन यसप्रकार रहेका छन् :-

क) केदारनाथ खनालको साहित्यिक जीवनी र व्यक्तित्व के कस्तो रहेको छ ?

ख) निबन्धको सैद्धान्तिक पक्ष र विकासक्रम के कस्तो रहेको छ ?

ग) केदारनाथ खनालका निबन्धका विषयवस्तु, उद्देश्य र भाषाशैली आदिका विशेषता के कस्ता छन् ?

यिनै समस्याहरूको समाधान गर्दै यो शोधकार्य गरिएको छ ।

## १.३ शोधकार्यको उद्देश्य

सैद्धान्तिक दृष्टिमा **दुई धार : एक लहर** (नियात्रा र संस्मरणसङ्ग्रह-२०७०) को विश्लेषणात्मक अध्ययन गर्नु यस शोध कार्यको उद्देश्य हो । अन्य उद्देश्यहरू निम्नानुसार रहेका छन् :-

क) केदारनाथ खनालको साहित्यिक जीवनी र व्यक्तित्वको परिचय दिनु ।

ख) निबन्धको सैद्धान्तिक पक्ष र विकासक्रमको चर्चा गर्नु ।

ग) केदानाथ खनालको **दुई धार : एक लहर** (नियात्रा र संस्मरणसङ्ग्रह) निबन्धको विषयवस्तु, उद्देश्य र भाषाशैलीको आधारमा विश्लेषण गर्नु ।

यिनै उद्देश्यहरू परिपूर्तिका निम्ति यो शोधकार्य अग्रसर रहेको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

निबन्धकार केदारनाथ खनालको **दुई धार : एक लहर** (नियात्रा र संस्मरणसङ्ग्रह) २०७० सालमा प्रकाशित भएको निबन्धसङ्ग्रह हो । यस कृतिका साथै कृतिकारको बारेमा विभिन्न पुस्तकाकार तथा पत्रपत्रिकामा लेखिएका केही समालोचनात्मक लेख वा टीका टिप्पणी विविध पुस्तक एवं पत्रपत्रिकामा छरिएर रहेका छन् र तिनमा केदारनाथ खनाल नेपाली साहित्यमा कवि, गजलकार, समालोचक, निबन्धकार र पत्रकार, शिक्षा क्षेत्रका अध्येता, अनुसन्धानकर्ता एवं समाजसेवी व्यक्ति हुन् भन्ने कुराको उल्लेख गरेको पाइन्छ । विभिन्न व्यक्तित्वहरूले केदारनाथ खनालको यात्रा निबन्धका बारेमा लेखकका लेख र टीका टिप्पणीको विवरण कालक्रमिक रूपमा निम्नानुसार उल्लेख गरिएको छ :

**नेपाल्स स्कुल डाइरेक्टरी** नामक पुस्तकको *हु इज हु* शीर्षकमा केदारनाथ खनालसँग विभिन्न क्षेत्रमा उत्कृष्ट प्रभाव पार्न सक्ने व्यक्तित्व र असीमित अनुभव रहेको छ भनी चर्चा गरिएको छ (श्रेष्ठ, २०५८ : ५) ।

नारायणप्रसाद खनालले **शिक्षा केही गन्थन केही मन्थन** (निबन्धसङ्ग्रह-२०६२) को *शैक्षिक वाङ्मय मन्थनको श्रीवृद्धिमा निरन्तरताको शुभकामना* शीर्षकमा केदारनाथ खनाल कृशल समाजसेवी, सात्यिसेवी, र शिक्षाप्रेमी व्यक्ति हुन् भनेर चर्चा गरेका छन् (खनाल, २०६२ : ख) ।

गोविन्दराज भट्टराईले **यात्राका स्पन्दनहरू** (नियात्रासङ्ग्रह-२०६५) को *आजको पाठकलाई यस्तै सृजनाको खांचो छ* शीर्षकको भूमिका लेखमा इमान्दारिता, जिज्ञासा, भाव, निर्दोषिता, भाषा सरल र सुन्दर हुनु केदारनाथ खनालको विशेषता हो भनेका छन् (भट्टराई, २०६५ : च) ।

लक्ष्मणप्रसाद गौतमले **यात्राका स्पन्दन** (नियात्रासङ्ग्रह-२०६५) को *यात्राका स्पन्दनहरूका वस्तुविन्य* शीर्षकमा केदारनाथ खनाल साहित्यको संस्थागत विकास र समुन्नयनमा निबन्ध, प्रबन्ध, नियात्रामा सदा क्रियाशील व्यक्ति हुन् भनेका छन् (गौतम, २०६५ : ज) ।

कपिल अज्ञातले **स्रष्टाबिम्ब : व्यक्तित्व आरेख** (२०६७) मा साहित्यकार केदारनाथ खनाल कुशल व्यक्तित्व समाजसेवी, भाषा, संस्कृतिका अन्वेषक, साहित्यानुरागी, शिष्ट, भद्र प्रेरणाका स्रोतको साथै साहित्यिक क्षेत्रमा गद्य र पद्य दुवै धारामा कलम चलाए तापनि उनको गद्य धाराको नियात्रामै विशेष प्रभाव र पहिचान छ । नियात्रामा विशेषतः आँखा र मनका बोधजन्य र अनुभवजन्य स्थितिमा सन्तुलित गतिको आवश्यकता पर्ने भएकाले उनका नियात्राले आँखा, मनको ज्ञान र अनुभावलाई राम्ररी छुट्याएर प्रस्तुत गरेका छन् । जसले नेपाली नियात्रा परम्परामा उनको देन विशेष उल्लेखनीय देखिन्छ भनेर भनेका छन् (अज्ञात, २०६७ : ३७-३८) ।

कपिल अज्ञातले *ज्ञानगुनको वान्कीमय कृति : दुई धार : एक लहर*मा साहित्यकार केदारनाथ खनालका लेखमा कतै समीक्षात्मक चेत, कतै टिप्पणीपरक दृष्टिकोण, कतै बाल्यकालीन सुखद् स्मृतिबिम्बको प्रकटीकरण, कतै जङ्गार तर्दाको भय त्रासमय झझल्को, कतै आङ सिरिङ् पार्ने घटनाको स्मरण, कतै कौतुहलमय रोमाञ्चक अनुभव, कतै वर्णनातीत

रङ्गीन दृष्यको प्रभावको साथै रचना राशीमा प्रभावपूर्ण स्रोत सञ्चय भएको पाइनुका साथै भाषा, साहित्य र संस्कृतिका विभिन्न क्षेत्र र विद्यामा सम्वृद्ध सोच र चिन्तरता खनालको लेखन जीवनको उत्तरार्धतिर विशेषतः नियात्रा बढी केन्द्रीकृत हुंदै परिष्कृत र परिमार्जित रूपबाट निख्खर र तिख्खर बनी साहित्यको क्षेत्रमा प्रभावोत्पादक भएको र यसैको मूल्यको आधारमा सफलताको सिंढी आरोहण गरेको कुरा उल्लेख गरेका छन् (अज्ञात, २०७० : ९) ।

निर्मोही व्यासले *दुई धार : एक लहरका केदारनाथ खनाल* उपशीर्षकमा **विकीर्ण समालोचना** (२०७०) मा यात्रात्मक रचनाहरूमा खनालको प्रस्तुति आकर्षक, रोचक र यिनका यात्रा साहित्यमा प्रायः सबै तत्त्व र गुणको न्यूनाधिक मात्रामा समावेश भएको पाइन्छ । यी रचना शब्दचित्रमय  छन् । आत्मीयताले ओतप्रोत छन् र लेखकीय आत्मराग र अनुभूतिले समन्वित छन् । अतिरिक्त सम्बद्ध यात्रा प्रदेशका सुकृति र विकृति सम्बन्धी बहुपक्षीय सूचना समेटिका छन् भनी उल्लेख गरेका छन् (व्यास, २०७० : ६५) ।

चिसापकी अध्यक्ष गायत्री श्रेष्ठले **दुई धार : एक लहर** (नियात्रा र संस्मरणसङ्ग्रह) को *प्रकाशकीय*मा साहित्यकार केदारनाथ खनालको प्रत्येक निबन्धले पाठकलाई नियात्राको साहित्यिक रसपान गराएको अनुभव र आफ्नो अतीततिर विचरण गराएको अनुभूति दिन्छ । पाठक भावकलाई यस किसिमको प्रभाव पार्न सक्नु नै खनाज्यूको लेखकीय सफलता हो भनेर उल्लेख गरेकी छन् (श्रेष्ठ, २०७० : भूमिका खण्ड) ।

साहित्यकार स्वयंले **दुई धार : एक लहर**का यात्रा संस्मरणको *आत्मकथन*मा समाविष्ट नियात्रा र संस्मरणहरू कति मात्रामा सैद्धान्तिक दृष्टिकोणले वा साहित्यिक शाश्वतता वहन गरेका छन् ? र कति विवरणात्मक छन्, छुट्याउने जिम्मा पाठक वर्गमै सुम्पेको छु । कुनै स्थान विशेष वा विषयवस्तुको परिचयात्मक प्रस्तुतिमा रागात्मक रङ पोताइतिर आकृष्ट नभई सामान्य स्केचमा मेरो कलम रमाएको छ भनी उल्लेख गरेका छन् (खनाल, २०७० : ढ) ।

माथिका विवरणबाट खनाल निबन्धका उपविधामा पर्ने नियात्रा र संस्मरणकार हुन् भन्ने स्पष्ट हुन्छ तर सैद्धान्तिक दृष्टिमा नियात्रा निबन्ध **दुई धार : एक लहर**को विश्लेषणात्मक अध्ययन भने नभएकोले सो को अध्ययनका लागि शोध कार्य प्रस्तुत गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

वि.सं. २०५५ देखि साहित्यिक क्षेत्रमा प्रवेश गरी डेढ दशको साहित्यिक यात्रा पार गरिसकेका केदारनाथ खनालका बारेमा जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययनका साथै विभिन्न साहित्यिक फाँटबाट परिचित भए तापनि उनको नियात्रा निबन्ध **दुई धार : एक लहर**को सैद्धान्तिक दृष्टिमा विश्लेषणात्मक अध्ययन गर्नका लागि यो कार्य स्वतः औचित्यपूर्ण देखिन्छ । त्यस्तै उनको नियात्रा निबन्ध कलाका बारेमा अभिरुचि राख्ने सबै यो कार्यबाट केही मात्रामा भए पनि लाभान्वित हुने छन् ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य **दुई धारः एक लहर** नियात्रा र संस्मरणसङ्ग्रहको सैद्धान्तिक विश्लेषणमा आधारित रहेको छ । केदारनाथ खनालको निबन्धात्मक कृतित्त्व, प्रवृत्तिको परिचय र नियात्रा निबन्धलाई विषयवस्तु, उद्देश्य र भाषाशैली जस्ता सैद्धान्तिक तत्त्वका आधारमा अध्ययन विश्लेषण गरिएको छ तर उनका अन्य कृतिको अध्ययन विश्लेषण र उनकै अन्य कृतिसँग तुलना गरिएको छैन ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधप्रस्ताव तयार गर्नका निम्ति पुस्तकालय अध्ययन पद्धतिलाई नै सामग्री सङ्कलनको मूल आधार बनाइएको छ । यसका अतिरिक्त विभिन्न पुस्तक, लेख, रचना, पत्रपत्रिकालाई सामग्री सङ्कलनको रूपमा प्रयोग गरिएको छ ।

## १.८ शोध अध्ययन विधि

सङ्कलित सामग्रीहरूलाई सैद्धान्तिक रूपले विश्लेषण गरी सामान्यीकरण र विषयपरक शोध विधिको प्रयोग गरी व्याख्या विश्लेषण गरिएको छ । प्रस्तुत सामग्रीलाई व्यवस्थित गर्न अर्थापन र वर्णनात्मक एवं विश्लेषणात्मक विधि अपनाइएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

यस शोधकार्यको संरचना सन्तुलित र व्यवस्थित ढङ्गबाट प्रस्तुत गर्नका लागि शोधपत्रलाई विभिन्न परिच्छेदमा विभाजन गरिएको छ । यस शोध प्रस्तावको स्वरूप वा रूपरेखा वा सङ्गठन यसप्रकार रहेको छ :-

**परिच्छेद एक : शोधपरिचय**

यस परिच्छेदमा विषय परिचय, शोध प्रयोजन, शोध समस्या, शोधको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधको औचित्य, महत्त्व र उपयोगिता, शोधको सीमाङ्कन, सामग्री संङ्कलन विधि र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

**परिच्छेद दुई : निबन्धकार केदारनाथ खनालको जीवनी र व्यक्तित्वको सङ्क्षिप्त अध्ययन**

यस परिच्छेदमा साहित्यकार केदारनाथ खनालको जीवनी व्यक्तित्व र निबन्धयात्राको अध्ययन गरिएको छ ।

**परिच्छेद तीन : निबन्धको सैद्धान्तिक अध्ययन र नेपाली निबन्धको विकासक्रम**

यस परिच्छेदमा नियात्रा निबन्धको सैद्धान्तिक परिचय र नेपाली निबन्धको विकासक्रमको बारेमा अध्ययन गरिएको छ ।

**परिच्छेद चार : केदारनाथ खनालको नियात्रा र संस्मरणसङ्ग्रह 'दुई धार : एक लहर'को विश्लेषणात्मक अध्ययन**

यस परिच्छेदमा केदारनाथ खनालको २०७० मा प्रकाशित नियात्रा र संस्मरणसङ्ग्रह **दुई धार : एक लहर**को विश्लेषणात्मक अध्ययन गरिएको छ ।

**परिच्छेद पाँच : उपसंहार तथा निष्कर्ष**

यस परिच्छेद उपसंहार तथा निष्कर्षका रूपमा रहेको छ । यस परिच्छेदमा माथि उल्लेखित सबै परिच्छेदहरूका निष्कर्ष दिइएको छ । अन्त्यमा समग्र निष्कर्ष प्रस्तुत गरिएको छ ।

यसप्रकार शोधको आदि भागको साथै अन्त्य भागको रूपमा सन्दर्भग्रन्थ सूची समावेश गरी साङ्गोपाङ्ग रूपमा शोध प्रतिवेदन प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई

# निबन्धकार केदारनाथ खनालको जीवनी र व्यक्तित्व

# परिच्छेद : दुई

# निबन्धकार केदारनाथ खनालको जीवनी र व्यक्तित्व

## २.१ पारिवारिक पृष्ठभूमि

केदारनाथ खनालको पुर्ख्यौली थातथलो ताक्लुङ-२, गोरखा भएको थाहा पाइन्छ । यिनी घृतकौशिक गोत्रका हुनुको साथै ताक्लुङ-२, गोरखाबाट बसाइँसराइँको सिलसिलामा तत्कालीन पञ्चकन्या गा.वि.स. जयमङ्गला र हाल भरतपुर-१०, अस्पतालरोड, चौबिसकोठी, चितवनमा बसोबास गर्दै आएको थाहा हुन आउँछ (शोधनायकबाट प्राप्त जानकारीअनुसार) । केदारनाथ खनालको तीनपुस्ते वंशावली अनुसार प्रपितामह श्रीवल्लभ खनाल, पितामह हरिकृष्ण खनाल र पिता भोगप्रसाद खनाल रहेको जानकारी पाइन्छ । यही खनालवंश नै केदारनाथ खनालको वंश परम्परा रहेको पाइन्छ (खनाल वंशावली, २०५५ : ३६१) । केदारनाथ खनालको जन्म वि.सं. २००१ साल कार्तिक ७ गते गोरखाको ताक्लुङमा भएको हो । पिता भोगप्रसाद खनाल र माता देवमाया खनालका चार पुत्र र पाँच पुत्री गरी जम्मा नौ सन्ततिमध्ये यिनी जेठो सन्तान हुन् । जन्मकुन्डलीको नाम धर्मराज खनाल भए पनि गाउँघरमा बोलाउनेदेखि लिएर नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लेखित र साहित्यमा चर्चित नाम केदारनाथ खनाल नै हो ।

गोरखा हर्मीमा बसोबास गरेका स्व. दुर्गादत्त ढकाल र श्रीमती सत्यदेवी ढकालकी छोरी कलादेवीसँग २०२९ सालमा केदारनाथ खनाल वैवाहिक सूत्रमा आबद्ध भएका हुन् ( खनाल वंशावली, २०५५ : .६४७) । त्यतिबेला यिनी २६ वर्षका थिए । हाल खनालका एक छोरा, तीन छोरी, एक नाति र एक नातिनी छन् । २०३५ सालमा केदारनाथ खनालका पिता भोगप्रसादको र २०५९ सालमा माता देवमाया खनालको देहान्त भएको जानकारी हुन्छ ( खनाल वंशावली, २०५५ : ६९५) । खनालका पिता चार भाइमध्ये पिता भोगप्रसादचाहिँ कान्छा हुन् भने क्रमशः जेठाबुबा टीकादत्त, माहिला बुबा तुलसीप्रसाद र साहिँला बुबा शिवप्रसाद रहेको थाहा हुन्छ (खनाल वंशावली, २०५५ : ३५९) ।

### २.१.१ जन्मस्थान र बाल्यकाल

केदारनाथ खनालको जन्म २००१ कार्तिक ७ गते गोरखाको ताक्लुङमा भएको हो । पिता स्व. भोगप्रसाद खनाल र माता देवमाया खनालका कोखबाट जेठो सन्ततिका रूपमा जन्मेका केदारनाथ खनालको बाल्यकाल आफ्ना पितामाताको माया, ममता र लालनपालनका सुखद वातावरणमा बितेको जानकारी शोधनायकबाट प्राप्त हुन्छ । आफ्नो जन्मथलो ताक्लुङ-२ र बेसीको घर ताक्लुङ-२, ठेउवाटार, गोरखामा नै केदारनाथ खनालको बाल्यकाल व्यतित भएको पनि थाहा हुन्छ (खनाल वंशावली, २०५५ : ३५९) । बाल्यकालमा ती सुमधुर निश्छल र रमणीय दिनहरू काट्दै जाने क्रममा भीरपाखा, उकाली-ओराली, देउराली-भञ्ज्याङ, गाउँबेसी, खेतबारी, टारहरूसँग पनि उनको आत्मीय सम्बन्ध गाँसिएको पाइन्छ । ताक्लुङकै सेरोफेरो द्यौरालीछाप, चरेसथोक, बाहुनथोक, तेस्रो ऐन्जली गाउँ, खड्का गाउँ, तिलिनछाप, भैंसेपोल, तीनमाटो, मकैसिङ, घैरुङ आदिमा गाईभैंसी, बाख्रा चराउने, बडामावली घ्याल्चोक दर्शनडाँडा बस्दा बिदाको दिन प्रायः बेसीका गोविनटार, कलटार, फुडौरीफाँट हुँदै गोठालो भएर बेसी झरेपछि त्रिशूलीमा पौडी खेल्ने, डुङ्गा ख्याउने, लुकामारी खेल्ने, ज्यामिरे घाट तार्ने, दाम्लो बाँट्ने, जनै बनाउने, सत्यनारायणको पूजामा खैजडी बजाउने, भजन भन्ने र एउटा खुट्टा उचालेर घुमीघुमी नाच्ने जस्ता कार्यमा उनी सहभागी भएको पाइन्छ (शोधनायकका आफन्तसँगको अन्तर्वार्ता अनुसार) ।

### २.१.३ भ्रमण

आफ्नो मातृभूमिको सबै भूभागप्रति अत्यन्तै प्रेम दर्शाउने केदारनाथ खनालले समय, परिस्थिति, स्रोत र साधनको अभावमा मुलुकको सबै क्षेत्रमा पुग्न नसके पनि मेचीदेखि महाकालीसम्मका तराई भागमा पर्ने प्रायः पूरै जिल्ला र केही पहाडी जिल्लाहरूको समेत भ्रमण गरेको पाइन्छ । भारतको दिल्लीका कुतुबमिनार, चिडियाखाना, हिन्दु मन्दिर, गुलाफ मन्दिर, इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थल आदिको भ्रमण र अवलोकन गरेका छन् । त्यसै गरी भारतको गोन्डा, बहराइज, मुजफ्फरपुर, लखनउ, मथुरा, वृन्दावन, पटना, गोरखपुर, कलकत्ता, पुट्टपत्ती, राजस्थान, मधुवन, दार्जीलिङ, बेङलोर आदि ठाउँमा पनि

पुगेका छन् । अन्य राष्ट्रहरूको भ्रमण गर्ने क्रममा खनाल जापान, जर्मनी र संयुक्त अमेरिकासम्म पुगेका छन् (पौडेल, २०७१ : ४९) ।

## २.१.४ सम्मान तथा पुरस्कार

कुनै पनि व्यक्तिको कार्य मूल्याङ्कन गरी उत्कृष्टताको आधारमा उसलाई थप बल, प्रोत्साहित तथा प्रेरणा मिलोस् भन्ने उद्देश्यले दिइने मौलिक तथा भावनामूलक उपहारलाई नै सामान्य अर्थमा पुरस्कार भनिन्छ । मोफसलमा रहेर साहित्य सिर्जना गर्ने साहित्यकार केदारनाथ खनालले नेपाली साहित्यका अतिरिक्त विभिन्न क्षेत्रमा योगदान दिएबापत विभिन्न पुरस्कार र सम्मान प्राप्त गरेका छन् । यिनले प्राप्त गरेका पुरस्कार र सम्मानपत्रको विवरण यसप्रकार रहेको छ :

क) शिक्षा सेवा पदक, जिल्ला शि.स. भरतपुर र नारायणी मा.वि., भरतपुर, २०३८ ।

ख) शिक्षा सेवा पदक, शिक्षा मन्त्रालय, काठमाडौं, २०४४ ।

ग) स्रष्टा सम्मान पत्र, आदर्श युवा क्लब, रामपुर, २०५० ।

घ) अभिव्यञ्जना साहित्य सम्मान, अभिव्यञ्जना साहित्य प्रतिष्ठान, २०६२ ।

ङ) बाल्मीकि साहित्य सम्मान, बाल्मीकि साहित्य सदन, रत्ननगर, २०६२ ।

च) कालिका स्रष्टा सम्मान, कालिका एफ.एम., भरतपुर, चितवन, २०६३ ।

छ) विशिष्ट शैक्षिक योगदान सम्मान पत्र, लङ्कु स्रोतकेन्द्र, भरतपुर, चितवन, २०६४ ।

ज) चिसाप प्रतिभा सम्मान, चितवन साहित्य परिषद्, चितवन, २०६५ ।

झ) हरि उत्कृष्ट प्रतिभा पुरस्कार, गोरखा साहित्य परिषद्, २०६५ ।

ञ) स्रष्टा अभिनन्दन, ताक्लुङ सरोकार मञ्च, गोरखा, २०६५ ।

ट) महामण्डल साहित्य सम्मान, नुवाकोट साहित्य परिषद्, २०६६ ।

ठ) नेपाल स्काउट सम्मान पत्र, जिल्ला स्काउट कार्यालय, चितवन, २०६६ ।

ड) स्रष्टा सम्मान, चितवन युवा समूह, दोहा, कतार, २०६६ ।

ढ) चितवन वाङ्मय साहित्य सम्मान, नेपाल शिक्षक सङ्घ र नेपाल राष्ट्रिय शिक्षक सङ्गठन, चितवन, २०६९ ।

ण) स्वर्ण साहित्य सम्मान, चितवन वाङ्मय प्रतिष्ठान, २०६९ ।

त) खनाल सेवा समिति सम्मान, बालकुमारी उच्च मा.वि., नारायणगढ, चितवन, २०६९ ।

थ) कालिगण्डकी साहित्यकला पुरस्कार, स्याङ्जा साहित्य प्रतिष्ठान, २०७० ।

द) अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज सम्मान, ह्युस्टन च्याप्टर, टेक्सास, संयुक्त राज्य अमेरिका, सन् २०१३ ।

ध) आदिकवि द्विशतवार्षिकी पुरस्कार, योगी नरहरिनाथ ट्रष्ट परिषद्, २०७१ ।

## २.१.५ संस्थागत संलग्नता

साहित्यिक व्यक्तित्वका साथै अन्य व्यक्तित्वका धनी केदारनाथ खनाललाई समाज सेवाको क्षेत्र पनि उत्तिकै प्रिय लाग्छन् । त्यसैले उनले सामुदायिक सेवा केन्द्र, भरतपुर, चितवनको अध्यक्ष, सामुदायिक सेवा केन्द्र जिल्ला समन्वय समिति, चितवनको अध्यक्ष, कृष्णपुर जग्गा एकीकरण आयोजना उपभोक्ता समिति, भरतपुर-७, चितवनका अध्यक्ष, खनाल सेवा समिति केन्द्रीय कार्यसमिति नेपालका संस्थापक महासचिव तथा अध्यक्ष, चितवन साहित्य परिषद्का संस्थापक सचिव पूर्व अध्यक्ष एवम् हाल सल्लाहकार, इन्स्टिच्युट अफ मेडिकल टेक्नोलोजी भरतपुरका संस्थापक अध्यक्ष, सिंजाली मा.वि. ताक्लुङ-२, गोरखाका संस्थापक शिक्षक, टोल विकास संस्था, अस्पताल रोड भरतपुर-१, चितवनका पूर्व अध्यक्ष एवं सल्लाहकार समिति संयोजक, ताक्लुङ सरोकार मञ्च गोरखाका संयोजक सल्लाहकार, हरि सांस्कृतिक केन्द्र गोरखाका कार्यसमिति सदस्य, मनकामना क्षेत्र विकास समिति गोरखाका कार्यसमिति सदस्य, मुद्रण सङ्घ चितवनका पूर्व अध्यक्ष एवं सल्लाहकार, नेपाल स्काउट चितवनका सल्लाहकार, सामुदायिक विजय एफ.एम. रेडियो गैंडाकोटका सल्लाहकार, अनौपचारिक शिक्षा समिति र पाठ्यक्रम समन्वय समिति जिल्ला शिक्षा कार्यालय चितवनका पूर्व सदस्य, उद्योग वाणिज्य सङ्घ चितवनका सदस्य, रामेश्वर

पुस्तकालय, भरतपुर-१ का संरक्षक सदस्य, नेपाल नेत्रज्योति सङ्घ, भरतपुर आँखा अस्पताल चितवनका आजीवन सदस्य, नेपाल हृदयरोग निवारण प्रतिष्ठान चितवनका आजीवन सदस्य, त्यस्तै नेपाल रेडक्रस सोसाइटी, नेपाल परिवार नियोजन सङ्घ, नेपाल क्षयरोग निवारण सङ्घ, नारायणी कला मन्दिर, नारायणगढ जस्ता संस्थाहरूको आजीवन सदस्य एवं इन्टरनेशनल लायन्स क्लब चितवनका चार्टर मेम्बर, त्रि.वि. प्राध्यापक सङ्घ इकाइ बालकुमारी कलेजका पूर्व सदस्य तथा त्रि.वि. शिक्षाशास्त्र सङ्काय नेपाली भाषा तथा राष्ट्रिय भाषा शिक्षा विषय समितिका सदस्य नेपाली लेखक सङ्घ नारायणीका अध्यक्ष जस्ता जिम्मेवारीलाई कुशलतापूर्वक निर्वाह गरेका छन् ।

वि.सं. २०२८ असोजदेखि शिक्षण सेवामा प्रवेश गरेका केदारनाथ खनालले हालसम्म बालकुमारी कलेज नारायणगढ र स्कुल अफ हेल्थ साइन्स भरतपुरमा प्राध्यापन गरिरहेका छन् ।

## २.१.६ रुचि र स्वभाव

सानै उमेरदेखि नै साहित्यतर्फ रुचि राख्ने केदारनाथ खनालको साहित्य सिर्जना, पुस्तक, पत्रपत्रिकाको अध्ययन गर्ने र अध्ययन कार्यलाई निरन्तरताको विशेष रुचि रहेको पाइन्छ । रातको शान्त वातावरणमा एकान्त स्थानमा रही साहित्य लेखनमा अग्रसर हुने स्वभाव उनमा रहेको पाइन्छ (शोधनायकसँगको मौखिक अन्तर्वार्ताबाट) । यसका अतिरिक्त उनले विभिन्न साहित्यिक गोष्ठी गर्ने पुराना साथीभाइ र आफन्तहरूको भेटघाट, विभिन्न प्राकृतिक र ऐतिहासिक स्थानहरूको भ्रमण गर्ने गरेको पाइन्छ ।

सादा जीवन र उच्च विचारप्रति आस्था राख्ने केदारनाथ खनाल खानामा साधारण दाल, भात र सागपात सहितको खाना मनपराउँछन् भने कपडामा सर्ट, पाइन्ट, टोपी, कोट लगाउन मन पराउँछन् (शोधनायककी श्रीमतीसँगको अन्तर्वार्ताबाट) । साहित्यकार केदारनाथ खनाल 'युवा' कविताबाट लेखनको आरम्भ गरे तापनि साहित्यका अन्य विधाभन्दा निबन्ध विधा मनपर्ने भएकोले निबन्ध विधामा रुचि रहेको बताउँछन् । व्यावहारिक दृष्टिले खनाल सरल, सात्विक, इमान्दार र सत्यनिष्ठ छन् तर निबन्धमा भने यात्रा संस्मरणमा केन्द्रित भएर निबन्ध सिर्जना गरेको पाइन्छ ।

## २.२ व्यक्तित्व

हरेक मानिसको आ-आफ्नै व्यक्तित्व हुन्छ । व्यक्तित्वले गर्दा नै मानिस एक अर्कोभन्दा फरक स्वभावको हुन्छ । व्यक्तित्व भन्नु कुनै पनि व्यक्तिको निजी पहिचान हो । मान्छेको पहिचानलाई दुई भागमा विभाजन गर्न सकिन्छ । एउटा चिनारीले उसको शारीरिक जिउडाल, कद, रोगी-निरोगी, वर्ण, लिङ्ग, मोटो-दुब्लो आदि कुराहरूबाट व्यक्तित्वलाई चिनाउँछ, जसलाई बाह्य व्यक्तित्व भनिन्छ । अर्को व्यक्तित्व भनेको आन्तरिक व्यक्तित्व हो । बाह्य व्यक्तित्वको तुलनामा आन्तरिक व्यक्तित्व महान हुन्छ तर पनि बाह्य व्यक्तित्वले आन्तरिक व्यक्तित्वको (व्यक्तित्वको बौद्धिक क्षमता, प्रतिभा तथा कुनै पनि कार्यगत योगदान आदि) विकासमा सघाउ पुऱ्याएकै हुन्छ । हरेक मानिसभित्र रहेको प्रतिभा वा क्षमता नै आन्तरिक व्यक्तित्व हो ।

कुनै व्यक्तिको वैयक्तिक विशेषता देखाउने वा कुनै व्यक्तिले अरूलाई प्रभावित पार्ने व्यक्ति विशेषमा निहित विशेषता वा व्यक्ति विशेषको निजीपन प्रकट गर्ने शब्दलाई व्यक्तित्व भनिन्छ (पोखरेल, २०४० : १२४५) । कुनै व्यक्तिमा हुने गुण वा विशेषतालाई व्यक्तित्व भनिन्छ (ढुङ्गाना, २०५७ : १८५) । कुनै प्रकारको शक्तिभित्र निहित परिस्थितिअनुकुल सञ्चालन हुन सक्ने शक्तिले नै प्रत्येक क्षणमा नवीन खालको दृष्टिकोण व्यक्त गर्दछ । व्यक्तिभित्रको यही शक्ति वा प्रतिभालाई व्यक्तित्व भनिन्छ (अधिकारी, २०५७ : २१) ।

### २.२.१ बाह्यव्यक्तित्व

केदारनाथ खनालको आन्तरिक व्यक्तित्वसँगै बाह्य व्यक्तित्व पनि निकै आकर्षक देखिन्छ । सत्तरी वर्षको उमेर, पाँच फिट चार इन्चको उचाइ र लगभग ७५ कि.ग्रा. तौल, शरीर सुहाउँदो ठिक्कको मोटाइ, अग्लो सर्लक्क परेको शरीर, गहुँगोरो वर्ण, कपाल सेतै फुलेको, फुकेको छाती, उज्यालो मुखमण्डल, सुहाउँदो नाक, भावपूर्ण आँखा, सर्ट पाइन्ट र ढाकाटोपी एवं कोटको पहिरनमा रहने हुनाले उनको बाह्य व्यक्तित्व आकर्षक रहेको छ ।


### २.२.२ आन्तरिक व्यक्तित्व

कुनै पनि व्यक्तिलाई पूर्ण रूपमा चिनाउनका लागि बाह्य व्यक्तित्वका अतिरिक्त आन्तरिक व्यक्तित्वले पनि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । आन्तरिक व्यक्तित्वमा कुनै पनि

व्यक्तिको बौद्धिक पक्ष, आत्मीय पक्ष तथा उसको भित्री (आन्तरिक) कार्यगत क्षमतालाई हेर्ने गरिन्छ । खनालको बाह्य व्यक्तित्व जस्तै आन्तरिक व्यक्तित्व पनि प्रखर रहेको छ । उनले नेपाली साहित्यमा कवि, गजलकार, समालोचक, निबन्धकार, पत्रकार, शिक्षा क्षेत्रका अध्येता, अनुसन्धानकर्ता एवं समाजसेवीको रूपमा कलम चलाए तापनि विशेषतः निबन्ध विधामा पनि नियात्रा र संस्मरण क्षेत्रमा कलम चलाएको पाइन्छ । विभिन्न क्षेत्रमा विस्तारित उनको व्यक्तित्वलाई मुख्य रूपले साहित्यिक र साहित्येतर गरी दुई भागमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ ।

### २.२.३ व्यक्तित्वका विविध रूप

हरेक मानिसको व्यक्तित्वलाई ऊ स्वयम्ले जीवनक्रममा भोगेका, अनुभव गरेका विविध घटना तथा सुख, दुःख, घात, प्रतिघात, मिलन-बिछोडले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसका साथसाथै उसको पारिवारिक, सामाजिक, सांस्कृतिक, आर्थिक र धार्मिक पक्षले व्यक्तित्व निर्माणमा ठूलो भूमिका खेलेको हुन्छ । खनालले नेपाली साहित्यको विविध विधामा कलम चलाउनुको साथै साहित्येतर क्षेत्रमा पनि प्रभाव पारेको देखिन्छ ।




### २.२.३.१ साहित्यिक व्यक्तित्व

मान्छेको मनमा सृजित भावलाई सुन्दर र कलात्मक भाषामा लेखिएको अभिव्यक्ति नै साहित्य हो । साहित्यले सबैलाई मन्त्रमुग्ध पार्दछ । केदारनाथ खनालले साहित्यिक लेखनको सुरुवात २०२३/०२४ तिर 'युवा' कविता र वीरे कथा स्थानीय पत्रिकामा छपाएर गरेका हुन् । यसपछि उनले साहित्यका अन्य विधामा समेत आफ्नो कलमलाई अघि बढाउँदै

लगेका छन् । साहित्यिक व्यक्तित्वका धनी खनालको साहित्यको यहाँ सङ्क्षिप्त चर्चा गरिएको छ ।

### २.२.३.१.१ कवि व्यक्तित्व

वि.सं. २०२३/०२४ सालतिर काठमाडौंको स्थानीय पत्रिकामा 'युवा' कविता छपाएर नेपाली साहित्यको फाँटमा सार्वजनिक रूपमा केदारनाथ खनाल देखापरेको पाइन्छ । यसबाट के भन्न सकिन्छ भने आफ्नो साहित्य सिर्जनाको सुरुवातसँगै कविता लेखनतर्फ आकृष्ट भएको पाइन्छ । धेरै वर्षको अन्तरालपछि वि.सं. २०६१ सालमा **अनुभूतिका शब्दतरङ्ग** कवितासङ्ग्रह प्रकाशित गरी नेपाली साहित्यमा कृतिगत स्रष्टाका रूपमा खनाल देखापरेको पाइन्छ । शिक्षक, विद्यार्थी, राजनीतिक, धार्मिक, सामाजिक, सांस्कृतिक मूल्य मान्यताहरू जस्ता विषयवस्तुलाई समेटी समय र परिस्थिति अनुसार खनालद्वारा रचिएका कविताहरूले उनको कवि व्यक्तित्वलाई शिखरमा पुऱ्याउने काम भएको छ (खनाल, २०६७ : ३३) । यस अतिरिक्त स्थानीय र राष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकाहरूमा उनका थुप्रै फुटकर कविताहरू प्रकाशित छन् । नेपाली साहित्यमा फुटकर कविता र पुस्तकाकार कृतिहरू सृजना गरी नेपाली कविता फाँटलाई हराभरा र समृद्ध पार्नमा केदारनाथ खनालको कवि व्यक्तित्वले महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ ।

### २.२.३.१.२ निबन्धकार व्यक्तित्व

साहित्यका विविध विधामा कलम चलाएका खनालका व्यक्तित्वमध्ये निबन्धकार व्यक्तित्व सर्वश्रेष्ठ व्यक्तित्वको रूपमा रहेको छ । **शिक्षा : केही गन्थन केही मन्थन** (लेखसङ्ग्रह-२०६२), **यात्राका स्पन्दनहरू** (नियात्रासङ्ग्रह-२०६५), **स्मृतिका बिम्बहरू** ( संस्मरणसङ्ग्रह-२०६६) र **दुई धार : एक लहर** (नियात्रा र संस्मरणसङ्ग्रह-२०७०) गरी जम्मा चारवटा पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् । **शिक्षा : केही गन्थन केही मन्थन**का लेखहरूमा माध्यमिक तहको पाठ्यक्रम-पाठ्यपुस्तक परिमार्जन, शैक्षिक प्रशासन, शिक्षण प्रशिक्षण र स्कुल कलेजका कक्षा शिक्षणका अनुभवहरू जस्ता विषयवस्तुहरू रहेको पाइन्छ । **यात्रा स्पन्दनहरू** निबन्धसङ्ग्रहमा सूचनामूलक, आश्चर्यजनक वर्णन, उत्साहजनक कौतूहलता, सरल सुन्दर हुने व्याख्या विश्लेषण, निर्दोष, निश्छल र निष्कपट अभिव्यक्ति

प्रस्तुत गरी पारिवारिक प्रसङ्ग भए पनि प्रयोजनमूलक भावना समेटी उपयोगी ज्ञान र विकासमूलक सन्देश जस्ता विषयवस्तु रहेका छन् । यस्तै गरी **स्मृतिका बिम्बहरू** संस्मरण सङ्ग्रहमा अनुभवहरूको गन्थनमन्थन संस्मरणभन्दा आत्मकृत दृष्टि विगतदेखि आगतसम्मका विकास निर्माणका गतिशील स्वरूपको बयान रोचक र मार्मिक स्मृति बिम्बहरूलाई कौशलतापूर्वक प्रस्तुत गरिएको छ ।

यात्रा अनुभव तथा यात्रा संस्मरणका विभिन्न पक्षलाई समेटेर यात्रा साहित्यलाई प्रस्फुटित गर्ने काम **दुई धार : एक लहर**मा प्रस्तुत गरिएको छ । त्यस्तै रागात्मकता, रोचकता, भावात्मकता, रसात्मकता र स्वच्छन्दता जस्ता यात्रा साहित्यका गुणहरूलाई समेटेर नेपाली साहित्यमा ऊर्जा दिने काम साहित्यकार खनालबाट भएको पाइन्छ । यसरी उनका निबन्धलाई हेर्दा प्रायः सबै निबन्धहरू सफल भएको देखिन्छन् । सङ्ख्यात्मक रूपमा थोरै भए पनि गुणात्मक रूपमा मूल्यवान् निबन्ध सर्जकका रूपमा रहेका खनालका निबन्धगत चेतना र कलाको दृष्टिले उनका कृति मीठा, मोहक र उच्च छन् । त्यसैले उनको जीवनमा आफूले सुनेका, देखेका, अनुभूति गरेका विविध कुराहरूलाई आफूमा मात्र सीमित नराखी आफ्ना कृतिका माध्यमबाट सबैमा बाँड्ने काम गरेका छन् । उनको अन्य व्यक्तित्व भन्दा (नियात्रा र संस्मरण) निबन्ध व्यक्तित्व नै उच्च र उज्ज्वल रहेको छ ।

### २.२.३.२ साहित्येतर व्यक्तित्व

कुनै पनि व्यक्तिभित्र विभिन्न प्रकारका अभिरुचि, क्षमता, प्रतिभा, सीप र कौशल रहेका हुन्छन्, जसका कारण समाजका अनेक कार्यक्षेत्रमा उसले आफूलाई स्थापित गराउन सक्दछ । यसै परिप्रेक्ष्यमा केदारनाथ खनालको व्यक्तित्व पनि बहुआयामिक रहेको पाइन्छ । उनले साहित्यको अलावा विकासको साथसाथै शिक्षा र सामाजिक सङ्घ संस्थामा संलग्न भएर काम गरेको पनि पाइएको छ ।

### २.२.३.३ सामाजिक व्यक्तित्व

मानिस सामाजिक प्राणी हो । ऊ समाजबाट अलग बस्न सक्दैन । समाजमा हुने सामाजिक, धार्मिक, सांस्कृतिक आदि कार्यमा संलग्न भएर आफ्नो सामाजिक व्यक्तित्वका साथै समाजसेवी व्यक्तित्वको परिचय दिन सकिन्छ । निबन्धकार खनालले आफ्नो समाज

वरपर रहेका विभिन्न सामाजिक सङ्घसंस्था, स्वास्थ्य संस्था एवं टोल छिमेक, रेडक्रस, स्काउटजस्ता संस्थाहरूको निर्माण गर्नेदेखि संस्थामा आबद्ध भएर काम गरेको पाइन्छ, जुन कुरा निम्न विवरणबाट जान्न सकिन्छ (पौडेल, २०७१ : ४५-५२) ।

क) सामुदायिक सेवा केन्द्र, भरतपुर-१०, चितवनको अध्यक्ष ।

ख) सामुदायिक सेवा केन्द्र, जिल्ला समन्वय समिति चितवनको अध्यक्ष ।

ग) सिंजाली मा.वि., ताक्लुङ-२, गोरखाका संस्थापक शिक्षक ।

घ) खनाल सेवा समिति, केन्द्रीय कार्यसमितिका महासचिव ।

ङ) निवृत्त शिक्षक समाज, चितवनका सल्लाहकार ।

च) मुद्रण उद्योग सङ्घ, चितवनका सल्लाहकार ।

छ) नेपाल स्काउट चितवनका सल्लाहकार ।

ज) सामुदायिक रेडियो विजय एफ.एम., गैंडाकोटका सल्लाहकार ।

झ) जिल्ला शिक्षा कार्यालय, चितवनको पाठ्यक्रम समन्वय समितिका सदस्य ।

ञ) उद्योग वाणिज्य सङ्घ, चितवन शिक्षा समितिका सदस्य ।

ट) नेपाल हृदयरोग निवारण प्रतिष्ठानका आजीवन एवं का.स. सदस्य ।

ठ) रामेश्वर पुस्तकालय, भरतपुर-१, क्षेत्रपुर, चितवनका संरक्षक सदस्य ।

ड) इन्टरनेशनल लायन्स क्लब चितवनका चार्टर मेम्बर ।

ढ) त्रि.वि. प्राध्यापक सङ्घ इकाइ समिति, बालकुमारी कलेजका पूर्व सदस्य ।

ण) नेपाली लेखक सङ्घ नारायणीका अध्यक्ष ।

## २.२.३.४ शिक्षक व्यक्तित्व

वि.सं. २०२८ असोजदेखि शिक्षण सेवामा प्रवेश गरेका केदारनाथ खनालले २५ वर्षसम्म शिक्षण पेसा अँगालेको पाइन्छ । मा.वि. प्र.अ. द्वितीय श्रेणीमा सेवानिवृत्त भई हाल बालकुमारी कलेज, नारायणगढ र स्कुल अफ हेल्थ साइन्स, भरतपुरमा प्राध्यापन गरिरहेका छन् । नारायणी मा.वि. भरतपुर, जिल्ला शिक्षा समिति, चितवन र राष्ट्रिय शिक्षा समिति, शिक्षा मन्त्रालयद्वारा सम्मानित, पुरस्कृत एवम् पदक प्राप्त गरेका खनालको शैक्षिक व्यक्तित्व उच्च रहेको थाहा हुन्छ (पौडेल, २०७१ : ४५-५२) ।

## २.२.३.५ सम्पादक व्यक्तित्व

पत्रपत्रिकाको सम्पादन क्षेत्रमा पनि साहित्यकार केदारनाथ खनालले कलम चलाएको पाइन्छ । उनले **राष्ट्रसन्देश, वागीश्वरी, प्रयास, आलोक, वेणी, सम्प्रेषण, सुधांशु, मझेरी, धर्मसंवाद, रात्रिप्रकाश, सञ्जीवनी, दीपशिखा, विद्या पुरस्कार, आलोक, स्काउट बुलेटिन, नेत्रज्योति सङ्घ, इन्टरनेशनल लायन्स क्लब, बालकुमारी कलेज स्मारिका** आदि पत्रपत्रिकाको सम्पादन गरेर महत्त्वपूर्ण भूमिका निर्वाह गरी सम्पादक व्यक्तित्वलाई अगाडि बढाएको पाइन्छ । यसै गरी **चितवन महोत्सव स्मारिका, मुद्रण स्मारिका, मुद्रण बुलेटिन, खनाल वंशावली** भाग १-२, **आवर्तन, मारुनी, प्रा.डा. सूर्यमणि स्मृति ग्रन्थ, राष्ट्रध्वनि र चितवनको धड्कन** आदिमा पनि सम्पादनको भूमिका गुणात्मक र उल्लेखनीय रूपमा रहेको मानिन्छ ।

## २.२.३.६ निष्कर्ष

साहित्यकार केदारनाथ खनालको जीवनीलाई केलाउँदा उनले आफ्ना पिताले **रामायण** वाचन गरेको सुनेर बाल्यकालदेखि नै साहित्यतर्फ रुचि राखेको देखिन्छ । उनको लगाव साहित्य लेखनतर्फ थियो भन्ने कुरा स्वयं उनीबाट नै थाहा हुन आउँछ । साहित्य क्षेत्रमा उनको रुचि तथा आफ्ना पिताबाट प्राप्त प्रेरणाका कारणले गर्दा उनलाई साहित्य लेखनतर्फ इच्छाशक्ति अझ दृढ बनाउन सहयोग पुऱ्यायो । साहित्य तर्फको निरन्तर लगावका कारण वि.सं. २०२३ मा कविता विधाबाट कलम चलाएका खनालले वि.सं. २०२४ मा कथा लेखी साहित्यका क्षेत्रलाई अगाडि बढाएको पाइन्छ । त्यसै गरी साहित्य लेखनको क्षेत्रलाई अघि बढाएर निबन्ध विधामा विशेष स्थान प्राप्त गरेका छन् । यसरी खनालको रुचि साहित्यको निबन्ध विधामा झन् झन् बढ्दै गएको देखिन्छ । यसरी कविता, कथा, निबन्ध जस्ता विधामा कलम चलाएर बहुमुखी साहित्यकार देखिए तापनि अहिले आएर यिनले नियात्रा र संस्मरणको क्षेत्रमा आधारित निबन्ध लेखनमा उत्साहित भएको देखिन्छ । उनको व्यक्तित्व र गौरव नै नेपाली साहित्यमा रहेका छन् । यिनका कथा, कविता, निबन्धहरू प्रकाशित भए तापनि यस अध्ययनमा यिनको नियात्रा र संस्मरण सङ्ग्रह **दुई धार : एक लहर** (निबन्धसङ्ग्रह) को अध्ययनलाई मात्र समेटिएको छ ।

# परिच्छेद : तीन

# निबन्धको सैद्धान्तिक अध्ययन र नेपाली निबन्धको विकासक्रम

## परिच्छेद : तीन

# निबन्धको सैद्धान्तिक अध्ययन र नेपाली निबन्धको विकासक्रम

### ३.१ निबन्धको अवधारणा

साहित्यको सबैभन्दा कान्छो विधा निबन्ध हो । यो विधा अरू विधा भन्दा छोटो र छरितो मानिन्छ । साहित्यका सिर्जनात्मक विधा मध्ये लोकप्रिय विधाका रूपमा रहेको निबन्ध निजात्मक र लघु आकृतिका हुन्छन् । निबन्धमा अन्य साहित्यिक विधाका गुणहरू धेरै थोरै समाहित हुने हुँदा निबन्ध साहित्यिक र साहित्येतर गरी दुई प्रकारका हुन्छन् । साहित्यिक निबन्ध ललित र सौन्दर्य परक हुन्छ । साहित्यिक निबन्ध रागात्मक, अनुभूतिमा आधारित कल्पना प्रधान, निजात्मक र विशिष्ट भाषिक कलामा आधारित हुन्छ । साहित्येतर निबन्ध ज्ञान-विज्ञानका क्षेत्रमा आधारित र प्रविधि परक हुन्छ । यो वस्तुगत ज्ञानमा आधारित, न्यून कलात्मक, निर्वैयक्तिक र सामान्य भाषिक कलामा आधारित हुन्छ (सुवेदी, २०५८ : ८) ।

### ३.१.१ पूर्वीय दृष्टिकोणमा निबन्ध

निबन्ध तत्सम शब्द हो । 'नि' उपसर्ग रहने 'बन्ध' धातुमा 'घञ्' प्रत्यय लागेर निबन्ध शब्दको निर्माण भएको पाइन्छ (सुवेदी, २०५८ : ६) । यसको व्युत्पत्तिगत अर्थ निबघ्नातीति निबन्ध भन्ने हुन्छ । **श्रीमद्भागवद्गीता**मा "दैवीसम्पविमोक्षाय निबन्धायासुरी मता" भन्दै निबन्धको प्रयोग आसुरी सम्पदालाई बाँध्ने अर्थमा भएको पाइन्छ (श्रीमद्भगवद्गीता, २०५४ : १६) । यसैगरी याज्ञवल्क्यस्मृतिमा निबन्धको 'द्रव्यमेव' भनेर द्रव्यका अर्थमा निबन्ध शब्दको प्रयोग भएको पाइन्छ (शर्मा, २०५२ : ३) । हेमचन्द्रले यसको प्रयोग सङ्ग्रहगन्थमा मूत्रसंधकको रोग तथा बन्धनको अर्थमा गरेको छन् (सुवेदी, २०५८ : ८) ।

संस्कृतका कोशकार आप्टेले बाँध्नु, कस्नु, नियन्त्रण गर्न आदि निबन्धका एघार अर्थ लगाएका छन् (आप्टेवामन, १९६९ : ५२७) । **वासवदत्ता** र **न्यायमञ्जरी**मा ग्रन्थ रचनाका

अर्थमा र तत्त्व दीपनको अनेक तत्त्वहरूको सङ्गृहीत सानो साहित्यिक रचना विशेषका अर्थमा निबन्ध शब्दको प्रयोग भएको देखिन्छ (लुइटेल, २०५५ : १) ।

उपर्युक्त चर्चाका आधारमा निबन्ध शब्दको अर्थमा केही परिवर्तन हुँदै आएको पाइन्छ । आज निबन्ध शब्दले जुन अर्थ न्छि त्यो अर्थ प्राचिन युगमा पाइँदैनथ्यो । किनभने संस्कृत साहित्यमा आजको जस्तो निबन्ध विधाको सिर्जना भएको थिएन । आज निबन्ध शब्दले स्वतन्त्र रूपमा प्रकर हुने अर्थ, भाव र विचारलाई शृङ्खलित गर्ने सीमित आधारको रचनामा बाँध्नु भन्ने बुझिन्छ । विश्व साहित्यमा आधुनिक कालको सुरुआत भएपछि मात्र निबन्ध साहित्यको विधाको रूपमा स्थापित भएको हो । त्यसैले निबन्धको स्वरूपलाई बुझ्न निबन्ध सम्बन्धी पाश्चात्य चिन्तन प्रक्रियाको नै अध्ययन गर्नु पर्ने देखिन्छ ।

## ३.१.२ पाश्चात्य दृष्टिकोणमा निबन्ध

पाश्चात्य साहित्यमा निबन्धलाई एस्से (Essay) भनिन्छ । यस शब्दको प्रयोग सोह्रौं शताब्दीमा आएर भएको हो । एस्से (Essay) शब्द फ्रन्सेली भाषाको एस्सी (Essai) को तद्भव रूप हो जसको अर्थप्रयास वा प्रयत्न गर्नु भन्ने हुन्छ (ओझा, २०६४ : ४) । एस्सी (Essai) शब्द ल्याटिन 'एक्जिउम' बाट विकसित हुँदै फ्रेन्च (Essai) र अङ्ग्रेजी साहित्यमा एस्से (Essay) का रूपमा विकसित हुँदै आएको हो । पाश्चात्य साहित्यमा निबन्ध शब्दको प्रयोग गर्ने प्रथम व्यक्ति फ्रान्सेली साहित्यकार मोन्तेन हुन् । मोन्तेन (सन् १५३३-१५९५) ले फ्रान्समा सन् १५७१ पछि आफ्ना सङ्क्षिप्त रचनाहरूलाई फ्रान्सेली भाषामा एस्से भनेर परिभाषित गरेका थिए । उनले निबन्धका बारेमा छुट्टै टिप्पणी त गरेका छैनन् तापनि निबन्धलाई आत्म प्रतिपादन र अहम्को अभिव्यक्ति भनेका छन् । मान्छेले सबैभन्दा बढी आफूले चिनेको आफू स्वयम् नै हुने हुँदा म नै मेरो निबन्धको विषय हुँ (सुवेदी, २०५८ : १७) । जसलाई निबन्धमा प्रकट गरिन्छ भन्ने धारणा प्रकट गरेका छन् ।

अङ्ग्रेजी साहित्यका सबभन्दा प्रख्यात निबन्धकार बेकन हुन् । उनी मोन्तेनका आत्मपरक निबन्धबाट प्रभावित अवश्य थिए तर त्यो प्रभाव बाह्य् रूपको मात्र थियो । उनले निबन्धलाई विशृङखलित चिन्तनका रूपमा लिएका छन् (थापा, २०४५ : १८०) ।

उनका निबन्धहरू विचार प्रधान र वस्तुनिष्ठ छन् । त्यसैले उनका निबन्धहरू सरल र सरस नभई सिद्धान्त प्रतिपादन, पाण्डित्य प्रदर्शन, ज्ञानको प्रदर्शन तथा शास्त्रीय पूर्वाग्रहबाट प्रेरित छन् । शीर्षक नै बौद्धिक र गम्भीर रहेका उनका निबन्धहरूको शैली

उच्चस्तरको र अनौपचारिक छ (ओझा, २०६४ : ३) । मोन्तेन र वेकन समकालीन निबन्धकार भए पनि यिनीहरूको निबन्धमा पर्याप्त भिन्नता देखिन्छ । मोन्तेनले निबन्धलाई अहम्को अभिव्यक्तिका रूपमा लिएका थिए भने वेकनले विशृङ्खल चिन्तनको रूपमा लिएका थिए । यिनीहरूका निबन्धले स्पष्ट रूपमा निबन्धको भेद देखाएर मोन्तेन आत्मपरक निबन्धकारका रूपमा देखा परे भने वेकन वस्तुपरक निबन्धकारका रूपमा देखा परे । पाश्चात्य साहित्यमा सोह्रौं शताब्दी पछि यिनै दुई मान्यतालाई स्वीकार गरी विभिन्न निबन्धकारहरूले निबन्धको सिर्जना गरेको पाइन्छ ।

यसैगरी पाश्चात्य र साहित्यमा सत्रौं शताब्दीमा मोन्तेनको आत्मपरक मान्यतालाई आत्मसात् गर्दै निबन्धको सिर्जना गर्ने प्रथम व्यक्तिका रूपमा अब्राहम काउले देखा पर्दछन् । जस्तोसुकै विषय र अवस्थामा निबन्धको रचना गर्दा प्रथम पुरुष शैलीको प्रयोग गर्ने काउलेका निबन्धहरूमा शाश्वत आकर्षण पाइन्छ (अधिकारी, १९७५ : २०) । उनले सामान्य भन्दा सामान्य विषयलाई लिएर निबन्धको रचना गरेका छन् । अर्का निबन्धकार विलियम टेम्पलले बेकनको निबन्ध लेखनगत शैलीभन्दा विपरीत मोन्तेनको शैलीमा आत्माभिव्यञ्जनाको प्रयास गरेका छन् । त्यस्तै विकासक्रमसँगै अठारौं शताब्दीमा आएर बेलायतमा विभिन्न पत्रपत्रिका प्रकाशित हुन थालेपछि रिचार्ड स्टली, दानिल डिफी, जोसेफ एडिसन, हेनरी फिल्डिङ, स्यामएल जोन्स, ओलिभर गोडस्मिथ जस्ता निबन्धकार निबन्ध विधामा सक्रिय रहेको पाइन्छ । उन्नाइसौं शताब्दीमा पाश्चात्य साहित्यमा चार्ल्स ल्याम्ब, चार्ल्स डिकेन्स तामस हेनरी, मैथ्यु अर्नल्ड, रस्किन, हर्वर्ट, इमर्सन आदि देखा परे । यिनीहरू मध्ये चार्ल्स ल्याम्बका निबन्धहरूमा हास्य तत्त्व, स्वैरकल्पना र भावुकता पाइन्छ । उनी पनि मोन्तेनझैं आत्मपरक शैलीमा निबन्धको रचना गर्ने निबन्धकार हुन् । तर उनको शैली नितान्त वैयक्तिक छ । पुनरुत्थान कालकर प्रवर्तकका रूपमा मानिने ल्याबका निबन्ध लेखनीबाट अङ्ग्रेजी निबन्धले चरमोत्कर्ष प्राप्त गरेको पाइन्छ (अधिकारी, १९७५ : २३) । यसै गरी निबन्ध बीसौं शताब्दीको लोकप्रिय साहित्यिक विधाका रूपमा विकसित हुँदै गएको छ । यस समयमा निबन्धकारहरूले अरू साहित्यिक विधाका राथै निबन्ध विधालाई पनि विशेष प्रश्रय दिएका छन् । यस समयमा निबन्धलाई हल्का साहित्यका रूपमा स्थापित हुन पुग्नुका साथै हास्यव्यङ्ग्यकार जेम्स थर्वट, होंरिथी पार्कर जस्ता विद्वान्हरूले यसलाई सफलताको स्तरमा पुऱ्याएको पाइन्छ । यस शताब्दीका अन्य निबन्धकारहरूमा आस्टिन

विरेल, गल्सवर्दी, भर्जिनिया बुल्फ, इबी, लुकस जे.के. चेस्टर्टन, वेस रोवर्ट लिङ्ग, प्रिन्सटले, ए.सी. वेकन मुख्य छन् (ओझा, २०६४ : ४) ।

यसरी फ्रान्सबाट सुरु भएको निबन्धले बेलायत हुँदै विश्व साहित्यमा आफ्नो प्रभाव कायम गरेको छ । सोह्रौं शताब्दीबाट बीसौं शताब्दीसम्मको पाश्चात्य निबन्ध यात्रामा प्रगतिको चरणगत विकास हुँदै गएको छ । विचारबाट भावतर्फ, भावबाट भावुकतातर्फ र भावुकताबाट व्यक्ति प्रतिष्ठातर्फ निबन्धकारको दृष्टि बढ्दै गएको छ । यसरी नेपाली साहित्यको, आधुनिक निबन्ध परम्परामा पाश्चात्य निबन्ध रचनाहरूबाट प्रयाप्त प्रेरणा र प्रभाव प्राप्त गरेको छ ।

### ३.१.३ नेपाली विद्वान्हरूको दृष्टिकोणमा निबन्ध

नेपाली साहित्यमा पनि निबन्धलाई विभिन्न विद्वान्हरूले आ-आफ्नै दृष्टिकोणले परिभाषित गरेका छन् । नेपाली साहित्यमा निबन्धलाई परिभाषित गर्ने क्रममा महाकवि लक्ष्मीप्रसाद देवकोटाले यसरी परिभाषित गरेका छन्: “यो रौंचिरा दर्शन होइन न यो पाण्डित्य दर्शनको ठ्यासफु । यसमा गृहीत विषयलाई सर्वदृष्टिकोण समीक्षणको जरुरत छैन । यो एक किसिमको धूर्त बदमास ठिटो हो, जो सडकमा हिँड्दा कहिले कहिले ढुङ्गा हान्छ, कतै-कतै आनन्दले फुलेर हेर्छ तर घोरिदैन । पाठ घोकुवा हलन्त मिजासले यो एक किसिमको मनको जालीले जगत्मा लहरी माछा मार्ने कला हो” (देवकोटा, २०५७ : ५५) । यस परिभाषाले निबन्ध के हो भन्ने कुराको मात्र जानकारी नदिएर निबन्धमा लेखक कसरी बहकिएको हुन्छ र विचार कसरी बगेर आएको हुन्छ भन्ने कुरा समेत देखाइएको पाइन्छ । निबन्ध सूक्ष्मरूपमा दर्शन प्रस्तुत गर्ने, पाण्डित्य वमन गर्ने विशाल ग्रन्थ नभएर एउटा बदमास ठिटो जस्तो अस्थिर क्रियाकलापमा आधारित वा विचारको अवसर अनुसारको परिवर्तन भएर सिर्जिएको विधा नै निबन्ध हो भन्ने ठहऱ्याइएको छ । तर यसरी हेर्दा व्यक्तिका विचार एउटै विषयमा केन्द्रित हुन्छ भन्ने छैन । विषयन्तर पनि हुन सक्छन् । निबन्धमा विषयान्तर हुनु भनेको निबन्धले कलागत मूल्य गुमाउनु हो ।

नेपाली साहित्यका अर्का निबन्धकार रामलाल अधिकारीका अनुसार- निबन्ध काव्यको त्यो विधाको जसमा लेखकको व्यक्तित्व पाठकसमक्ष पूर्णतया प्रकाशमान हुन्छ । यसमा लेखकले उपदेश आत्मप्रकाशनकै लक्ष्यमा केन्द्रित हुनुपर्दछ (सुवेदी, २०५६ : ९) । यस परिभाषाका अनुसार निबन्धमा लेखकको आत्म प्रकाशनकै विषय अगाडि बढेको

देखिन्छ । निबन्धले उपदेशात्मक नभई लेखकको विचार पक्षलाई नै बढी प्रस्तुत गरेको हुन्छ । यस परिभाषाले विशेष गरी निजात्मक निबन्धलाई जोड दिएको पाइन्छ ।

नेपाली साहित्यका अर्का विद्वान् दयाराम श्रेष्ठ र मोहनराज शर्माले निबन्धलाई यसरी परिभाषित गरेका छन् "अन्तरङ्ग विचार वा भावना अभिव्यक्त भएको अथवा बहिरङ्ग वर्णन र विवरण प्रस्तुत भएको समय र स्थानगत सीमाभित्र बाँधिन बाध्य नभए तापनि निश्चित प्रकारको सिलसिला तथा अनुक्रमणयुक्त विषय- विशेषमा केन्द्रित कलात्मक गद्य रचनालाई निबन्ध भनिन्छ" (श्रेष्ठ र शर्मा, २०५९ : ११५) । यस परिभाषा अनुसार निबन्ध कुनै स्थान र सीमामा अनुबन्धित हुँदैन तर निश्चित सिलसिलामा कलात्मक रूपमा लेखिएको हुनुपर्दछ । यसमा आन्तरिक र बाह्य वर्णनले स्थान ओगटेको पाइन्छ ।

यसरी विभिन्न विद्वान्हरूका परिभाषा हेर्दा निबन्धकारका विचारहरू निजात्मक वा वस्तुपरक ढङ्गबाट पाठकका सामु प्रस्तुत गर्ने जुन प्रस्तुतिमा लेखकका विचार पाठकलाई मान्न कर गरिएको छ । जसमा आत्म प्रतिपादन, कवितात्मकता, आन्तरिक क्रमबद्धता, विचार, चिन्तन संवेदना आदिको समष्टि रूप अभिप्य भएको हुन्छ त्यो नै वास्तवमा निबन्ध हो । यसमा तार्किकता मौलिकता, कल्पनाको उडान निजी शिल्प आदिका साथै वैज्ञानिक साक्ष्य, प्रमाण खोज आदि कुराले समेत स्थान पाएका हुन्छन् । वास्तवमा निबन्ध भनेको कुनै शीर्षकमा लेखकद्वारा प्रस्तुत निजी धारणाहरूको आन्तरिक शृङ्खलाबद्ध, काल्पनिक तथा वस्तुनिष्ठ तार्किक र निजी शैलीमा व्यक्त अवधारणाको प्रस्तुति हो ।

### ३.१.४ निबन्धको स्वरूप

स्वरूप भन्नाले कुनै पनि विषयलाई पहिचान गराउने तत्त्व भन्ने बुझिन्छ । साहित्यको विविध विधाहरूलाई छुट्याउन सजिलोको लागि स्वरूपको महत्त्व हुन्छ । यसले निबन्ध वा अन्य विधा हो भनेर छुट्याउन सजिलो बनाउँदछ । निबन्धको स्वरूपका लागि विषयलाई प्राथमिकता दिइएको हुन्छ । निबन्ध विधाका प्रयोक्ता मोन्तेनले यसको निजात्मक स्वरूप निश्चित गरे भने त्यसको लगत्तै बेकनले यसको परात्मक स्वरूपको व्याख्या गरे । त्यसपछि अभिव्यक्ति वा शैलीपक्षबाट निबन्धको स्वरूप नियाल्न थालियो । मरे, डब्लु इ. विलियम्स र हड्सन आदिका परिभाषामा निबन्ध स्वरूपको बारेमा स्पष्ट व्याख्या गरेका छन् । निबन्धको आकार-प्रकारका बारेमा हर्वट रीडले दिएको परिभाषा ज्यादै महत्त्वपूर्ण छ- "निबन्धको लम्बाई पैंतिस सय शब्ददेखि पाँच हजार शब्द सम्मको हुनुपर्छ । पैंतीस सय

शब्ददेखि कम भए रेखाचित्र बन्दछ अति पाँचहजार भन्दा बढी भए एउटा सामयिक लेख तयार हुन्छ ।" (शर्मा, २०५३ : १७)

यसरी निबन्धको स्वरूपको चर्चा गर्दा सबै विद्वान्‌हरूको मतमा एकरूपता पाइँदैन । कसैले विषय कसैले अभिव्यक्ति त कसैले आकार-प्रकारलाई प्राथमिकता दिएको पाइन्छ । यी विभिन्न विद्वन्‌हरूले निबन्धलाई जे-जसरी परिभाषित गरे पनि बुँदागतरूपमा निबन्धको स्वरूप यसरी देखाउन सकिन्छ ।

**क) आकारात्मक स्वरूप**

निबन्ध लघु आकारको हुनु पर्दछ । यदि निबन्धले आकारमा व्यापकता पायो भने औपन्यासिक स्वरूप प्राप्त गर्नाका साथै विचारात्मक पक्ष खुकुलिन्छ । निबन्धकार रीडले निबन्ध पाँचहजार शब्द सम्मको आयतनमा मात्र सीमित हुनुपर्छ भन्ने किटान गरेका छन् । छोटो, छरितो तथा कसिलो विचारयुक्त अनि परिष्कृत भाषा र भावयुक्त रचना नै निबन्ध हो ।

**ख) विचारात्मक पक्ष**

निबन्धमा स्रष्टाको आवेग, संवेग र आन्तरिक धारणाको आधिक्यता हुन्छ, जसलाई बौद्धिकताले नियन्त्रण गरेको हुन्छ । स्रष्टाले आफ्ना विचार तर्क, उदाहरण आदि दिएर पाठकलाई मान्न कर गरेको हुन्छ । जुन कुरा साहित्यका अन्य विधामा पाइँदैन । विचारको प्राधान्यता र बुद्धि पक्षको प्रबलता भएका यस खालका निबन्धमा चिन्तनको निजात्मकता हुन्छ र सार्वभौम स्वीकृतिको अवस्था आग्रहमा प्रवाहित हुन्छ (सुवेदी, २०५८ : १०) ।

**ग) वस्तुगतता**

अङ्ग्रेजी साहित्यका सशक्त निबन्धकार फ्रान्सिस बेकनले निबन्धलाई नयाँ बाटो प्रदान गर्दै अब निबन्ध निजीपनबाट बहकिएर परात्मक वा वस्तुपरक स्वरूप समेत ग्रहण गर्न सक्छ भन्ने नव मान्यता स्थापित गरे । जतिबेला निबन्धकार निबन्ध लेख्न थाल्छ त्यसबेला आफूले चयन गरेको शीर्षकलाई वस्तुनिष्ठ रूपमा

तथ्यहरूलाई तथा तथ्याङ्कलाई आधार बनाएर अभिव्यक्त गर्दछ । निबन्धमा भावनावको भूमिका रहन्छ तर वस्तुगत वर्णन गर्दा त्यो अत्यन्तै क्षीण रूपमा देखिने गरी वस्तुपरकता उपस्थित रहँदैन । निबन्धको पहिचानमा अहम् भूमिका खेली स्वरूप निर्धारण गर्ने तत्त्व नै वस्तुपरकता हो ।

**घ) आत्मपरकता**

मोन्तेनभन्दा पूर्व पनि निबन्ध नलेखिएका होइनन् तर तिनको विषयमा परिभाषा गरी यी तत्त्वको उपस्थितिले कुनै रचना निबन्धको कोटीमा सामेल हुन्छ भन्ने कुराको सूचना भने उनीपूर्व थिएन । जब उनले विषय चिना र यसै समयमा आत्मपरकताको कुरा उठाएर एउटा पहिचान आत्म तत्त्व हो भन्ने मान्यता स्थापित गरे । कविता कथा आदिमा पनि आत्मतत्त्वको प्रस्तुति हुन्छ । कवितामा आत्मतत्त्वको प्रबलता भएमा तिलस्मीपूर्ण कथा बन्दछ । यसरी आत्मतत्त्वको प्रयोगमा मौलाउने विधा निबन्ध नै हो । यसरी आत्मपरकतामा आधारित लेख नै निबन्ध हो । एउटै शीर्षकमा दुई निबन्धकारले दुई निबन्ध लेख्दा फरक-फरक निबन्ध तयार हुनुमा आत्मतत्त्वले प्रमुख भूमिका खेलेको हुन्छ । अतः वस्तुको निख्खरोपन साहित्य अथवा निबन्ध होइन त्यहाँ निजात्मक प्रस्तुति हुनु अनिवार्य हुन्छ ।

**ङ) स्रष्टाको प्रवृत्तिको प्रस्तुति**

निबन्धको स्वरूप प्रस्तुतिमा स्रष्टाको प्रवृत्ति, सामाजिक परिवेश आदिले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । जब निबन्धकार कुनै शीर्षक केन्द्रित भएर निबन्धलेख्न थाल्छ त्यसबेला स्वतः उसको प्रवृत्ति झल्कन्छ । शङ्कर लामिछानेले जीवनलाई प्याजसँग तुलना गरेर दार्शनिक प्रवृत्ति प्रस्तुत गर्छन् भने केदारनाथ खनालले दुई धारः एक लहर निबन्ध सङ्ग्रहमा आफ्नो जीवन भोगाइका यात्रा र संस्मरणका विविध अनुभूतिहरूलाई विविध विषयमा आत्मपरक शैलीका माध्यमबाट प्रस्तुत गरेका छन् । यसबाट के देखिन्छ भने स्रष्टाको भोगाइले निर्माण गरेको उसको स्वभाव निबन्धमा नै झल्केको हुन्छ ।

**च) आख्यानरहित गद्यभाषा**

निबन्धको एउटा स्वरूप आख्यानरहित हुनु हो । निबन्धमा बौद्धिकताले मुछिएको कल्पनाको प्रस्तुति हुन्छ । कथा, उपन्यासजस्ता विधामा आख्यान तत्त्वको समावेश हुन्छ भने निबन्धमा कल्पना तत्त्वको बढी समावेश रहेको पाइन्छ । यसै गरी निबन्धमा गद्य भाषाका प्रयोग हुन्छ । निबन्ध जतिसुकै कवितात्मक अलङ्कारमय भए पनि यसले गद्यात्मक अभिलक्षणा छाडेको हुँदैन ।

**छ) परिष्कृत भाषा**

निबन्धले स्रष्टाको विचार तत्त्वलाई लिएको हुन्छ । स्रष्टाको खँदिलो र परिष्कृत विचारलाई अभिव्यक्त गर्नमा भाषाको महत्त्वपूर्ण स्थान हुन्छ । जुन क्षेत्रको विषय छानिएको हुन्छ सोही अनुसारको स्तरीय भाषाको प्रयोग हुनुपर्दछ । साहित्यका अन्य विधाको तुलनामा निबन्ध बौद्धिक र चिन्तनपूर्ण विधा भएकोले भाषिक उचाई पनि त्यसरी नै कायम भएको हुनु पर्दछ । खारिएको र बौद्धिक उचाइ कायम भएको भाषा प्रयोग गरी लेखिएको रचना नै निबन्ध हो ।

वास्तवमा निबन्धको स्वरूप पहिचानको तात्पर्य निबन्ध यही हो भनेर छुट्याउने प्रयास गर्नु हो । निबन्धका ती विशेषता जसले अन्य साहित्यिक विधाबाट यसलाई छुट्याउन सहयोग गरेको हुन्छ । आत्मपरकता वस्तुनिष्ठा, विचारको. असीमितता, बौद्धिक नियन्त्रण, स्रष्टाको प्रवृत्तिको प्रस्तुति आदि निबन्धको स्वरूप पहिचान गर्ने तत्त्व हुन् ।

## ३.१.५ निबन्धका तत्त्वहरू

साहित्य सिर्जना गर्न तथा यसलाई गति दिनका लागि केही आधारहरू चाहिन्छन् । बिना आधार शून्यमा साहित्य कुनै पनि स्रष्टाले सिर्जना गर्न सक्दैन । निबन्धका लागि त्यस्तै आधारभूत तत्त्वहरूको आवश्यकता पर्दछ । जतिबेला स्रष्टा आफ्ना विचारहरू पोख्न वा सिर्जना गर्न थाल्छ, त्यस बेला पोख्ने वस्तु, पोख्नाको उद्देश्य, पोखाइको कला वा ढङ्ग पोख्न प्रयोग गर्ने सीप वा ढाँचा आदि कुरा चाहिन्छ । यिनै कुराहरूलाई निबन्धका तत्त्वका रूपमा लिइन्छ । निबन्ध र आजका निबन्धमा समेत स्थलगत भिन्नता देखिन्छ (ओझा, २०६४ : ९) । निबन्धका तत्त्वका बारेमा विद्वान्हरू वीच मतैक्य भने पाइदैन तर मूलरूपमा निबन्धका तत्त्वहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :

### अ) विषय

निबन्ध एउटा निश्चित आधारमा खडा हुन्छ र त्यही निश्चत आधारमा निबन्धको विषय बन्दछ । विषय निबन्धको पक्षसँग सम्बन्धित हुन्छ । वाकरले भने झैँ निबन्धको विषयगत क्षेत्र निकै विशाल र व्यापक छ । एक कोशीय जीवदेखि लिएर मानिससम्म वा धूलराशिदेखि लिएर आकाशका तारामण्डलसम्म कुनै पनि विषयलाई निबन्धकारले छनौट गर्न सक्छ (शर्मा, २०६३ : २३) । निबन्धकारले लेख्नुपूर्व कुनै न कुनै विषयलाई छनौट गर्दछ र त्यसका बारेमा जानकारी लिन्छ । प्राप्त जानकारीलाई कस्तो तरिकाबाट प्रस्तुत गर्ने भन्ने कुराको छनौट निबन्धकारले गर्दछ । आत्मपरक निबन्धकारले वस्तुको वर्णनसँग निबन्धलाई टुङ्ग्याउन खोज्छ । जेहोस विषयका आधारमा निबन्धको नामाकरण गरिने र विषयविना निबन्ध रचना गर्न नसकिने हुनाले विषय वस्तुलाई निबन्धको प्रमुख तत्त्वको रूपमा मानिन्छ ।

### आ) शैली

जब निबन्धकारले विषयवस्तुका रूपमा लिएको वस्तुलाई निबन्ध लेखनको आरम्भदेखि अन्त्यसम्म व्यवस्थित ढङ्गले प्रस्तुत गरेर सङ्गठित रूपमा स्थापित गर्ने कलालाई शैली भनिन्छ (शर्मा, २०६३ : २३) । शैली निबन्धमा स्रष्टाको आत्मपरक, निजात्मक, वैयक्तिक रागका अनुभूतिको संवाहकका रूपमा उपस्थित हुन्छ । वर्णनात्मक, हास्यव्याङ्ग्यात्मक, तार्किक, विवरणात्मक, आलङ्करिक आदि रूपमा निबन्धको शैलीको प्रस्तुतीकरण भएको पाइन्छ ।

### इ) दृष्टिबिन्दु

निबन्धकारको भाव विचार र अनुभूतिलाई पाठक समक्ष प्रस्तुत गर्ने पद्धतिलाई दृष्टिबिन्दु भनिन्छ । यो स्रष्टाका अनुभव, अनुभूति वा चिन्तनलाई अभिव्यक्त गर्ने सूक्ष्म प्रक्रिया हो । निबन्ध लेख्ने क्रममा प्रथम पुरुष र तृतीय पुरुष दृष्टिबिन्दु दुवैको प्रयोग गरिएको हुन्छ । प्रथमपुरुष दृष्टिबिन्दुमा निबन्धकारले आफ्ना वैयक्तिक भाव वा स्वयम्को अभिव्यक्ति दिएको हुन्छ भने तृतीय पुरुष दृष्टिबिन्दुमा रचना गरिका निबन्धमा निबन्धकारले कुनै विषय घटना सन्दर्भको वर्णनका माध्यमबाट भाव वा विचारको अभिव्यक्ति दिन्छ (ओझा, २०६४ : १२) । यी दुवै दृष्टिबिन्दु निबन्ध रचनाका वैकल्पिक पद्धति भएकाले दृष्टिबिन्दुलाई निबन्धको महत्त्वपूर्ण तत्त्वको रूपमा मानिन्छ ।

### ई) अन्विति

निबन्धमा व्यक्त विकीर्ण वस्तुलाई एकबद्ध गर्ने प्रविधि अन्विति हो (सुवेदी, २०५८ : १९) । यसले निबन्धमा व्यक्त रागात्मक संवेगलाई शृङ्खलित गरेको हुन्छ । विषयका विघटक पक्षहरूलाई अन्वितीकरण गर्ने तत्त्व स्रष्टाको रागात्मक संवेग हो । निबन्धकारका सृजनात्मक चेतनालाई सङ्गठित बनाउने यस संवेग सङ्घटक र विघटक जुनसुकै पक्षहरू पउन तार्किक आधारमा अन्वितीकरण हुन सक्तछन् त्यसैले निबन्ध स्रष्टाको रागात्मक तन्तुहरू आदिदेखि अन्त्यसम्म प्रवाहित हुन्छ (सुवेदी, २०५७ : ८) ।

### उ) उद्देश्य

कुनै पनि साहित्यिक विधा सृजनाको उद्देश्य अनिवार्य हुन्छ । कुनै पनि काम गर्न निर्दिष्ट उद्देश्य वा प्रयोजन रहेको हुन्छ । स्वान्तः सुख नै साहित्य रचनाको प्रमुन उद्देश्य वा प्रयोजन रहिआएको छ । यश, अर्थ आदि यसका गौण उद्देश्य हुन् (शर्मा, २०६३ : २२) । लेखकको मनमा कुनै पनि विषयमाथि उठेका भावको प्रस्तुति गर्नु तथा निर्धारित विषयमा जानकारी दिनु नै निबन्धको उद्देश्य हो । निबन्ध लेखनका उद्देश्यहरू जानकारी उपलब्ध गराउने स्व को प्रकाशन गर्ने, छरिएका चिन्तन र अनुभवलाई शृङ्खलित गर्ने, घटनाको सिलसिलेवार वर्णन गर्ने जस्ता कार्य रहेका हुन्छन् ।

## ३.१.६ निबन्धको वर्गीकरण


साहित्यका अन्य विधामध्ये निबन्ध सबैभन्दा कान्छो विधा हो । विषय वस्तु र भावशैलीको विविधता तथा रचनात्मक अनेकताको कारण निबन्ध जटिल बन्न पुगेको छ जुन यसको वर्गीकरणका लागि कुनै निश्चित आधार भेटाउन कठिन छ । यसको वर्गीकरण गर्न अन्य साहित्यिक विधा जस्तो सजिलो छैन । विभिन्न विद्वान्हरूले विभिन्न समयमा यसको वर्गीकरणका सम्बन्धमा आ-आफ्ना विचार व्यक्त गरेको पाइन्छ । निबन्ध विधाका पहिलो सर्जक मोन्तेनले यसलाई निजात्मक एवं आत्मपरक भनेका छन् । भने त्यस्तै अर्का विद्वान् फ्रान्सिस बेकनले परात्मक वा वस्तुपरक भनेर निबन्धको वर्गीकरणको परम्परा बसालेका हुन् । यसरी यी दुई विद्वान्हरूबाट सुरु भएको निबन्धको वर्गीकरण कार्यलाई अन्य विद्वान्हरूले पनि निरन्तरता दिँदै आ-आफ्नै धारणा व्यक्त गरेका छन् ।

ईश्वर बरालले निबन्धको सृष्टि स्थायिताको मानसिकता, विचार र भावप्रवणता आदिका आधारमा हुन्छ भन्ने विचार व्यक्त गर्दै निबन्धका असली प्रकार निजात्मक र परात्मक हुन्छन् । त्यसमा पनि निजात्मकलाई निबन्ध र परात्मकतालाई प्रबन्ध भन्नु उपयुक्त हुन्छ भन्ने धारणा राखेका छन् (बराल, २०६४ : ३६) ।

बालकृष्ण पोखरेलले निबन्धलाई जमर्को भनेका छन् । उनले निबन्धको वर्गीकरण गर्ने सन्दर्भमा विषयवस्तुलाई प्रमुख खाधार बनाएका छन् । यस क्रममा उनले प्रबन्ध र जमर्को गरी गद्य रचनाका दुई भेद गर्दै जमर्को, धर्को चित्र, नियात्रा, निबन्ध र आत्मिका गरी चार भेद देखाएका छन् (पोखेल, २०२७ : ९) ।

तारानाथ शर्माले आत्मपरक रचनालाई मात्र निबन्ध मान्दछन् उनले निबन्धलाई आत्मपरक र वस्तुपरक गरी दुई भागमा बाँड्न सकिन्छ भन्दै लेखकका आफ्नै अनुभव र भावनामा आधारित रचना आत्मपरक र विषयका सम्बन्धमा निजी भावना र प्रतिक्रिया नदेखाइ तथ्य र वास्तविकताको टिपोट गरिएको लेख प्रबन्ध भन्ने धारणा राखेका छन् (शर्मा, २०५२ : १३) ।

माथि उल्लेखित विभिन्न किसिमले निबन्धको वर्गीकरण गरिएको भए तापनि परम्परित रूपमा र समसामयिक रूपमा गरी दुई रूपमा निबन्धको वर्गीकरणलाई निम्न अनुसार आरेखमा राख्न सकिन्छ :



### ३.१.६.१ परम्परित वर्गीकरण

निबन्धको परम्परित वर्गीकरणका आधारहरू दुईवटा छन् :

अ) विषयका आधारमा

आ) अभिव्यक्तिका आधारमा

विषयका आधारमा पनि दुई भागमा वर्गीकरण गरिएको छ :

क) विषयनिष्ठ/परात्मकरक/वस्तुपरक निबन्ध

ख) विषयीनिष्ठ/निजात्मक/आत्मपरक निबन्ध ।

**क) विषयनिष्ठ/परात्मक/वस्तुपरक निबन्ध**

परात्मक निबन्धको सम्बन्ध विषयवस्तुसँग बढी हुन्छ जसले निबन्धलाई वस्तुपरक वा विषयपरक निबन्ध पनि भनिन्छ । परात्मक निबन्ध विषयप्रधान निबन्ध हो । यसको विषयवस्तु, इतिहास, दर्शन, भ्रमण, विज्ञान, साहित्य प्रकृति आदि हुन सक्छ (शर्मा, २०५२ : २४) । यसमा व्यक्ति गौण र विषय प्रधान हुन्छ । परात्मक निबन्धमा निजानुभूतिको वास्ता नगरी पद वा वस्तु सत्यको यथार्थ चित्र प्रस्तुत गर्नु निबन्धकारको मूल लक्ष्य हुन्छ । यस्ता निबन्धमा तर्क विचार समस्या तथा समाधान जस्ता पक्ष पनि हुन्छन् ।

**ख) विषयीनिष्ठ/निजात्मक/आत्मपरक निबन्ध**

विषयीनिष्ठ निबन्धलाई निजात्मक, आत्मपरक, व्यक्तिप्रधान र वैयक्तिक निबन्ध पनि भनिन्छ । यस किसिमको निबन्धमा व्यक्तिको मुख्य स्थान रहने गर्दछ । यसमा बाह्य विषयहरू निबन्धकारको व्यक्तित्व प्रदर्शन र अभिव्यक्तिको जति बढी स्वच्छन्द हुन्छ त्यति नै यो उत्कृष्ट, बन्दछ त्यसैले अनौपचारिकता र आत्मकेन्द्रिकता निजात्मक निबन्धका गुण हुन् । यस्ता निबन्धमा विषय वस्तुको भाव र विचारको पूर्ण सन्तुलन रहनाका साथै संवेदनात्मक स्थिति र संवेगात्मक अभिव्यक्ति हुन्छ (थापा, २०५० : १९१) । निजात्मक निबन्धमा पाठकलाई आफ्नो जीवन यात्रामा पुऱ्याएर लेखकले आफ्ना तीता-मीठा अनुभव र गुनासाहरू पोख्तै त्यसबाट नीजको सम्पर्क स्थापित गर्न प्रयत्न गर्दछ (शर्मा, २०५२ : २५) । यसरी निबन्धमा प्रकट गरिने हुँदा निजात्मक निबन्धलाई भावात्मक, विचारात्मक र वैयक्तिक गरी तीन भागमा विभाजन गर्न सकिन्छ ।

### आ) अभिव्यक्तिको आधारमा

अभिव्यक्तिको आधारमा निबन्धलाई वर्णनात्मक, विवरणात्मक, विचारात्मक र भावात्मक गरी चार भागमा विभाजन गरिएको पाइन्छ (शर्मा, २०५२ : २५) ।

क) वर्णनात्मक

ख) विवरणात्मक

ग) विचारात्मक

घ) भावात्मक निबन्ध

### क) वर्णनात्मक निबन्ध

वर्णन प्रधान भएको निबन्धलाई  वर्णनात्मक निबन्ध भनिन्छ । यसमा कुनै पनि वस्तु प्रकृति, घटना, स्थान, जातिविशेष आदि विषयको यथार्थतथ्य, साङ्गोपाङ्गो वर्णन गरिएको हुन्छ । यसमा विषयवस्तुको बाह्य पक्षको यथार्थ चित्रण गर्ने पद्दति भए तापनि यस्ता लेखमा सूक्ष्म निरीक्षणको अपेक्षा गरिएको हुन्छ । निबन्धकारको विषयगत सचेतता सूक्ष्म निरीक्षण र वर्ण्यविषयलाई मौलिकताको जलप लगाएर वर्णन गर्न सक्ने क्षमता अनिवार्य हुन्छ । तर यसमा भावनामा बगेर विषयभन्दा टाढा निबन्धकार जान सक्दैन । साथै निबन्धकारलाई वर्ण्यविषयबारे साङ्गोपाङ्ग जानकारी हुनु पर्दछ ।

### ख) विवरणात्मक निबन्ध

कुनै घटना वा वृत्तान्तको वर्णन गरिएको विवरण प्रधान निबन्धलाई विवरणात्मक निबन्ध भनिन्छ । विवरणात्मक निबन्धको विषय कुनै पनि साहित्यिक कार्य र घटना तथा अविस्मरणीय यात्रा हुन सक्छ । निबन्धमा घटनाको क्रमबद्ध वर्णन र निबन्धकारको आत्मीयता हुनु अनिवार्य मानिन्छ । वर्णनात्मक निबन्धमा प्रायः प्राचीन एवं आधुनिक सत्य, काल्पनिक तथा अतीतकालीन घटना युद्ध, यात्रा, शासनप्रणाली, जीवनी, कुनै जातिविशेषको रीति थिति, ऐतिहासिक तथा पौराणिक आख्यानको समावेश गरिन्छ (उपाध्याय, २०६९ : १६९) ।

**ग) विचारात्मक निबन्ध**

विचारात्मक निबन्धमा बुद्धि तथा विचारको प्रबलता हुन्छ । यसमा भावना र कल्पना तत्त्व कम हुन्छ । कला, काव्य, राजनीति धर्म दर्शन, विज्ञान, शिक्षा, समाजशास्त्र, मनोविज्ञान जस्ता विषयहरूको प्रवेश विचारात्मक निबन्धमा पाइन्छ । विषयका दृष्टिले यस्ता निबन्धमा गूढ-गम्भीर विषयमा पनि लेखकले आफ्नो दृष्टिकोण वा विचार तर्कसम्मत ढङ्गले प्रस्तुत गर्न सक्दछ । चिन्तन र विचारको सम्बन्ध मष्तिष्कसँग हुन्छ । बुद्धिपक्ष बढी सक्रिय हुनु विचारात्मक निबन्धको विशेषता हो । यस्ता निबन्धमा निबन्धकारको मौलिकता हुनु पर्दछ । त्यसै गरी शैलीका दृष्टिले पनि सुगठित र नियन्त्रित किसिमले लेखिएको हुनु पर्दछ ।

**घ) भावात्मक निबन्ध**

विचार र वैयक्तिक अभिव्यक्तिमा भन्दा भाव पक्ष बढी भएको निबन्ध भावात्मक निबन्ध हो । यसमा हृदयको आग्रह हुन्छ । भावात्मक निबन्धमा जीवन भोगाईका आशा-निराशा, प्रेम, करुणा, परोपकार, देशभक्ति जस्ता विषयवस्तुलाई संवेदनात्मक, तुल्याई सरस आलङ्कारिक पदावलीमा प्रस्तुत गरिन्छ । यसमा तर्क-वितर्कको कुनै स्थान हुँदैन । हृदयका उदात्त अनुभूतिहरू तीव्र भावना र चरम भावुकता भावात्मक निबन्धमा पाइन्छ । यस्ता निबन्धमा भावपछि कल्पना र कल्पना पछि विचार तत्त्व प्रस्तुत गरिन्छ । भावात्मक निबन्धमा हार्दिकता, संवेदनशीलता र सौकुमार्यको प्रयोग गरिएको हुन्छ (शर्मा, २०५२ : २७) । यस्ता निबन्धमा कल्पनामा डुबेर निजी अनुभूति र कल्पना प्रकट गरिएका हुन्छन् । यसमा भाव प्रबलता रहने हुनाले यसलाई पद्य वा गद्य काव्य पनि भनिन्छ ।

## ३.१.६.२ समसामयिक वर्गीकरण

निबन्ध गद्य लेखनको स्वतन्त्र प्रक्रिया हुनाले यसमा नयाँ-नयाँ प्रयोग भइरहेका हुन्छन् । समयको विकास सँग-सँगै निबन्धमा पनि नयाँ नयाँ विद्वान्हरूको प्रवेश भएको छ । यसले गर्दा निबन्धले विकासका मोडहरू प्राप्त गरेको छ । नेपाली साहित्य जगत्का विद्वान् समालोचक मोहनराज शर्माले समसामयिक रूपमा निबन्धको, वर्गीकरण गरेका छन् ।

उनका अनुसार निबन्ध वर्णनात्मक, विवरणात्मक, तार्किक र आख्यानात्मक गरी चार प्रकारका हुन्छन् ।

**क) वर्णनात्मक**

कुनै विषयका बारेमा नालीवेली छुट्याएर त्यसको वास्तविक रूप अगाडि राखिदिनु अनि कुनै वस्तु तथ्यबारे लेखकले वस्तुपरक दृष्टिमा पाठकसामु हस्तान्तरण गरिदिनु वर्णनात्मक निबन्धका विशेषता हुन् । वर्णनका क्रममा कुनै वस्तुलाई अर्थदेखि इतिहाससम्म पूरै समेट्न नसकिएला अथवा लघु आकारको निबन्धले त्यो पूरै खुट्टाउन नसक्ला तर रेखाचित्रले कुनै आकारको अवगत गराए जस्तै वर्णनात्मक निबन्धमा वस्तु स्थितिको समन्वित बोध गराउने काम गरिन्छ ।

**ख) विवरणात्मक**

कुनै विषय, घटना वा प्रसङ्गको विवरण वा कृतिका रूपमा लेखिएको निबन्धलाई विवरणात्मक निबन्ध भनिन्छ । यस्तो निबन्धमा घटनाको क्रमबद्ध र निबन्धकारको आत्मीयता हुनु अनिवार्य मानिन्छ । यसमा विषयको प्रतिपादन सूचनात्मक, परिचयात्मक, व्याख्यात्मक, स्पष्टीकरणात्मक ढङ्गमा गरिन्छ ।

**ग) तार्किक निबन्ध**

कुनै विषय वा प्रसङ्ग सन्दर्भमा विशिष्ट खालको तर्कहरू प्रस्तुत गरी लेखिएको निबन्ध नै तार्किक निबन्ध हो । यस्ता खालका निबन्धमा निबन्धकारले आफ्नो विचार ठीक अरूको विचार बेठीक भनेर तर्क प्रस्तुत गर्दछ । यस्ता निबन्धहरूले अरूका विचारलाई वास्ता गर्दछन् ।

**घ) आख्यानात्मक निबन्ध**

आख्यान समावेश गरेर लेखिएको निबन्धलाई आख्यानात्मक निबन्ध भनिन्छ । यसमा वस्तविक वा काल्पनिक घटनाको वर्णन कालक्रमिक रूपमा गरिन्छ । यस्ता निबन्धमा घटनाको प्रधानता रहन्छ र घटनाको वर्णनबाट विषयको विस्तार गरिन्छ । यस्ता निबन्धहरू ज्ञानवर्द्धक हुन्छन् ।

## ३.२ नेपाली निबन्धको ऐतिहासिक विकासक्रम र काल विभाजन

निबन्ध गद्यमा लेखिने साहित्यिक विधा हो । यो गद्यको सबैभन्दा परिष्कृत, परिमार्जित र विकसित रूप समेत हो । प्राचीन नेपाली भाषाको प्रारम्भकाल विक्रमको एघारौँ शताब्दीलाई मानिएको छ । त्यसैले निबन्धको विकासक्रमको आधारशिला निर्माणको मूल आधार पनि प्रारम्भिक अभिलेख र ग्रन्थलाई लिन सकिन्छ । यस क्रममा प्रारम्भिक अभिलेख, औषधिमूलो, ज्योतिष, आचाविचार, नीतिशास्त्र र अन्य व्यवहारिक विषयका ग्रन्थ हुँदै आगाडि बढेको नेपाली गद्य परम्परामा नेपाली निबन्धलाई समेत वर्तमान अवस्थासम्म ल्याई पुऱ्याउने महत्त्वपूर्ण भूमिका रहेको छ । यस्ता प्रारम्भिक ग्रन्थहरूमा निबन्धात्मक अभिलक्षण भने पाइँदैन तथापि निबन्धको पूर्वाधारका रूपमा भने यी ग्रन्थहरूको महत्त्वपूर्ण योगदान रहेको पाइन्छ । नेपाली निबन्धको विकासक्रमका सम्बन्धमा आजसम्मको खोजबाट प्राप्त तथ्य अनुसार वि.सं. १८३१ मा लेखिएको पृथ्वीनारायण शाहको दिव्योपदेशलाई विधागत वर्गीकरणका आधार नबने पनि साहित्यिक बीज भूमि भएको प्रारम्भिक कृतिका रूपमा लिन सकिन्छ । यस गद्य कृतिले नेपाली साहित्यको इतिहासमा समेत नवीन आयाम थप्ने काम गरेको छ । नेपालको एकीकरणका सन्दर्भमा राजा पृथ्वीनारायण शाहले आफ्ना भाइ भारदार तथा देशवासी जनताका लागि दिएको उपदेशका नाममा **दिव्योपदेश** पहिलो निबन्धात्मक कृतिका रूपमा उल्लेखनीय रहेको देखिन्छ । यसरी वि.सं. १८३१ बाट प्रारम्भ भएको नेपाली निबन्धको विकासलाई विभिन्न विद्वान्‌हरूले आआफ्नै दृष्टिकोणले विभिन्न चरणमा विभाजन गर्ने काम गरेका छन् । त्यसैले निबन्धको कालविभाजनका क्रममा समेत मतैक्य रहेको पाइँदैन । साहित्यिक मूल्य र कलात्मक अभिव्यञ्जनाको संयोजन पाइने दिव्योपदेशलाई नै आधार मानेर डा. दयाराम श्रेष्ठ र मोहनराज शर्माले नेपाली निबन्धको विकासक्रमलाई तीन कालमा यसरी विभाजन गरेको पाइन्छ (श्रेष्ठ र शर्मा, २०६९ : १२२) ।

पृष्ठभूमि काल/प्रारम्भिक काल (वि.सं. १८३१-१९५७)

निर्माण काल/ माध्यमिक काल (वि.सं. १९५८-१९९१)

विकास काल/आधुनिक काल (वि.सं. १९९१-हालसम्म)

### ३.२.१ पृष्ठभूमि काल/ प्रारम्भिक काल (वि.सं. १९९२-१९५७)

वि.सं. १८३१ मा लेखिएको पृथ्वीनारायण शाहको **दिव्योपदेश**देखि गोरखापत्र प्रकाशन पूर्वको समयलाई नेपाली निबन्धको पृष्ठभूमि वा प्रारम्भिक काल भनेर चिनिन्छ । विचारको

प्रस्तुति र आन्तरिक सङ्गठनका दृष्टिले ऐतिहासिक महत्त्व राख्ने दिव्योपदेशमा निजात्मक वैचारिक ज्ञान र अनुभवको सङ्गम रहेको पाइन्छ । यसै आधारमा यसलाई केही मात्रामा भए पनि निबन्धको बीज भएको पहिलो रचनाको रूपमा लिइएको छ । यसपछिका अन्य उल्लेख योग्य रचनाहरूमा रामभद्र पाध्या रेग्मीको **लक्ष्मी धर्मसंवाद** (१८५१) वाणिविलास पाँडेको **वाग्मतीपुल स्तम्भ अभिलेख** (१८६८), दैवज्ञज्योति नृसिंहको **तुलसीस्तव** (१८६६) लाई नेपाली गद्यको सुन्दर नमुना मान्न सकिन्छ त्यस्तै दैवज्ञकेशरी अर्यालको **गोरक्षयोग शास्त्र** (१८७७), यदुनाथ उपाध्यायको **रतिकोष सागर** (१८८५), ललित त्रिपुरासुन्दरीको **राजधर्म** (१८८८ पूर्व) सुन्दरानन्द पाँडेको **त्रिरत्न सौन्दर्य गाथा** (१८९९ तिर) आदिमा आख्यानेतर गद्यमा भएको विविध शैलीको प्रयोग पाइन्छ ।

त्यसै गरी यस कालमा आध्यात्मिक विषयवस्तुको प्रयोग गरी लेखिएको अन्य ग्रन्थहरूमा अम्बरगीरका **ब्रह्मयज्ञ उपनिषद्** (१८९१) र **योगवाशिष्ठसार** (१९१२), भवानीदत्त पाँडेको **आत्मबोध** (१८९३ पूर्व), रघुविरसिंहको **शान्तिशतक** (१९०९) आदिलाई लिन सकिन्छ साहित्यिक मूल्यका दृष्टिले भने दिव्योपदेश पछिका महत्त्वपूर्ण कृतिहरूमा बेनामी **जङ्गबहादुरको बेलायत यात्रा** (१९१०), मोतीराम भट्टको **कवि भानुभक्तको जीवन चरित्र** आदिलाई लिन सकिन्छ । नियत्रात्मक निबन्धको पहिलो रचना र ज्ञानमा आधारित वैचारिक ज्ञान दिने गद्यात्मक रचनाका रूपमा **जङ्गबहादुरको बेलायत यात्रा** र **भानुभक्तको जीवन चरित्र**लाई लिन सकिन्छ । यसरी नेपाली निबन्धका प्रारम्भिक कालमा धार्मिक, नैतिक, औपदेशिक यात्रापरक, जीवनीमूलक विषयवस्तु बढी पाइनु र निजात्मक अभिव्यक्तिको मात्रा देखिन्छ तापनि नेपाली निबध यस अवधिका निबन्धहरूमा निबन्धका तत्त्व पाइनाले यसलाई नेपाली निबन्धको पृष्ठभूमिकाल वा बीजकालका रूपमा भाग राख्न सकिन्छ । यिनले माध्यमिक कालमा पनि निबन्धको थालनीका निम्ति पृष्ठाधार तयार गरेका छन् ।

### ३.२.२ निर्माण काल/माध्यमिक काल (वि.सं. १९५८-१९९१)

वि.सं. १९५८ मा काठमाडौंबाट प्रकाशित **गोरखापत्र**को प्रकाशनपछि शारदा पत्रिकाको प्रकाशनपूर्वको समयलाई नेपाली निबन्धको माध्यमिक कालका रूपमा लिन सकिन्छ । गोरखापत्रको प्रकाशनपूर्वको **गोर्खभारत जीवन** (१९४३) र **सुधासागर** (१९५५) प्रतिहरू अप्राप्त भएकोले नै गोरखापत्रको प्रकाशनपछि वैचारिक स्वतन्त्रताका कारण नेपाली गद्य पत्रपत्रिकासँग सम्बद्ध भएर देखापर्न थाल्यो । यसपछि नै नेपाली निबन्धका इतिहासमा

निर्माणकालको निरूपण भएको हो । **गोरखापत्र**मा व्यावहारिक जीवनमा उपयोगी हुने नैतिकताले पूर्ण विभिन्न विषयका निबन्धहरू प्रकाशित भएकाले नेपाली निबन्धको परमपराको थालनी गर्नमा यस कालको महत्त्वपूर्ण स्थान रहेको छ । यस्ता साहित्यिक मूल्य भएका बेनामी लेखहरूमा **अधिमूर्खपछि बुद्धिमान्** (१९५९), **नैराश्यं परमं सुखम्** (१९५९), **वसन्तवर्णनम्** (१९६१), **शिक्षोपदेश** (१९६६), **मातृभाषाको उन्नति** (१९६६), **मनको नाप** (१९७०), शम्भुप्रसाद ढुङ्गेलका **समय** (१९७६), **प्रभात** (१९७६), **हर्दम याद राख्नुपर्ने कुरा** (१९७६) र **कविताको फल** (१९८२) आदि यस पत्रिकामा प्रकाशित भएको पाइन्छ । यसले गर्दा नेपाली निबन्धको प्रारम्भिक रूपरेखा निर्माण भएको हो ।

यसपछि नेपाली निबन्धको विकासका क्रममा प्रवासबाट प्रकाशित **सुन्दरी** (१९६३), **माधवी** (१९६५), **चन्द्र** (१९७१), **जन्मभूमि** (१९७९), **गोर्खासंसार** (१९८२), **नेपाली साहित्य सम्मेलन** (१९८९) आदि पत्रपत्रिकाहरूको समेत महत्त्वपूर्ण योगदान रहेको छ । सुन्दरीमा प्रकाशित 'बेसरी' (१९६३-१९६५) लाई उत्कृष्ट निबन्ध मान्न सकिन्छ (श्रेष्ठ र शर्मा, २०६९ : १२४) । त्यस्तै निबन्ध रचनाको आधारभूमि वि.सं. १९६५ मा प्रकाशित **माधवी** पत्रिकाले तयार गरिदिएको छ भने वि.सं. १९७५ मा प्रकाशन भएको **चन्द्रिका** पत्रिकामा शम्भुप्रसाद ढुङ्गेलका 'महेन्द्र मल्ली', प्रेम आदि निबन्ध समेत प्रकाशित भए । **चन्द्रिका**मा प्रकाशित ढुङ्गेलका 'महेन्द्र मल्ली' र 'जुनकिरी' दुई सर्वथा मौलिक निबन्ध हुन् भनेर ईश्वर बरालले **सयपत्री** निबन्धसङ्ग्रहमा उल्लेख गरेका छन् तर रामलाल अधिकारीले यी दुई निबन्ध ढुङ्गेलको रचना नभएको कुरा उल्लेख गर्दै यस कुराको प्रतिवाद गरेका छन् । जेहोस् उनका निबन्धमा उत्कृष्ट गद्यशैलीको प्रयोग पाइन्छ भन्ने उल्लेख गरिएकाले यस निबन्धले नौलो प्रवृत्ति थपेको मान्न सकिन्छ ।

**चन्द्रिका**पछि वनारसबाट **जन्मभूमि** (१९७९), देहरादूनबाट **गोर्खा संसार** (१९८३), एवम् दार्जिलिङबाट **नेपाली साहित्य सम्मेलन** (१९८९) जस्ता पत्रिकाहरू प्रकाशित भए । यीमध्ये जन्मभूमिमा प्रकाशित सूर्यविक्रम ज्ञवाली, कृष्णप्रसाद कोइराला, धरणीधर कोइराला, रामचन्द्र अधिकारी आदिका विचारात्मक र भावात्मक निबन्धहरू **गोर्खासंसार**मा प्रकाशित विद्यावती नाहान, मानवीर रसाइली एवम् हर्षबहादर राई आदिका समाज र जातिको सुधार तथा राजनैतिक चेतनाका व्यङ्ग्यात्मक, भावात्मक, विचारात्मक निबन्धहरू एवम् नेपाली साहित्य सम्मेलनमा प्रकाशित सूर्यविक्रम ज्ञावाली, पारसमणि प्रधान, धरणीधर कोइराला आदिका साहित्य सेवामा चरित्रसुधार र नैतिकता सम्बन्धी बौद्धिक ओजयुक्त निबन्धहरू

महत्त्वपूर्ण छन् । यस कालमा आएर नै नेपाली निबन्धले विधागत स्वरूपलाई स्पष्ट पार्ने अवसरसमेत पाएको हो । **गोर्खा संसार**मा समाज र जातिको सुधार गर्ने विषययुक्त निबन्धहरू प्रकाशित भए जस्तै वेदनिधि शर्माको *जातिय रोगको अचूक औषधि* (१९८६) हैकमसिंह राइको *गोर्खा समाज सुधारको आवश्यकता* (१९८६) आदि । खड्गबहादुर क्षेत्रीको *हाम्रो देश औ जातिको वर्तमान अवस्था* (१९८६), विद्यावतीको *उन्नतिको आवश्यक अङ्ग* (१९८६) आदि । दार्जिलिङ्बाट प्रकाशित भएको **नेपाली साहित्य सम्मेलन** पत्रिकामा त्यहाँका पठितहरूका बौद्धिक ओजयुक्त निबन्धहरू प्रकाशित भए ।

निर्माणकालमा **चन्द्रिका** पत्रिकाबाट नेपाली निबन्धमा आधुनिकताको सङ्क्रमण हुन थालेको देखिन्छ । जसको अरू स्पष्ट आभाष **नेपाली साहित्य सम्मेलन** पत्रिकामा प्रकाशित निबन्धहरूमा पाइन्छ ।

## २.२.३ विकास काल/आधुनिक काल (वि.सं. १९९२)

नेपाली साहित्यकोआदिकाल र मध्यकालमा निबन्ध साहित्यको सर्वथा अभाव जत्तिकै थियो । **शारदा** मासिक पत्रिका चलेपछि नै निबन्ध साहित्यको श्रीगणेश भयो (जोशी, २०३९ : २९२) । यस कालमा आएर नै नेपाली साहित्यले आफ्नो विधागत स्वरूपलाई स्पष्ट पार्ने अवसर पाएको हो । साहित्यको अन्य विधा जस्तै नेपाली निबन्ध विधामा पनि आधुनिकताको थालनी वि.सं. १९९० को दशकमा **शारदा** पत्रिकाबाट नै भएको हो । **शारदा**मा प्रकाशित देवकोटाको पहिलो निबन्ध *आषाढको पन्ध्र* (१९९३) नै पहिलो आधुनिक निबन्ध हो (श्रेष्ठ र शर्मा, २०६९ : १२६) । यस निबन्धको प्रकाशन पछि प्रारम्भ भएको आधुनिक नेपाली निबन्धको विकास क्रमलाई निम्नलिखित चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ :

### क) प्रथम चरण

वि.सं. १९९३ मा **शारदा** पत्रिकामा प्रकाशित लक्ष्मीप्रसाद देवकोटाको *आषाढको पन्ध्र* निबन्धबाट नेपाली निबन्धका क्षेत्रमा आधुनिक कालको थालनी भएको हो । त्यसैले वि.सं. १९९२ देखि २००३ साल अथवा **युगवाणी** पत्रिकाको प्रकाशन (२००४) पूर्वको अवधिलाई आधुनिक नेपाली निबन्धको प्रथम चरणका रूपमा लिन सकिन्छ । यस अवधिका केन्द्रीय प्रतिभा लक्ष्मीप्रसाद देवकोटा हुन् । देवकोटाले पाश्चात्य ढङ्गले पूर्ण निजात्मकता अङ्गाली शैली र सुधारको

भावनालाई सुक्तिमय ढङ्गले लिपिबद्ध गर्ने मध्य युगीन प्रवृत्तिको अन्त्य गरेकाले नेपाली निबन्धका क्षेमा उनी प्रथम आधुनिक निबन्धकार बन्न पुगेका छन् । तथापि देवकोटा प्रथम आधुनिक निबन्धकार हुन् भन्ने विषयमा पनि विवाद नपाइने भने होइन । कतिपय समालोचकहरूले **शारदा** (१९९१) मा प्रकाशित बालकृष्ण समको 'बर्दहामा शिकार'लाई आधार मानेर उनलाई प्रथम आधुनिक नेपाली निबन्धकार मानेका छन् तर त्यो रचना निबन्धकार नभएर कथा हो (श्रेष्ठ र शर्मा, २०६९ : १२९) । त्यसैले **शारदा** पत्रिकामा प्रकाशित देवकोटाको *आषाढ पन्ध्र* नै पहिलो आधुनिक निबन्ध हो र उनी नै प्रथम आधुनिक आत्मपरक निबन्धकार हुन् भन्न सकिन्छ । यस चरणमा देवकोटाको *पहाडी जीवन* (१९९२) आदि निबन्धहरू प्रकाशित भएका छन् भने अर्का सशक्त निबन्धकार बालकृष्ण समका *आत्मविश्वास, त्यो, पानी* आदि निबन्धहरू समेत प्रकाशित हुँदै गए । समलाई दार्शनिक तार्किक, विचारमूलक एवम् वस्तुपरक निबन्धकारका रूपमा लिन सकिन्छ । त्यसैगरी निबन्धका क्षेत्रमा कलम चलाउने यस चरणका अन्य निबन्धकारहरूमा बोधविक्रम अधिकारी, प्रेमराज शर्मा, बाबुराम आचार्य, भीमनिधि तिवारी, यदुनाथ खनाल, नरेन्द्रमणि आ.दी., रामकृष्णा शर्मा, हृदयचन्द्रसिंह प्रधान आदि उल्लेख्य हुन् । त्यस्तै नेपाल बाहिर रहेर पनि नेपाली निबन्ध लेखेर सूर्यविक्रम ज्ञावली, पारसमणि प्रधान, रूपनारायण सिंह, धरणीधर कोइराला आदिले नेपाली निबन्धको विकासमा महत्त्वपर्ण योगदान पुऱ्याएका छन् । यस विधाको विकासमा शारदा र त्यसपछिका उद्योग, उदय, नेबुला परिवर्तन, खोजी पत्रिकाहरूले समेत महत्त्वपूर्ण योगदान दिएको पाइन्छ (श्रेष्ठ र शर्मा, २०६९ : १२७) ।

नेपाली निबन्धको विकास क्रमलाई हेर्दा उपर्युक्त निबन्धकारहरूमध्ये देवकोटा यस चरणका र नेपाली निबन्धकै केन्द्रीय प्रतिभाका रूपमा देखिन आउँछन् । यस अवधिमा देवकोटाको **लक्ष्मी निबन्धसङ्ग्रह** (२००२), अङ्ग्रेजी निबन्धको अनूदित कृति **प्रसिद्ध प्रबन्धसङ्ग्रह** र २०३७ सालपछि प्रकाशित **दाडिमको रुखनेर** निबन्धसङ्ग्रह समेत उनका महत्त्वपूर्ण प्राप्ति हुन् । त्यसै गरी अन्य कृतिहरूमा **नेपाली गद्यसङ्ग्रह** (भाग-२), हृदयचन्द्रसिंह प्रधानको **भूस्वर्ग** (२००३) भेषराज शर्माको **के-कस्तो ?** (२००३) आदि निबन्धसङ्ग्रह प्रकाशित भएको पाइन्छ । त्यसैले यस अवधिलाई नेपाली निबन्धको स्वर्णयुग मान्न सकिन्छ । यस चरणका

निबन्धमा मूलभूत रूपमा तीनवटा प्रवृत्तिहरू देखा परेका छन् (सुवेदी, २०५७ : ८) । ती प्रवृत्तिहरूमध्ये पहिलो प्रवृत्ति हो - देवकोटाबाट प्रारम्भ भएको स्वच्छन्दतावाद, दोस्रो प्रवृत्ति हो - समबाट भएको शास्त्रीयतावाद र तेस्रो हो प्रगतिवादी स्वच्छन्दतावाद । यस प्रवृत्ति अन्तर्गत रहेर कलम चलाउनेहरूमा हृदयचन्द्रसिंह प्रधान, खड्गमान मल्ल, यदुनाथ खनाल, भेषराज शर्मा आदि रहेका छन् । यस चरणमा पश्चात्य साहित्यको सैद्धान्तिक एवम् व्यवहारिक प्रभाव, बौद्धिकताको आग्रह, हार्दिकताको पोखाइ, विषयवस्तुमा विविधता, शिल्पगत नवीनता आदि यस अवधिका निबन्धगत प्रवृत्तिहरू रहेका छन् ।

**ख) द्वितीय चरण**

बनारसबाट **युगवाणी** सप्ताहिक पत्रिकाको, प्रकाशन (२००४) सँगै आधुनिक नेपाली निबन्धको दोस्रो चरणको सुरुवात हुन्छ र यस चरणको प्राप्ति **रूपरेखा** (२०१७) पत्रिकाको प्रकाशन पूर्व (२०१६) सम्म रहन्छ (शर्मा, २०५२ : २७) । शासनसत्ताको अनैतिक प्रवृत्तिले परिवर्तनको चाहना राखी निबन्धकारहरू यस पत्रिकामा उदाएका छन् । यस अवधिका नेतृत्वकर्ता हृदयचन्द्रसिंह प्रधान हुन् । उनले देवकोटाबाट थालिएको एकछत्र कल्पनावादी साम्राज्यको विरुद्ध २००४ सालतिर सशक्त यथार्थवादी शिविर खडा गर्दै नेपाली निबन्ध परम्परामा सामाजिक यथार्थवाद र प्रगतिवादलाई भित्र्याउने कार्य गरे । त्यसैले उनलाई नेपालीका पहिलो प्रगतिशील निबन्धकारका रूपमा लिन सकिन्छ । सो अवधिमा उनकै **तीस रूपैयाको नोट** (२००४), **जुँगा** (२००९), **कुरा साँचो हो** (२०११) गरी तीन ओटा निबन्धसङ्ग्रह प्रकाशित भए । यसमा उनले समाजका ठूलाबडाका षड्यन्त्रहरूबाट सर्वसाधारण मानिसहरू कसरी जेलिएका हुन्छन् भन्ने कुरा स्पष्ट पार्दै अन्याय, अत्याचार र शोषणको विरोध गरी क्रान्तिकारी भावनाको बीजारोपण गरेको पाइन्छ । अर्कोतिर देवकोटाको लेखनीमा पनि २००३/००४ सालपछि क्रान्तिकारिता एवं व्यङ्ग्य विद्रोहण प्रस्तुत भएको छ । यसै अवधिमा **युगवाणी** पत्रिकामा देवकोटाको *यात्रा* निबन्ध, समाजवादको धुनमा (२००४) नारायण प्रसाद भट्टराईको *हावा बाजी* (२००४), अच्छा राई रसिकको *नारी समस्याको हल* (२००४), रुद्रराज पाडेको *गुन्द्रुकको पुकार* (२००९) आदि प्रकाशित भए ।

यसै गरी वि.सं. २००४ सालमा हृदयचन्द्रसिंह प्रधानको सम्पादकत्वमा प्रकाशित साहित्य स्रोतमा उनकै निजात्मक निबन्ध 'सिरक' र रामकृष्ण शर्माको 'आफ्नै लेखनीको परामर्श' उल्लेख्य छन् । त्यस्तै अन्य पत्रिकामा प्रकाशित बदरीनाथ भट्टराई, भीमनिधी तिवारी, ताना शर्मा, ईश्वरबल्लभ आदिका वर्णनात्मक एवम् खोजपूर्ण निबन्धका साथै पारसमणि प्रधानका भाषा विषयक निबन्ध पनि यसै अवधिमा देखा परेका छन् । प्रेमराज शर्मा, अच्छाराई रसिकले आरम्भ गरेको हास्यव्यङ्ग्यात्मक निबन्धलाई केशवराज पिंडालीले यस अवधिमा अगाडि बढाउने काम गरेका हुन् । भने श्यामप्रसाद शर्माले हृदयचन्द्रसिंह प्रधानले आरम्भ गरेको सामाजिक प्रगतिवादी निबन्ध धारालाई अगाडि बढाउने कार्य गरेका छन् । त्यसैले यस अवधिमा प्रगतिवादी र हास्यव्यङ्ग्यात्मक धारा प्रमुख धाराका रूपमा देखा परेका छन् । २००७ साल पछिको राजनैतिक परिवर्तनपछि अभिव्यक्ति स्वतन्त्रता र पत्रपत्रिकाको प्रचुर प्रकाशनले नै नेपाली निबन्ध अगाडि बढेको छ । यस अवधिमा **युगवाणी, साहित्यस्रोत**का साथै **भारती, पुरुषार्थ, प्रगति, गोर्खा** आदि पत्रपत्रिकाहरूले निबन्धको विकासमा महत्त्वपूर्ण योगदान दिएका छन् ।

आधुनिक नेपाली निबन्धको दोस्रो चरण निबन्ध लेखनका दृष्टिले उर्वर देखिन्छ । यस अवधिमा हृदयचन्द्रसिंह प्रधानका तीन निबन्धसङ्ग्रहका अतिरिक्त बद्रीनाथ भट्टराईको **पच्चीस प्रबन्ध** र भीमनिधि तिवारीको **पन्ध्र प्रबन्ध** (२००८) श्यामप्रसाद शर्माको **तँ, तिमी, तपाई, हजुर** (२०४०), केशवराज पिंडालीको **खै-खै** (२०१६), चूडानाथ भट्टराईको **निबन्ध चूडामणि** (२०१६) यस अवधिका उल्लेख्य निबन्धसङ्ग्रह हुन् । यसरी यस चरणमा विषयगत विविधता, प्रगतिवादी साहित्यिक चिन्तन, हास्य व्यङ्ग्यात्मकता, खोज अनुसन्धानमूलक निबन्धलेखन तथा यात्रा निबन्धको थालनी, आत्मपरकता, आत्मपरक निबन्ध लेखन आदि यस अवधिका उल्लेख्य प्रवृत्ति मानिन्छन् ।

### ग) तृतीय चरण

आधुनिक नेपाली निबन्धको तेस्रो चरण रूपरेखा पत्रिकाको प्रकाशन समय २०१७ सालदेखि वर्तमानसम्म रहेको छ । निबन्ध विधाले अत्यन्तै उर्वरता कायम गरेको समयका रूपमा लिइने अवधिलाई समसामयिक चरण पनि भन्न सकिन्छ ।

वि.सं. २०१७ सालको राजनैतिक परिवर्तन र अभिव्यक्ति स्वतन्त्रता माथिको कुठाराघातबाट नेपाली साहित्यका अन्यविधाका अतिरिक्त नेपाली निबन्धमा पनि परम्पराभन्दा भिन्दै प्रवृत्ति अँगालेर निबन्ध लेखनको थालनी भयो । साहित्यका अनेक विधामा पाइने अनेक प्रकारका प्रवृत्तिहरू अँगालेर निबन्ध लेखनको थालनी भयो । साहित्यका अनेक विधामा पाइने अनेक प्रकारका प्रवृत्तिहरू यस चरणका विविध निबन्धहरूमा समेटिएको पाइन्छ । शिल्प र शैलीका विविध र आयाम, बुद्धि, हृदय, चिन्तन, प्रगति, पलायन, अनुसन्धान, हास्यव्यङ्ग्य आदि अनगिन्ती प्रवृत्तिहरूबाट यो चरण परिपोषित छ । मूलतः यस चरणका निबन्धकार र निबन्धहरूलाई हेर्दा यस चरणमा मूलतः तीन प्रवृत्तिहरूलाई औंल्याउन सकिन्छ । ती हुन्- बौद्धिक चिन्तनधारा, आलोचनात्मक यथार्थवादी धारा र समसामयिक धारा ।

**एब्स्ट्रयाक्ट चिन्तन प्याज** (२०२४) र **गोधूलि संसार** जस्ता महत्त्वपूर्ण निबन्धसङ्ग्रह प्रकाशित गर्ने शङ्कर लामिछानेले बौद्धिक चिन्तनधारा प्रवृत्तिको नेतृत्व गरेका छन् । उनले परम्पराभन्दा भिन्न प्रयोगशील प्रवृत्ति अँगाली निबनध लेखेकाले यही प्रयोगधर्मिताले नेपाली निबन्धले नयाँ मोड लिएको छ। पाश्चात्य साहित्यको नवीन चिन्तन र वादहरूसँग परिचित लामिछानेका निबन्ध अमूर्त र गहन खालका छन् । शैल्पिक अमूर्तता तथा चिन्तन प्रवाहका दृष्टिले र बौद्धिक गहनताका दृष्टिले यो धारा मात्र नभएर आधुनिक नेपाली निबन्धको सम्पूर्णतामै वैशिष्ट्य हासिल गर्दै तेस्रो चरणका प्रतिनिधि निबन्धकारका रूपमा उनी स्थापित भएका छन् । यस फाँटका अन्य निबन्धकारमा रामकृष्ण शर्मा, कमल दीक्षित, इन्द्रबहादुर राई, बालकृष्ण पोखरेल, वासुदेव त्रिपाठी, रामकुमार पाण्डे, गणेशबहादुर प्रसाई, कृष्णप्रसाद पराजुली आदि रहेका छन् ।

दोस्रो प्रवृत्ति आलोचनात्मक यथार्थवादी धाराको नेतृत्व भैरव अर्याल एवम् श्यामप्रसाद शर्माले गरेको पाइन्छ । यस चरणका अन्य निबन्धकारहरूमा गोविन्द भट्ट, आनन्ददेव भट्ट, पारिजात, रमेश विकल, चूडामणि रेग्मी, लीलाध्वज थापा, मोदनाथ प्रश्रित, रामलाल अधिकारी, कृष्णचन्दसिंह प्रधान, बल्लभमणि दाहाल, विष्ण नवीन, तारानाथ शर्मा, धनुषचन्द्र गौतम, श्याम गोतामे एवम् वासुदेव लुइँटेल आदि रहेका छन् । यसै प्रवृत्ति अन्तर्गत प्रगतिमूलक यथार्थवादी एवम् क्रान्तिकारी

स्वच्छन्दतावादी निबन्धकारहरू पनि देखा पर्दछन् । हास्य व्यङ्ग्यमा भैरव अर्याल, यथार्थमूलक प्रगतिवादी विचारमा श्यामप्रसाद शर्मा, स्वच्छन्दतामूलक अराजक विचारमा लामिछाने एवं यात्रा संस्मरणात्मक निबन्धका फाँटमा ताना शर्माले नेतृत्व प्रदान गरेका छन् भने साहित्यकार केदारनाथ खनाल पनि यस क्षेत्रको लगनशिलतामा देखा परेका छन् । यिनै प्रवृत्ति अन्तर्गत रहेर अन्य निबन्धकारले पनि आफ्नो लेखन कार्यलाई अगाडि बढाएका छन् ।

आधुनिक निबन्धको तेस्रो चरणको तेस्रो प्रवृत्तिका रूपमा समसामयिक धारा प्रकट हुन्छ । अराजकतामूलक स्वच्छन्दतावादको विकास, स्वच्छन्दतामूलक अन्तर्मुखी चेतको ह्रास अनि विसङ्गतिपरक मूल्यको उत्थान नै समसामयिक प्रवृत्तिका अङ्ग बनेका छन् । यस चरणको उत्तरार्धमा अथवा २०४६ सालपछिका वर्षहरूमा अराजकतामूलक स्वच्छन्दतावादको विकासले समाजमा आएका विकृतिहरू प्राकृतिक संसाधानमा आएका विकृतिहरू, भौतिक स्रोत र साधनका विनासहरू देशका युवापुस्तामा बढ्दै गएको अनुशासनहीनता राष्ट्रिय स्वार्थ र अस्तित्वमा आएका कम्पनहरू, अन्तर्राट्रिय क्षेत्रबाट पर्न आएका राजनीतिक र आर्थिक शीतयुद्धका सङ्घातहरू, नारी आस्तित्त्वमाथिका क्रयविक्रय र बलात्कारहरू, सत्तालिप्सा र सत्ता विभाजनबाट भएका हत्या आतङ्क, बलात्कार आदि वर्तमान समयका विकृति विसङ्गतिहरूलाई विषयवस्तु बनाएर निबन्धको रचना गर्ने प्रवृत्ति बढ्दै गएको पाइन्छ । यस्ता विसङ्गतिमाथि सुधारको सङ्केतको अपेक्षा सहित तीव्र व्यङ्ग्य प्रहार गर्ने निबन्धकारहरूमा गङ्गाप्रसाद उप्रेती, माधवप्रसाद पोखेल, यादव खरेल, निमोही व्यास, राममणि रिसाल, रुद्र खरेल, राजेन्द्र सुवेदी, नरेन्द्रराज पौडेल, सुधा त्रिपाठी, रविकिरण निर्जीव आदि उल्लेखनीय रहेका छन् । गङ्गाप्रसाद उप्रेती, माधवप्रसाद पोखेल, खगेन्द्र सङ्ग्रौला, विमल निभा, रुद्र खरेल, चूडामणि रेग्मी, रविकिरण निर्जीव, मोदनाथ प्रश्रित, राजेन्द्र सुवेदी जस्ता विभिन्न निबन्धकार भने सामाजिक एवम् राजनैतिक विसङ्गतिले जन्माएका विकृतिहरूको निराकरणका निमित्त सधैँ आफ्ना साधनामा जुटिरहेका देखिन्छन् । यस्ता खाले विचारमा सुदृढ अडान भएका निबन्धकारहरूबाट निबन्धको विकासमा अझ उत्तरोत्तर गतिशीलता थपिँदै जाने विश्वास गर्न सकिन्छ ।

आधुनिक नेपाली निबन्धको तृतीय चरणमा देखिएका उपर्युक्त निबन्धकारहरूलाई जन्माउनमा **रूपरेखा** (२०१७) का अतिरित्त **मधुपर्क, नेपाली रचना, अभिव्यक्ति, भानु, प्रज्ञा, गरिमा** आदि नेपालबाट निस्केका पत्रिकाहरू र नेपाल बाहिर**बाट फूलपात, पतकर, तेस्रो आयाम, नेबुला, सुमन** आदि पत्रिकाका साथै अन्य विभिन्न सङ्घसंस्थाबाट निस्कने समसामयिक पत्रपत्रिकाहरूले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

आधुनिक नेपाली निबन्धको तेस्रो चरण अभ्यास प्रयोग र सुदृढीकरणको समय हो । यस अवधिमा यात्रा संस्मरण व्यङ्ग्य र पत्रात्मक शिल्पमा अभिव्यक्तिगत रूप प्रस्तुत गर्ने निबन्धकारहरू समेत देखा परेका छन् । निबन्धको स्वरूप र प्रस्तुति प्रायः स्पष्ट भइसकेको यस अवधिमा स्थापित भइसकेका र नयाँ आउँदै गरेका निबन्धकारहरूले पनि निजी दृष्टिकोण शिल्प र अभिव्यक्तिका साथ निबन्धको रचना गरेको पाइन्छ । विषयगत विविधता, सामयिक विचार, साझा अनुभूति, नवीन प्रस्तुति समालोचनात्मक दृष्टिको विकास आदि प्रवृत्तिगत केन्द्रीयतामा नेपाली निबन्धको तृतीय चरण अथवा समसामयिक धारा अहिले विद्यमान छ ।

## ३.३. निष्कर्ष

निबन्ध संस्कृत भाषाको शब्द हो । निबन्धको सुरुआत पूर्वीय साहित्यमा भए तापनि संस्कृत साहित्यको समयावधिमा निबन्ध विधाको प्रयोग भएको पाइँदैन । निबन्धको सुरुआत फ्रान्सबाट हुँदै अङ्ग्रेजी, हिन्दी हुँदै नेपाली साहित्यमा देखा परेको आधुनिक र कान्छो विधा हो । निबन्ध पाश्चात्य साहित्यबाट भित्रिए तापनि नेपालमा वा नेपाली साहित्यमा वि.सं. १८३१ मा पृथ्वीनारायण शाहको 'दिव्योपदेश' लाई आधार मान्दै नेपाली निबन्धलाई पृष्ठभूमि काल/प्रारम्भिक काल/माध्यमिक काल र आधुनिक गरी तीन चरणमा बाँड्न सकिन्छ । प्रारम्भिक काललाई निबन्धको तयारी अवस्थाको रूपमा लिइएको छ । माध्यमिक कालमा निबन्धको रेखाङ्कनसहित निबन्धको पथ निर्धारण गर्ने काम भयो । त्यस्तै निबन्धको विधागत स्वरूपलाई स्पष्ट पार्ने काम पनि यसै अवधिमा भएको हो । आधुनिक कालमा नवीनतम मूल्य र मान्यतालाई स्थापित गर्दै निबन्ध विधा अगाडि बढेको पाइन्छ । हाल नेपाली साहित्यिका फाँटमा यो विधा नयाँनयाँ रूप प्रयोग भएका छन् । यो विधा आफ्नै मौलिक स्वरूप र संरचनामा स्थापित हुन सफल भएको छ । यो अन्य विधाभन्दा बढी गहन र स्वतन्त्र विधाको रूपमा नेपाली साहित्यमा रहेको छ, जसले गर्दा यसको महत्त्व दिन प्रतिदिन बढ्दै गएको देखिन्छ ।

# परिच्छेद : चार

# दुई धार : एक लहर निबन्धसङ्ग्रहको विश्लेषणात्मक अध्ययन

## परिच्छेद : चार

# दुई धार : एक लहर निबन्धसङ्ग्रहको विश्लेषणात्मक अध्ययन

### ४.१ पृष्ठभूमि

**दुई धार : एक लहर** निबन्धसङ्ग्रह (२०७०) निबन्धकार केदारनाथ खनालको पाँचौँ कृति तथा चौथो निबन्धसङ्ग्रह हो । यो निबन्धसङ्ग्रह २०७० सालमा चितवन साहित्य परिषद्, चितवनद्वारा प्रकाशनमा ल्याइएको हो । यस सङ्ग्रहमा २०६५ देखि २०६९ सालसम्म लेखिएका र कुनै विभिन्न पत्रपत्रिकामा प्रकाशित भइसकेका लामा छोटा नियात्रा अन्तर्गत एघारवटा र संस्मरण खन्ड अन्तर्गत एक्काईस गरी बत्तीसवटा निबन्धहरू सङ्गृहीत छन् । जम्माजम्मी एकसय चौसट्ठी पृष्ठभित्र आबद्ध यस सङ्ग्रहका निबन्धहरूको आकारगत स्वरूप प्रायः लघु तथा मध्यम देखिन्छन् । यस सङ्ग्रहमा सङ्कलित उनका निबन्धहरूमा नियात्रा खण्डअन्तर्गत *एक अलौकिक यात्रा, स्वर्गद्वारी यात्रा, ऐतिहासिक भ्रमण, यात्रा एक अनुभूति अनेक, अविस्मरणीय यात्रा, ज्योतिर्गमयतिरको यात्रा, मेलम्ची एक मृगमरिचिका, मनको धोको मनमै, थप एक आयाम, प्रथम भानु महोत्सव, पुस्तकालयको अवलोकन भ्रमणपछि* त्यस्तै संस्मरण खण्डअन्तर्गत *अतीतलाई नियाल्दा, ती दिन सम्झँदा, एक सुखद अनुभूति, पुष्पोपहार, छन्द बचाउका प्रबोधक, सम्झनामा हिउँदका दिन, सम्झनाको क्षितिजमा नारायणी कला मन्दिर, पद्मश्रीको ताजमा झमक घिमिरे, जदौका अभियन्ता, हेटौंडा र मातृभूमि साहित्य समाज, आकर्षक व्यक्तित्व प्रा. आनन्ददेव भट्ट, स्मृतिमा सप्तगण्डकी ब. क्याम्पस, प्रेरक व्यक्तित्व, श्रद्धा सुमन मायादेवी देवकोटा, केशव न्यापाने र ज.जा.मा.वि. पिठुवा, नारायणीको लहरमा, स्वर्णोपहार, स्तरीय व्यक्तित्व भीष्मकान्त अधिकारी, श्रद्धेय दैवज्ञराज न्यौपाने, झझल्कोमा पञ्चकन्या, शैक्षिक आलोकमा गोरखा* रहेका छन् ।

विवेच्य ग्रन्थ **दुई धार : एक लहर**मा नियात्रात्मक संस्मरणात्मक दुवै किसिमका रचनाहरू सङ्गृहीत छन् । उनका निबन्धको विषयवस्तु कुनै एक विषयको सीमामा मात्र नरही विभिन्न धारा प्रवाहका रूपमा रहेको पाइन्छ । यात्रापरक रचनाहरूमा यात्रा साहित्यका प्रायः सबै तत्त्व र गुण समावेश भएको पाइन्छ । यात्रात्मक सबै लेखहरू निजात्मक प्रवृत्तिले ओतप्रोत छन् । यी लेखहरूमा यात्रा प्रदेशका सुकृति विकृति सम्बन्धी बहुपक्षीय सन्देशमूलक कुराहरू उल्लेखित हुनुको साथै इतिहास र प्रेमका कुराहरू झल्काइएको छ । त्यस्तै संस्मरणात्मक रचना अन्तर्गत व्यक्तिपरक, संस्थापरक, स्थानपरक एवम् लेखक स्वयम्को आत्मसंस्मरणका कुराहरू समावेश गरिएका छन् । लेखकको जन्मस्थान गोरखासित सम्बन्धित र जीवन सङ्घर्षसित सम्बन्धित संस्मरणहरू आकर्षक रूपमा प्रस्तुत गरिएको छ । उनका यस सङ्ग्रहमा सङ्गृहीत निबन्धहरूलाई क्रमशः विषयवस्तु, उद्देश्य र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

### ४.१.१ एक अलौकिक यात्रा

### ४.१.१.१ विषयवस्तु

*एक अलौकिक यात्रा* शीर्षकको निबन्ध केदारनाथ खनालको **दुई धार : एक लहर** निबन्धसङ्ग्रहमा सङ्कलित पहिलो निबन्ध हो । प्रस्तुत निबन्धको शीर्षक दुई पद मिलेर बनेको छ । यस निबन्धमा वर्तमान समयमा घर-गृहस्थी, पेसा, व्यवसाय नत्यागीकन पनि राजयोगी हुन सकिने मार्गदर्शन एवं आध्यात्मिक तथा भौतिक विकासको काम गर्नलाई अवलोकन भ्रमणले सघाउँछ भन्ने कुराको सन्देश प्रस्तुत गरिएको छ । त्यसैले विषयवस्तु र भावअनुकूल शीर्षक सार्थक रहेको छ ।

यसको संरचना सात पृष्ठको मध्यम आयाममा फैलिएको छ । यसमा पाँच वाक्यदेखि चौबिस वाक्यसम्मका अनुच्छेद रहेका छन् । एक सय तीन पङ्क्तिसम्म फैलिएको यो निबन्ध सङ्क्षिप्त आकारको भए पनि यसको शुद्धता र स्वच्छन्दताको ब्रह्मकुमार-ब्रह्मकुमारीहरू भित्रको पवित्रता शालीनता, शिष्टता, नम्रतापूर्ण व्यवहार अनुकरणीय छन् भन्ने कुरालाई अभिव्यक्त गरेको छ । यस निबन्धमा निबन्धकारले पर्यटक एवं ब्रह्मकुमारीय

ईश्वरीयतामा विश्वास राख्ने व्यक्तिहरूका लागि चर्चामा रहेको राजस्थान प्रान्तको अरावली पर्वतमालाको मुख्य भागमा अवस्थित माउन्ट आबु वर्तमान अवस्थामा स्वर्ग समान रहेको र त्यो पहिले जैनहरूका लागि चर्चित थियो भने वर्तमान अवस्थामा हिन्दु धर्मको शाखाको रूपमा रहेको 'ओम् शान्ति' धार्मिक सम्प्रदाय अन्तर्गत ब्रह्मकुमारी ईश्वरीय विश्वविद्यालयको रूपमा रहेको र आध्यात्मिक एवम् भौतिक सम्पन्नताले पूर्ण भएको स्वर्गीय आनन्द प्राप्त गर्ने स्थानको रूपमा रहेको उल्लेख गरिएको छ ।

#### ४.१.१.२ उद्देश्य

यस निबन्धमा हिन्दु धर्मको पृष्ठभूमिमा समय सापेक्ष नयाँ दर्शन दिने शङ्कराचार्यद्वारा स्थापित ओम् शान्ति धर्ममा साधना गर्ने तरिका उल्लेख गर्नुको साथै नख्खीझील सङ्ग्राहालय बेलवाडा मन्दिर, ज्ञान सरोवर जस्ता महत्त्वपूर्ण स्थानको अवलोकन भ्रमण गरी सूचना प्राप्तिका साथै ज्ञान क्षेत्रको विस्तार गर्नु नै यसको उद्देश्य रहेको छ ।

#### ४.१.१.३ भाषाशैली

आत्मपरक शैलीमा लेखिएका *एक अलौकिक यात्रा* शीर्षकको यस निबन्धको भाषाशैली सरल एवं सहज र प्रभावमय देखिन्छ । सेडुल, बिन्डफेन, रिसाइकल, पिस मेसेन्जर अवार्ड जस्ता अङ्ग्रेजी शब्दहरूको प्रयोग गरिएको छ भने मुगफली, गरमचाय, जस्ता शब्दको साथै मधुवनका भित्ताहरूमा उल्लेख भएका उक्तिका पङ्क्तिहरू हिन्दी भाषामा उल्लेख गरिएका छन् ।

### ४.१.२ स्वर्गद्वारी यात्रा

#### ४.१.२.१ विषयवस्तु

*स्वर्गद्वारी यात्रा* शीर्षकको निबन्ध केदारनाथ खनालको **दुई धार : एक लहर** निबन्धसङ्ग्रहमा सङ्गृहीत दोस्रो निबन्ध हो । प्रस्तुत निबन्धको शीर्षक शब्दावली ढाँचाको रहेको छ । वि.सं. १९१६ श्रावण शुक्ल पुत्रदा एकादशीका दिन अवतरण भएका दिव्य बालक

श्री नारायणको ३६ वर्षसम्मको कठोर तपस्या पश्चात् वि.सं. १९५२ वैशाख पूर्णिमाको दिन आरम्भ गरेको दिव्य आश्रम स्वर्गद्वारीलाई मानिएको उल्लेख गरिनुको साथै स्वर्गद्वारी महाप्रभुका लीला र सुनेका किंवदन्तीहरूको बारेमा उल्लेख गरिएको छ । अर्को महत्त्वपूर्ण किंवदन्ती स्वर्गद्वारी दैवी शक्तिले गर्दा यज्ञहरू सञ्चालनको क्रममा यज्ञलाई आवश्यक पर्ने सामग्रीको अभाव भएमा त्यो तत्कालै पूर्ण हुने कुरा पनि उल्लेख गरिएको छ । प्रस्तुत निबन्ध नवौं पृष्ठको मध्यम आयाममा फैलिएको छ । त्यस्तै यो निबन्ध सोह्र अनुच्छेद र दुई सय पचास पङ्क्तिमा उल्लेख गरिएको छ ।

### ४.१.२.२ उद्देश्य

यस निबन्धमा धार्मिक आस्थाको विश्वासका साथै स्वर्गद्वारी महाप्रभुको जन्म, मृत्यु, पारिवारिक स्थितिको बारेमा जानकारी प्राप्त गर्नु नै यसको उद्देश्य रहेको छ ।

### ४.१.२.३ भाषाशैली

*स्वर्गद्वारी यात्रा* शीर्षकको निबन्धमा निबन्धकारले आत्मपरक शैलीमा विभिन्न स्थानको वर्णनलाई सरल एवं सहज भाषामा प्रभावकारी रूपले उल्लेख गरेका छन् । पौराणिक मिथकको प्रयोग गरिएको छ । 'काग कराउँदै छ पिना सुक्दै छ', 'बाँदरको हातमा नरिवल' जस्ता उखान टुक्काको प्रयोग गरिएको छ, जसले निबन्धलाई सार्थक र रोचक बनाएका छन् । पूर्णात् पूर्णमिदम् ..... को उक्तिलाई संस्कृत शब्दमा उल्लेख गरिएको छ । त्यस्तै डिजिटल क्यामेरा, स्न्याक बेल विफोर युज जस्ता अङ्ग्रेजी शब्दको प्रयोग गरी निबन्धलाई जीवन्त तुल्याइएको छ ।

### ४.१.३ ऐतिहासिक भ्रमण

### ४.१.३.१ विषयवस्तु

*ऐतिहासिक भ्रमण* निबन्धकार केदारनाथ खनालको **दुई धार : एक लहर** निबन्धसङ्ग्रहमा सङ्गृहीत तेस्रो निबन्ध हो । यो निबन्धको शीर्षक शब्दावली ढाँचाको रहेको

छ । यस निबन्धमा विश्व स्काउटको बारेमा स्थापना कालदेखि हालसम्मका गतिविधिहरूको बारेमा जानकारी दिइएको छ । त्यसैगरी नेपाल स्काउटको स्थापना, चितवन स्काउटको स्थापना र स्काउटिङ गतिविधिको बारेमा पनि जानकारी गराइएको छ । नेपाल स्काउटमा विद्यार्थी र स्काउटर बिच गरिने विभिन्न किसिमका प्रतियोगिता, क्याम्पोरी, ज्याम्बोरीहरूमा गरिने तालिमको बारेमा पनि उल्लेख गरिनु, नेपाल स्काउट जिल्ला कार्यालय चितवनको सौजन्यतामा भएको तीनदिने अवलोकन भ्रमणका क्रममा विभिन्न क्रियाकलापका बारेमा चर्चा गरिएको छ । यस ऐतिहासिक भ्रमणका क्रममा विशेषतः काठमाडौं उपत्यकामा रहेका स्काउटसँग सम्बन्धित संस्थाका प्रतिनिधिहरूसँगका बिच गरिएका छलफलका विषयवस्तुका साथै विभिन्न ऐतिहासिक एवं मनोरञ्जनात्मक स्थलहरूको बारेमा पनि चर्चा गरिएको छ ।

प्रस्तुत निबन्ध सात पृष्ठको मध्यम आयाममा फैलिएको छ । यसमा बाह्रौं अनुच्छेद र चौरानब्बे पङ्क्तिमा उल्लेख गरिएको छ । यस निबन्धमा निबन्धकारले समग्र चितवनको शिक्षा र नेपाल स्काउटसँग सम्बन्धित महत्त्वपूर्ण व्यक्तित्वहरूको सहभागितामा भएको अवलोकन भ्रमण चितवन जिल्ला स्काउटका गतिविधि सञ्चालन, विस्तार एवं विकासका निम्ति कोसेढुङ्गा साबित हुने कुरा उल्लेख गरिएको छ ।

### ४.१.३.२ उद्देश्य

यस निबन्धमा नेपाल स्काउट चितवनको गतिविधि बारे जानकारी गराउनु, नेपालको ऐतिहासिक स्थल ककनी, वेडेन पावल हिमशिखर र नेपाल स्काउटको काठमाडौं उपत्यकामा स्थापित संस्थाहरूको बारेमा जानकारी लिनु, त्यस्तै चितवनको शिक्षाको गतिविधि एवं नेपाल स्काउटसँग सम्बन्धित प्रमुख व्यक्तिहरूको सहभागितामा चितवन जिल्लामा स्काउटिङ गतिविधि सञ्चालन, विस्तार र विकास आदिको उल्लेख गर्नु यसको उद्देश्य रहेको छ ।

### ४.१.३.३ भाषाशैली

यस निबन्धको भाषाशैली सरल, सहज एवं प्रभावमय रहेको छ । भ्रमणका क्रममा ‘ककनीमा फूल फुल्यो प्याउली झैं, प्यारको माया सुकेर न्याउलीझैं’ जस्ता गीतहरू लोकभाकामा प्रस्तुत गरिएका छन् । यसमा बिम्ब र प्रतीकको पनि प्रयोग गरिएको छ । यसै

गरी मिसिअन स्टारमेन्ट, भ्याल्यू वेड एजुकेशन, ननफरमल एजुकेशन, अ काइन्ड एम्बासडर अफ नेपाल स्काउट जस्ता अङ्ग्रेजी शब्दको प्रयोग गरिएको छ ।

## ४.१.४ यात्रा एक अनुभूति अनेक

### ४.१.४.१ विषयवस्तु

*यात्रा एक अनुभूति अनेक* निबन्ध निबन्धकार केदारनाथ खनालको **दुई धार : एक लहर** निबन्धसङ्ग्रहमा सङ्गृहीत चौथो निबन्ध हो । यस निबन्धमा नेपालको मध्यपश्चिम र सुदूरपश्चिम भौगोलिक बनोट, त्यस क्षेत्रका बासिन्दाको जनजीवन, सांस्कृतिक, सामाजिक र आर्थिक स्थितिको बारेमा एउटा यात्राको माध्यमबाट विभिन्न विषयवस्तुको अनुभूति भएको उल्लेख गरिएको छ । कर्णाली पारीका चाँदनी र दोधारा, नवलपरासी एवं बटौली-खस्यौली, नयाँ मुलुकका रूपमा चर्चित बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, लमही-दाङ उपत्यका, सुर्खेत, जुम्ला, जाजरकोट, सल्यान, तुलसीपुर, बुलबुलेताल, बझाङ, बैतडीको उग्रतारा मन्दिर, टीकापुर जस्ता विभिन्न स्थानहरूको प्राकृतिक सौन्दर्यको साथै ती क्षेत्रहरूमा निर्मित सडकको अवस्था र ती स्थानमा बसोबास गर्ने बासिन्दाहरूको जनजीवनसँग सम्बन्धित विषयवस्तुहरूका अनुभूतिहरू यात्राकारले स्वयम् अनुभूत गरेको उल्लेख गरिएको छ । यात्रा क्रममा नेपालको साहित्यिक व्यक्तित्वहरूको पनि विभिन्न स्थानमा र पत्रकारसँग भेटभएको पनि उल्लेख गरिएको छ ।

यसरी यात्राका भ्रमणमा विभिन्न अनुभवहरू सँगालिएको यो निबन्ध आठ पृष्ठको मध्यम आयाममा फैलिएको छ । यो निबन्धमा सत्र अनुच्छेद र दुई सय अट्ठाइस पङ्क्तिमा संरचित छ । यस निबन्धमा यात्राकारले विभिन्न स्थानमा भ्रमण गरे तापनि मध्यपश्चिम र सुदूरपश्चिमको भ्रमण अपुरो रहेको महसुस गरिएको छ । समय परिस्थितिले साथ दिए पुनः अर्को पटक बाँकी रहेका नेपालका पश्चिमेली र स्थानहरूको भ्रमण गर्ने पनि उल्लेख गरिएको छ ।

### ४.१.४.२ उद्देश्य

यस निबन्धले नेपालको मध्यपश्चिम र सुदूरपश्चिम क्षेत्रका भूवनोट र प्राकृतिक दृश्य अवलोकन गर्नु, त्यस क्षेत्रका सामाजिक, आर्थिक, धार्मिक एवं सांस्कृतिक पक्षहरूको जानकारी लिनु र विभिन्न साहित्यिक व्यक्तित्वहरूसँग भेट गर्ने उद्देश्यलाई स्पष्ट पारेको छ ।

#### ४.१.४.३ भाषाशैली

प्रस्तुत निबन्ध आत्मपरक शैलीमा लेखिएको छ । निबन्धको भाषाशैली सरल, सहज एवं प्रभावमय रहेको छ । यसमा संस्कृत भाषाका श्लोकहरूको प्रयोग गरिएको छ । वाईवाई, फुल ट्याङ्की, हस्पिटल जस्ता अङ्ग्रेजी शब्द प्रयोग भएको देखिन्छ । त्यस्तै व्यङ्ग्ययुक्त वाक्यांशहरूको पनि प्रयोग भएको छ ।

### ४.१.५ अविस्मरणीय यात्रा

#### ४.१.५.१ विषयवस्तु

*अविस्मरणीय यात्रा* निबन्ध केदारनाथ खनालको **दुई धार : एक लहर** निबन्धसङ्ग्रहमा सङ्गृहीत पाँचौं निबन्ध हो । प्रस्तुत निबन्धको शीर्षक शब्दावली ढाँचाको रहेको छ । यस निबन्धमा निबन्धकारका पारिवारिक सदस्यहरू मात्र संलग्न रही पश्चिम नेपालको क्षेत्र नजिकको भारतको उत्तराखण्डमा रहेको हरिद्वार, ऋषिकेश, देहरादून, मसुरी, कुमाउ, अल्मोडा जस्ता धार्मिक र ऐतिहासिक क्षेत्रका बारेमा जानकारी लिने अवसर निबन्धकारका साथमा गएका भ्रमणटोलीले समेत प्राप्त गरेको देखिन्छ । यस्तै नेपालको सन्दर्भमा राप्ती अञ्चलको देउखुरी, महाकालीपारीका चाँदनी दोधारा, घोडाघोडी ताल आदिको दृश्य अवलोकन गरेको समेत उल्लेख गरिएको छ ।

प्रस्तुत निबन्ध आठ पृष्ठको मध्यम आयाममा फैलिनुको साथै पन्ध्र अनुच्छेद र २३८ पङ्क्तिमा संरचित छ । यस निबन्धमा नेपाल भारत लगायत विश्वमा लोकप्रियता हासिल गरिरहेका स्वामी रामदेवको आश्रम पतञ्जलि योगपीठको सन्ध्याकालीन आरतीका बारेमा पनि उल्लेख गरिएको छ ।

#### ४.१.५.२ उद्देश्य

*अविस्मरणीय यात्रा* शीर्षकको निबन्धमा निबन्धकारका पारिवारिक सदस्यहरू संलग्न रही मनोरञ्जनात्मक एवं धार्मिक उद्देश्य प्राप्ति र ऐतिहासिक स्थलहरूको बारेमा जानकारी लिनु यसको उद्देश्य रहेको छ ।

### ४.१.५.३ भाषाशैली

प्रस्तुत निबन्धको भाषाशैली सरल, सहज एवं प्रभावमय रहेको छ । निबन्ध वस्तुपरक वर्णनमा आधारित छ । कुनै कुनै स्थानमा बालापनका गीत पनि उल्लेख गरिएको छ । एइचरस्कर्भि यो, सुमो ट्वाए-ट्रेन र बलभद्र कुँवरको वीरता, साहस र शौर्यको प्रशंसा गरेर शिलालेखमा अङ्कित अङ्ग्रेजी शब्दको उल्लेख गरिएको छ । ठाउँठाउँमा कोष्टीकरणको प्रयोग गरिएको छ । संस्कृत भाषाका श्लोकहरूको उल्लेख गरी काव्यरूपको प्रकटीकरण गरिएको छ । यसमा बिम्ब र प्रतीकको पनि प्रयोग गरिएको छ ।

## ४.१.६ ज्योतिर्गमयतिरको यात्रा

### ४.१.६.१ विषयवस्तु

*ज्योतिर्गमयतिरको यात्रा* निबन्ध केदारनाथ खनालको **दुई धार : एक लहर** निबन्धसङ्ग्रहमा सङ्गृहीत छैटौं निबन्ध हो । प्रस्तुत निबन्धको शीर्षक पदावली ढाँचाको रहेको छ । यस निबन्धमा नेपाल नेत्रज्योति सङ्घद्वारा सञ्चालित आँखा अस्पतालहरू र प्राथमिक आँखा उपचार केन्द्रको कार्यालयीय अवस्था, तिनीहरूको आर्थिक अवस्था र सुधारको सम्भावित उपायको खोजी तथा समाधानका उपाय आदि कुराहरूमा संस्थाका जिम्मेवार सदस्यहरूले खेलेको भूमिकाको बारेमा नेपालको मध्य तथा पश्चिम क्षेत्रका नेत्रज्योति सङ्घसँग सम्बन्धित स्थानको भ्रमणमा भएको संस्थाको अनुगभनको बारेमा उल्लेख गरिएको छ । त्यस्तै भ्रमणदलबाट नेपालका पर्यटकीय क्षेत्र र विभिन्न प्राकृतिक सौन्दर्यका मनोरम दृश्यहरूको दृश्यावलोकनको चित्रण गरिएको छ ।

प्रस्तुत निबन्ध दश पृष्ठको मध्यम आयाममा फैलिएको छ । यो निबन्ध तेइस अनुच्छेद र तीनसय पङ्क्तिमा संरचित छ । नेपालमा आँखा रोगको स्थितिबारे तथा नेपालको पश्चिमी भागमा सञ्चालित प्राथमिक आँखा उपचार केन्द्र र आँखा उपचार केन्द्र तथा आँखा अस्पतालहरूले गरेको मानवीय सेवा, अवलोकन भ्रमणबाट प्राप्त ज्ञान अनुभवले निबन्धकारमा एक किसिमको ऊर्जा थपिएको अनुभूतिको उल्लेख गरिएको छ ।

### ४.१.६.२ उद्देश्य

नेपाल नेत्रज्योति सङ्घद्वारा सञ्चालित आँखा अस्पतालहरूको उपचार केन्द्रको अवस्थिति, सुधारका सम्भावित उपयको खोजी, संस्था सञ्चालनको लागि आवश्यक पर्ने नीति निर्माण गर्न सघाउ पुऱ्याउने कुराहरूको सूचना दिनु नै यस निबन्धको उद्देश्य रहेको छ । साथै आँखा रोगीहरूलाई समयमा उपचार गर्न उत्प्रेरित गर्नु र विभिन्न स्थानको पर्यटकीय स्थानहरूको अवलोकन भ्रमण गर्नु यसको अर्को उद्देश्य रहेको छ ।

### ४.१.६.३ भाषाशैली

प्रस्तुत निबन्धको भाषाशैली सरल, सहज एवं प्रभावमय रहेको छ । निबन्धमा विभिन्न स्थानका नेत्रज्योति संस्थाहरूको वस्तुपरक रूपमा वर्णन गरिएको छ । कतैकतै प्रसङ्ग अनुसार प्रश्नात्मक वाक्यको पनि प्रयोग गरिएको छ । पि.ई.सि.सि., डेविज फल्स, रुम टु रिड, भिजन, साइट, क्वाटर, फ्रि क्याम्प, आइ केयर, पावर हाउस, लोडसेडिङ, पोर्टेबुल फेके, मेशिन, स्क्यानिङ, इमेजिङ मेसिन, माइक्रोस्कोप, सुपरलज फ्रेस जस्ता अङ्ग्रेजी शब्दहरूको प्रयोग अधिक मात्रामा उल्लेख गरिएको छ ।

### ४.१.७ मेलम्ची एक मृगमरीचिका

### ४.१.७.१ विषयवस्तु

*मेलम्ची एक मृगमरीचिका* निबन्ध केदारनाथ खनालको **दुई धार : एक लहर** निबन्धसङ्ग्रहमा सङ्गृहीत सातौं निबन्ध हो । यो निबन्ध तीन शब्द मिलेर बनेको छ । यस निबन्धमा काठमाडौंबासीलाई मरुभूमिमा पानीको प्यासले भौंतारिएको मृग जस्तै अवस्थामा रहेको कल्पना गरिएको छ । सन्त नेता कृष्णप्रसाद भट्टराईले काठमाडौंबासीको नाममा ल्याएको मेलम्ची खानेपानी आयोजनाको कार्य एक चरण सुरु भएर कमिशनको कारणले लथालिङ्ग भएको देख्दा निबन्धकार विचलित भएका छन् । नेपाल हृदयरोग निवारण प्रतिष्ठानको केन्द्रीय समितिको अर्धवार्षिक सभामा सहभागी हुने क्रममा चितवनको प्रतिनिधित्व गर्दै मेलम्चीको खानेपानी आयोजनामा प्रत्यक्ष अवलोकन गरेका निबन्धकारले

तामाङ भाषामा मेलम्चीको अर्थ सपना देखेको हुने रहेछ, सोही अर्थ अनुसार मेलम्ची खानेपानी आयोजना पनि सपना हुने त होइन ? सत्तामा जानेलाई इङ्गित गरिएको छ । प्रस्तुत निबन्ध पाँच पृष्ठको मध्यम आयाममा फैलिएको छ । यो निबन्ध बाह्र अनुच्छेद र एक सय चवालिस पङ्क्तिमा रचना गरिएको छ ।

### ४.१.७.२ उद्देश्य

यस निबन्धमा मेलम्चीको पानी काठमाडौंमा उपलब्ध गराउन सकेको खण्डमा काकाकुलका रूपमा रहेका काठमाडौंबासीलाई राहत मिल्ने थियो । सन्त नेता कृष्णप्रसाद भट्टराईको सपना साकार बनाउन मेलम्ची खानेपानी आयोजनालाई सपनामा मात्र सीमित नभई वास्तविकतामा पूर्ण गर्न सकिन्छ र गर्नुपर्छ भन्ने उद्देश्य रहेको छ ।

### ४.१.७.३ भाषाशैली

प्रस्तुत निबन्धको भाषाशैली सरल, सहज एवं प्रभावमय रहेको छ । निबन्धमा मेलम्ची खानेपानी आयोजनाको वस्तुपरक रूपमा वर्णन गरिएको छ । प्रसङ्ग अनुसार कुनै कुनै स्थानमा प्रश्नात्मक वाक्यहरू उल्लेख गरिएको छ । सिन्धुपाल्चोकको क्षेत्रमा बोलिने तामाङ भाषाका ठाउँहरू जस्तै : मेलम्ची ह्याङ माने ह्याङ र मेलम्ची ह्याङ, शेर्मा ह्याङ जस्ता शब्दहरूको प्रयोग भएका छन् । एट्याच बाथरुम, गेष्टहाउस, ब्रेकफास्ट, रिजर्भ, क्युसेक, इस्टिमेट जस्ता अङ्ग्रेजी शब्द प्रयोग भएका छन् ।

## ४.१.८ मनको धोको मनमै

### ४.१.८.१ विषयवस्तु

*मनको धोको मनमै* निबन्ध केदारनाथ खनालको **दुई धार : एक लहर** निबन्धसङ्ग्रहमा सङ्गृहीत आठौं निबन्ध हो । यो निबन्ध शब्दावली ढाँचाको रहेको छ । निबन्धकार गोरखाबाट चितवन, जयमङ्गला आउने जाने गर्दा खेरी आफूले भोगेको दुःख, कष्ट, सन्त्रास, भय आदिको बारेमा आफ्नो जीवनको सामाजिक र आर्थिक पक्षको चित्रण

गरिएको छ । निबन्धकार गोरखाबाट चितवन आउने जाने गर्दा दुईवटा मार्गको प्रयोग, जुन मार्गको प्रयोग गर्दा पनि बाटोको मध्य क्षेत्रमा पर्ने काउले पुग्न असमर्थ हुने तर उक्त स्थानमा पुग्ने प्रबल इच्छा हुँदाहुँदै पनि आजका मितिसम्म त्यस स्थानमा पुग्न नसकेकोमा दुःखेसो रहेको, आफू उक्त स्थानमा पुग्न नसकेपनि उक्त स्थानमा रहेको प्राथमिक विद्यालय अहिले स्तर उन्नति भएर मा.वि. सञ्चालन भएकोमा खुसी व्यक्त गरिएको छ । यसरी गोरखाबाट चितवनको जयमङ्गला आउँदा जाँदा आफूले भोगेका नियतिको साथै चितवनको पुरानो सदरमुकाम उपरदाङगढी र पर्यटकीय स्थल सिराइचुली जस्ता स्थान र आफ्ना पुर्ख्यौली एवं नातेदारको समेत उल्लेख गरिनुको साथै गोरखाको केही जायजेथा बेचेर साथमा पैसा लिएर हिँडेको दिन र रातमा बिच बाटोमा आफू र काइँलाबुबाले निन्द्रा समेत नपाएको चित्रण पनि गरिएको छ । यो निबन्ध पाँच पृष्ठको लघु आयाममा फैलिएको छ । आठ अनुच्छेद र एकसय छब्बीस पङ्क्तिमा संरचित छ छ ।

### ४.१.८.२ उद्देश्य

निबन्धकार गोरखाको जन्म स्थानबाट चितवनको जयमङ्गला आउने जाने क्रममा कहिले हात्तिवाङ्बाट हिँड्ने त कहिले उपरदाङ्गढीबाट हिँड्ने, जताबाट हिँडे पनि काउले बिच बाटोमा परेको हुनाले छुट्ने, आफू ती दुई बाटोबाट पटक पटक आउने जाने गरेको तर त्यहाँ (काउले) गएर आफ्नै आँखाले काउलेको दृश्यावलोकन गर्ने अवसर आजका मितिसम्म नपाएको उल्लेख छ । उक्त स्थानमा सामान्य अनुकूल भएमा आफू उक्त स्थानमा जाने प्रबल इच्छा रहेको देखाउनु यसको उद्देश्य रहेको छ ।

### ४.१.८.३ भाषाशैली

प्रस्तुत निबन्धको भाषाशैली सरल, सहज एवं प्रवाहमय रहेको छ । निबन्ध आत्मपरक शैलीमा अभिव्यक्त भएको छ । यसमा ‘अतिथि देवो भव’ जस्ता संस्कृतका हार्दिकतापूर्ण उक्ति उल्लेख गरिएको छ भने ‘खाउँ त कान्छा बाबुको अनुहार नखाउँ त दिनभरिको शिकार’ जस्ता उखान टुक्काको प्रयोग गरी निबन्धलाई रोचक र प्रभावकारी बनाइएको छ ।

### ४.१.९ थप एक आयाम

#### ४.१.९.१ विषयवस्तु

*थप एक आयाम* निबन्ध केदारनाथ खनालको **दुई धार : एक लहर** निबन्धसङ्ग्रहमा सङ्गृहीत नवौं निबन्ध हो । प्रस्तुत निबन्धको शीर्षक शब्दावली ढाँचाको रहेको छ । यस निबन्धमा चितवन जिल्लाको माडी क्षेत्र र निबन्धकारको गृह जिल्ला गोरखाको दक्षिणी भेगका बासिन्दाहरूको नेत्र परीक्षण गरी शल्यक्रिया र उपचार गर्ने काम नेपाल नेत्रज्योति सङ्घ चितवन एकमात्र लोककल्याणकारी मुनाफारहित गैरसहकारी संस्था हो भन्ने कुरा उल्लेख गरिएको छ, जसलाई एउटा थप आयाम वा नयाँ अभियानको रूपमा लिइएको छ । त्यस्तै निबन्धकारको जन्मस्थानका क्षेत्रका रूपमा रहेका बाबुबाजेका पालादेखिका इष्टमित्र, साथीसङ्गतीसँगको मेलापात, जात्रा, घटना परिघटनामा अतीतका बिम्बहरूलाई स्मृतिपटमा ल्याई कालजयी रूपमा उतारिनुको साथै मितेरी साइनोको बारेमा पनि उल्लेख गरिएको छ । यस निबन्धमा मूलतः नेत्रज्योति सङ्घ, चितवन शाखाको रजत जयन्तीको पूर्वसन्ध्यामा गोरखा मकैसिङ्को प्राथमिक स्वास्थ्य चौकीमा एक सय दुई जना नेत्र रोगीहरूको शल्यक्रिया गरी थप एक आयाम पूर्ण गरेको हुनाले यो शीर्षक सार्थक भएको पनि मानिएको छ । यो निबन्ध पाँच पृष्ठको लघु आयाममा फैलिएको छ । यसमा बाह्र अनुच्छेद र एक सय चवालिस पङ्क्तिमा उल्लेख गरिएको छ ।

#### ४.१.९.२ उद्देश्य

यस निबन्धमा उल्लेखित ठोरीदेखि माडी क्षेत्र र गोरखाको दक्षिणी क्षेत्रमा रहेका नेत्ररोगीहरूको शल्यक्रिया गरी उनीहरूलाई उज्यालो भविष्यमा लैजानु, लेखकको बाल्यावस्थाको चित्रण गर्नु र नेत्ररोगीहरूलाई सहयोग पुऱ्याएर सामाजिक सेवा गर्नु यस निबन्धको उद्देश्य रहेको छ ।

#### ४.१.९.३ भाषाशैली

प्रस्तुत निबन्धको भाषाशैली सरल, सहज एवं प्रभावमय रहेको छ । निबन्धलाई वस्तुपरक र विवरणात्मक रूपले उल्लेख गरिएको छ । 'जननी जन्मभूमिश्च स्वर्गादपि

गरीयसी' जस्ता संस्कृत श्लोक प्रयोग गरी निबन्धको विषयवस्तुलाई जीवन्त तुल्याएको छ । पोर्टएवल, माइक्रोस्कोप र फेको मेशिन जस्ता अङ्ग्रेजी शब्द प्रयोग गरिएको छ ।

### ४.१.१० प्रथम भानु महोत्सव

#### ४.१.१०.१ विषयवस्तु

*प्रथम भानु महोत्सव* निबन्ध केदारनाथ खनालको **दुई धार : एक लहर** निबन्धसङ्ग्रहमा सङ्गृहीत दशौं निबन्ध हो । प्रस्तुत निबन्ध शब्दावली ढाँचाको रहेको छ । यस निबन्धमा भानुभक्तको परिचय, जन्मस्थान, जीवनी, वृत्तान्त र भानुभक्त जन्मी हुर्केर वाङ्मयिक साधना सिर्जना गरेको पवित्र साहित्यिक तीर्थस्थलको रूपमा चुँदी रम्घालाई परिचित गराइएको छ । यस निबन्धमा भानुभक्त आचार्यले बाल्यकालमा प्रयोग गरेका सामग्रीहरू र उनी हिँड्ने, पौडने स्थान खोल्सा-खोलाको उल्लेख गरिएको छ । भानु सङ्ग्रहालयभित्र राखिएका भानुभक्त सम्बन्धी पुरातात्विक महत्त्वका बहुमूल्य वस्तुहरूको पनि उल्लेख गरिएको छ । नेपाललाई भाषिक र सांस्कृतिक रूपमा एकसूत्रमा आवद्ध गर्ने नेपालीका आदिकवि भानुभक्तप्रतिको आस्था र श्रद्धा भने हट्दै गएको कुराको जानकारी पनि निबन्धमा उल्लेख गरिएको छ । यो निबन्ध सातपृष्ठको मध्यम आयाममा फैलिएको छ साथै पन्ध्र अनुच्छेद र एकसय सन्तानब्बे पङ्क्तिमा उल्लेख गरिएको छ ।

#### ४.१.१०.२ उद्देश्य

नेपाली साहित्यका प्रणेता भानुभक्तको मार्गदर्शनमा चलेको भाषा, साहित्य र संस्कृतिको उत्थान, परम्परा जसरी यो समाजमा कायम छ, त्यसै गरी भानुभक्तप्रति समग्र नेपाली भाषीहरूले पनि श्रद्धाभाव राख्नुपर्छ । उनको आस्थालाई जीवित रहन उत्प्रेरित गर्नु पर्छ भन्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।

#### ४.१.१०.३ भाषाशैली

प्रस्तुत निबन्धको भाषाशैली सरल, सहज एवं प्रभावकारी रहेको छ । भ्रमणटोलीद्वारा प्रस्तुत गरिएको चुड्का गीत उल्लेख गरी यात्राक्रमलाई मनोरन्जनात्मकता प्रदान गरिएको

छ । प्रसङ्ग अनुसार संस्कृत भाषाका शब्द र श्लोकहरू उल्लेख गरिएको छ । साहित्यिक महोत्सवको कार्यक्रम भएकोले कौरा, चुड्का, लोकनृत्य र लोकदोहोरी गीतको प्रस्तुतीकरण गरेर कार्यक्रमलाई रोचकता प्रदान गरिएको छ । यात्राकारले कार्यक्रममा सहभागिता जनाएको अवसरमा 'आह्वान' शीर्षकमा कवितात्मक शैलीमा आफ्नो भाव व्यक्त गरेका छन्, जसले गर्दा निबन्धमा काव्यात्मकता प्रदान गरेको छ । जस्तै :

प्रभाती व्योम त्यो उघ्यो अन्धकार विनाश भो
भानूदय भयो हाम्रो धरती धन्य धन्य भो
नेपाली भाव-भाषाका प्रथम ध्वनि जागृति
छन् सिञ्चित तिमीबाटै कला साहित्य संस्कृति

स्थान विशेषमा प्रश्नात्मक वाक्यहरूको पनि प्रयोग गरिएको छ ।

## ४.१.११ पुस्तकालयको अवलोकन भ्रमणपछि

### ४.१.११.१ विषयवस्तु

*पुस्तकालयको अवलोकन भ्रमणपछि* निबन्ध केदारनाथ खनालको **दुई धार : एक लहर** निबन्धसङ्ग्रहमा सङ्गृहीत एघारौं निबन्ध हो । प्रस्तुत निबन्धको शीर्षक पदावली ढाँचाको रहेको छ । यस निबन्धमा जनकपुरको हरिवन-६ स्थित चतुर्भुजेश्वर सामुदायिक पुस्तकालयको संलग्नतामा निरक्षर रहेका गृहिणीहरूलाई साक्षर बनाउने र उनीहरूलाई सीपमूलक, आयमूलक, बचत सङ्कलन जस्ता रचनात्मक कार्यको अभियान सञ्चालन गरी महिलाहरूको उत्थान गरेको, उच्च शिक्षाको लागि अवसर प्रदान गरी विभिन्न किसिमको रोजगारीका अवसर पनि पुस्तकालयको गतिविधि सञ्चालनको माध्यमबाट प्राप्त भएको, सामाजिक उत्थान र विकासका लागि आत्मनिर्भर हुन 'सिक र कमाउ'को कार्यलाई महत्त्व दिइएको कुरालाई उल्लेख गरिएको छ । यसै गरी जनकपुरकै अर्को सामुदायिक पुस्तकालय बर्दीबास सामुदायिक पुस्तकालयले पनि महिला बहुउद्देश्यीय सहकारी संस्था, महिला सांस्कृतिक उत्थान केन्द्र र विविध शैक्षिक गतिविधि सञ्चालन गरेर बर्दिबास गाविस स्तरमा नै सामाजिक आर्थिक कार्यक्रमहरू सञ्चालन गरी समाजलाई उन्नतिको शिखर चुम्ने अवसर प्राप्त गराएको हुनाले सामाजिक क्षेत्रमा समर्पित भएर लागिपरे समाजको

अवस्थालाई परिवर्तन गर्न सकिन्छ भन्ने कुरा उल्लेख गरेको पाइन्छ । यो निबन्ध छ पृष्ठको मध्यम आयाममा फैलिएको छ । चौध अनुच्छेद र एकसय उनन्सत्तरी पङ्क्तिमा संरचित रहेको छ ।

### ४.१.११.२ उद्देश्य

हामीले अध्ययन भ्रमणको क्रममा यदि कुनै स्थान वा संस्थाको अवलोकन गरेपछि ती स्थान वा संस्थामा भएको जीवनोपयोगी कुराहरू भ्रमण पश्चात अनुसरण गरी आफ्नो क्षेत्र र संस्थाहरूमा व्यावहारिक परिवर्तन गरेमा हाम्रो समाजको पनि उत्थान र विकास गर्न सकिन्छ भन्ने उद्देश्य रहेको छ ।

### ४.१.११.३ भाषाशैली

प्रस्तुत निबन्धको भाषाशैली सरल, सहज एवं प्रभावमय रहेको छ । यस निब्न्धमा रिड नेपाल, सियल सिलर्निङ्ग एण्ड अनिङ्ग, डब्ल्यू सिटिसि, फास्ट-ट्र्याक र संस्थाको नाममा अङ्ग्रेजी शब्दको प्रयोग गरिएको छ । त्यस्तै कविर्मनीषीपरिभू जस्तो संस्कृत शब्दको प्रयोग भएको पाइनुको साथै आदेशात्मक वाक्यहरूको पनि प्रयोग भएको पाइन्छ ।

## ४.१.१२ अतीतलाई नियाल्दा

### ४.१.१२.१ विषयवस्तु

*अतीतलाई नियाल्दा* निबन्ध केदारनाथ खनालको **दुई धार : एक लहर** निबन्धसङ्ग्रहमा सङ्गृहीत बाह्रौं निबन्ध हो । प्रस्तुत निबन्धको शीर्षक पदावली ढाँचाको रहेको छ । यस निबन्धमा निबन्धकारले चितवनको सुरुको अवस्था वा चितवनमा आवादी हुँदाको सुरुको अवस्थालाई चित्रण गरी चितवनबासीले आफ्नो घरायसी सामग्री खरिद गर्ने तत्कालीन अवस्थाका स्थान डेवौली, भ्कुवानी र ठोरी हुन् भनेका छन् । चितवनमा आवादी भएपछिको अवस्थामा प्रयोग हुने यातायातको साधन घोडा र काठे गाढाको बारेमा, त्यस्तै राप्तीदून विकास परियोजनाद्वारा वितरित जग्गा नापी कार्यका साथै औलो रोग रोकथामको उपायका बारेमा पनि उल्लेख गरेका छन् । पिठुवाको क्षेत्रमा आफ्ना इष्टमित्रसँग रहेर मह काढेको सम्झना र वनपालेले गरेको केरकार, त्यस्तै २०२४ सालमा आफू साझा

यातायातको प्रमुख भएर काम गर्दा तत्कालीन डि.जि.यम. धीरेन्द्रबहादुर विष्टको साथमा शिकार खेल्ने क्रममा चितवनको वीरेन्द्रनगरमा रातको समयमा मृग भनी शिकार गर्दा सेतो गोरु मरेको घटना पश्चात् शिकार गर्न नहिँडेको र आफू पश्चात्तापमा परेको कुरा उल्लेख गरिएको छ । त्यसै गरी बितेका समयको सम्झनालाई स्मरण गर्दा विरगञ्जबाट अमलेखगञ्ज हुँदै टाँडी आउने क्रममा चुरिया माईको जङ्गलभित्र पर्ने सुरुङमार्गमा छिर्दा लागेको त्रासदीपूर्ण अवस्थालाई सम्झँदा आजका मितिसम्म पनि त्यसबेलाको त्रासको स्मरण भई नै रहेको पनि उल्लेख गरिएको छ । प्रस्तुत निबन्ध पाँच पृष्ठ लघुआयाममा फैलिएको छ । उक्त निबन्धमा आठ अनुच्छेद र एकसय पैंतीस पङ्क्तिमा रचना गरिएको छ ।

### ४.१.१२.२ उद्देश्य

निबन्धकारले आफ्नो जीवनकालमा आफूले भोगेका अति मार्मिक र स्मरणयोग्य कुराहरू निबन्ध मार्फत सम्प्रेषण गर्नुका साथै चितवनमा आवादी बस्ती सुरु गर्दाको अवस्थामा देखिएका आर्थिक सामाजिक पक्षहरूको साथै यस जिल्लाको सुरुको अवस्थाको बारेमा पाठकलाई जानकारी गराउनु यस निबन्धको उद्देश्य रहेको छ ।

### ४.१.१२.३ भाषाशैली

आत्मपरक शैलीमा लेखिएको यस निबन्धलाई आवश्यकता अनुसार विवरणात्मक शैलीको पनि प्रयोग गरिएको छ । यस निबन्धको भाषाशैली सरल, सहज एवं प्रभावमय रहेको छ । यस निबन्धमा बनियारी, छतरी, डोलनोड, नथ्थी, खन्ता जस्ता थारु भाषाका शब्दहरूको प्रयोग गरिएको छ । मोटरेवल ग्रयाबेल, क्यूनाइन, टि.सि.एन., डि.जि.यम., बस टर्मिनल, दूरबिन, फिटेड जस्ता अङ्ग्रेजी आगन्तुक शब्दको प्रयोग गरिएको छ । यस्तै नेपालके जेलमे ठोसदिया, गया है जस्ता हिन्दी लवजका शब्दको पनि प्रयोग गरिएको छ ।

### ४.१.१३ ती दिन सम्झँदा

### ४.१.१३.१ विषयवस्तु

*ती दिन सम्झँदा* केदारनाथ खनालको **दुई धार : एक लहर** निबन्धसङ्ग्रहमा सङ्गृहीत तेह्रौं निबन्ध हो । प्रस्तुत निबन्धको शीर्षक शब्दावली ढाँचाको रहेको छ । यस

निबन्धमा निबन्धकारले चितवन जिल्लामा सुरु गरिएको बसोबासको क्रममा अमेरिकी सहयोगमा निर्माणाधिन हेटौंडा-नारायणगढ (राप्ती भ्याली रोड) मोटरेवल ग्रयाभेल सडक र आर.टि.ओ.द्वारा निर्मित हेटौंडा-अमलेखगञ्ज मार्ग, त्यसपछि दक्षिणतर्फ चल्ने अमलेखगञ्ज-रक्सौल रेलवेको माध्यमबाट आफू नरकटियागञ्जको जक्सनबाट मुजफ्फरपुर हुँदै भारतको मध्य प्रदेशमा पर्ने जबलपुर कटनीमा पुगेर अध्ययन गरेको, त्यतिखेर आउजाउ गर्ने क्रममा कुनै स्थानमा (नेपालमा) धुलेबाटो, रेलवे, टाँगा त्यस्तै टाँडीदेखि देवघाट, कालीखोला, नारायणगढ आदि स्थानमा हिँड्दाखेरी घरको सेतो घोडी र छिमेकीको तारे घोडाको माध्यमबाट यात्रा गर्दा आफूलाई त्यो समयको नौलो अनुभूति भएको उल्लेख गरेका छन् । वि.सं. २०१३ सालमा देवघाटबाट त्रिवेणीसम्म जाँदा दुईवटा डुङ्गा जोडेर बाँसको चित्रो मान्द्रोले बेरेर बनाएको जल यातायातको साधनमा चढेर त्यही स्थानमा बसी पत्थर कोइलाको आगोबाट पकाइएको दालभात तरकारी खाँदै, आकाशतिर हेर्दा देखिएको मलेवा र पानीहाँसको दृश्यले आफूलाई अहिले यात्रा गरेका जापान, अमेरिका, बेलायतका स्टिमर र पानी जहाजमा चढ्दा भएको मनोरञ्जनभन्दा अझ बढी रमाइलो भएको अनुभूति भएको यात्रा संस्मरणमा उल्लेख गरिएको छ । तत्कालीन समयमा हेटौंडा-भीमफेदी चिसापनी गढी र मकवानपुरगढी तथा माडी ठोरीसम्मका क्षेत्रमा घोडाबाटै आवतजावत गरेको उल्लेख गरिएको छ । त्यस्तै कालीखोलमा काठ काट्ने कर्मीलाई सामल पुऱ्याउँदा घोडामा लादेर लैजाँदा सामल खसेर आफू पुनः रित्तै घर फर्किंदा लाचार हुन परेको प्रसङ्ग पनि उल्लेख गरिएको छ ।

यसरी निबन्धकारले किशोर अवस्थामा चितवन जिल्लामा भोगे गरेका तथा देखे जानेका कुरा अहिले आएर चितवनले विकासको फड्को मारिसकेको हुनाले यो परिवर्तित समय र सन्दर्भमा अहिलेका नयाँ पुस्तालाई पत्यार नलाग्न सक्छ भनी *ती दिन सम्झँदा* शीर्षक मार्फत संस्मरणात्मक सन्देश दिइएको छ । यो निबन्ध चार पृष्ठको लघु आयाममा फैलिएको छ । यसमा आठ अनुच्छेद र एक सय पन्ध्र पङ्क्तिमा उल्लेख गरिएको छ ।

### ४.१.१३.२ उद्देश्य

चितवनमा पुनर्वास गर्दाको समयमा भए गरेका र देखे भोगेका यातायातका साधन र तत्कालीन समयमा चितवनमा रहेका व्यापारिक क्षेत्रहरूको जानकारी, चितवनका

प्रशासनिक इलाका माल अड्डा, सदरमुकाम आदिका बारेमा जानकारी गराउनु र आफूले किशोर अवस्थामा देखे भोगेका र व्यहोरेका कुराहरूको बारेमा जानकारी गराउनु यस निबन्धको उद्देश्य रहेको छ ।

### ४.१.१३.३ भाषाशैली

यस निबन्धको भाषाशैली सरल, सहज एवं प्रभावमय रहेको छ । यस निबन्धमा निबन्धकारले संस्मरणात्मक शैलीमा प्रस्तुत गरेका छन् । यस निबन्धमा भ्याली, माइल, आर.टि.ओ., रेलवे, मोटरेवल ग्रावेल, अपडाउन, ट्रलीबस, जक्सन, रोपवे जस्ता अङ्ग्रेजी भाषाका शब्दहरू प्रयोग भएका छन् । त्यसै गरी स्थेगनी, घैला जस्ता थारु भाषाका शब्दहरू प्रयोग गरिएको छ भने 'बाँदरको हातमा नरिबल' जस्ता उखान टुक्काको प्रयोग गरी निबन्धलाई जीवन्त तुल्याइएको छ । 'भर्ती भने हुन्छ कि हुन्न बाङ्गे खुट्टी चढायो रेलैमा' जस्ता लोकलयका पङ्क्तिलाई निबन्धमा प्रयोग गरी यात्राक्रमलाई सार्थकता दिइएको पाइन्छ ।

## ४.१.१४ एक सुखद अनुभूति

### ४.१.१४.१ विषयवस्तु

*एक सुखद अनुभूति* निबन्ध केदारनाथ खनालको **दुई धार : एक लहर** निबन्धसङ्ग्रहमा सङ्गृहीत चौथो निबन्ध हो । प्रस्तुत निबन्धको शीर्षक शब्दावली ढाँचाको रहेको छ । यस निबन्धमा राष्ट्रकवि माधव घिमिरेले वि.सं. १९९२ सालदेखि हालसम्म नेपाली साहित्यको कविता विधाका अधिकांश रचनाहरू राष्ट्र, राष्ट्रियता, संस्कृति, प्रकृति र पूर्वीय सभ्यताको मान्यतामा रही विभिन्न रचनाहरू प्रकाशित गरिकन छन्दोबद्ध कवितासङ्ग्रह, गीतिकविता एवं गीतिनाटकहरू लेखी नेपाली साहित्यको भण्डार भरेका कविवर माधव घिमिरेको ८५औं वर्ष प्रवेशको शुभअवसरमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको सभाकक्षमा विशाल समारोहका बिच राष्ट्रिय अभिनन्दन कार्यक्रम सम्पन्न हुँदा उनलाई राष्ट्रकवि पदवीद्वारा सम्मानित गरिएकोमा र माधव घिमिरेद्वारा लिखित **चैत वैशाख** कवितासङ्ग्रह स्वयं राष्ट्रकविको करबाहुलीले विमोचन गर्दा श्रीमतीको पहिलो घुम्टो

उघारेको प्रतिकात्मक अवस्थाको प्रस्तुति गर्दै पचासी वर्षीय युवाकविको संज्ञा दिँदै गरिएकोले यस कार्यलाई नै निबन्धकारले एक सुखद अनुभूति भनी उल्लेख गरेका छन् । प्रस्तुत निबन्ध तीन पृष्ठको लघु आयाममा फैलिएको छ । यसमा पाँच अनुच्छेद र त्रिसठ्ठी पङ्क्ति रहेका छन् ।

### ४.१.१४.२ उद्देश्य

राष्ट्रप्रति समर्पित व्यक्तित्व कविवर माधवप्रसाद घिमिरेले आफ्नो प्रतिभालाई सही र सत्मार्गमा लैजान सकेको कारणले प्राप्त गरेको मान सम्मानको सुअवसरलाई पनि एक सुखद अनुभूतिको रूपमा लिनु यस पाठको उद्देश्य रहेको छ ।

### ४.१.१४.३ भाषाशैली

यस निबन्धको भाषाशैली सरल, सहज एवं प्रभावमय रहेको छ । प्रस्तुत निबन्धमा आफ्ना कृति आफैले विमोचन गर्दा श्रीमतीको पहिलो घुम्टो उघारे जस्तो लाग्यो भनेर प्रतिकात्मकता देखाइएको छ । निबन्धको सुरु 'गाउँछ गीत नेपाली .....' बाट गरिएको छ भने 'क्यै काम नौला नगरी नजाऊँ, अकालमा हे म मरी नजाऊँ ......' जस्ता कवितात्मक श्लोकबाट गरिएको छ ।

### ४.१.१५ पुष्पोपहार

### ४.१.१५.१ विषयवस्तु

*पुष्पोपहार* निबन्ध केदारनाथ खनालको **दुई धार : एक लहर** निबन्धसङ्ग्रहमा सङ्गृहीत पन्ध्रौं निबन्ध हो । प्रस्तुत कविताको शीर्षक शब्दावली ढाँचाको रहेको छ । यस निबन्धमा निबन्धकारले संस्मरणका सबै कुराहरू व्यक्तिपरक रूपमा उल्लेख गरेका छन् । यस निबन्धमा आफूले गोरखा ताकलुङ-२, सिंजाली गौरास्थित आफ्नै घरको गुरुकुलमा अध्ययन गर्ने दौंतरीहरूमध्ये सबैभन्दा चलाख (पढ्नमा) मानिएका मित्र पुष्पराज देवकोटाद्वारा पद्यमा लिखित सङ्क्षिप्त रामायण र गद्यमा लिखित श्रीरामगीता जस्तो दार्शनिक विषयको हस्तलिखित पाण्डुलिपि आफूले प्राप्त गरेको र सो छाप्नलाई आफूले

अवसर प्राप्त गरेको, जसले गर्दा पाठक वर्गमा आध्यात्मिक चेतना भर्ने कामको अतिरिक्त देवकोटाले कवित्व प्राप्तिको प्रदर्शन गरी नेपाली वाङ्मयको सेवा गरी नेपाली साहित्यको भण्डारमा ऊर्जा दिनेगरी हामी पाठक वर्गलाई प्रभावित पार्दै उपहार दिएको सन्दर्भलाई उल्लेख गरेका छन् । त्यस्तै आफूलाई गुरुकुल शिक्षामा शिक्षा दिने गुरुले भरतपुरमा आएर शोधखोज गरेर भेटघाट गरेको त्यो नै गुरु चेला बिचको अन्तिम भेटघाट र भेट भएका एक डेढ महिनाको अन्तरालमा गुरुको देहवसान भएको दुःखद समाचारले विचलित भएकोले गुरुसँग अर्को पटक भेट हुन नपाएकोमा निबन्धकारको मनमा खिन्नता भएको कुरा पनि उल्लेख गरेका छन् ।

### ४.१.१५.२ उद्देश्य

अनौपचारिक शिक्षा प्राप्त गरे तापनि पुष्पराज देवकोटाद्वारा लिखित **सङ्क्षिप्त पद्य रामायण**को पाण्डुलिपिलाई छपाएर प्रकाशित गरी सर्वसाधारणमा आध्यात्मिक चेतना भराउने प्रयास गरी नेपाली वाङ्मयको सेवा गरेर साहित्यको विकास गर्नु र आफूलाई शिक्षा दिन गुरुको सम्मान गर्नुपर्छ भन्ने विषयको जानकारी पाठकवर्गमा पुऱ्याउनु यस निबन्धको उद्देश्य रहेको छ ।

### ४.१.१५.३ भाषाशैली

आत्मपरक शैलीमा लेखिएको यस निबन्धको भाषाशैली सरल, सहज, शुद्ध र सम्प्रेष्य छ । यस निबन्धमा 'हंसैः यथाक्षीरमिबाम्बुमध्यात्' जस्तो सुसंस्कृत भाषाको सूक्तिको समावेश भएको पाइन्छ । त्यस्तै 'यन्नवे भाजने लग्नं संस्कारो नान्यथा भवेत्' जस्ता सद्भाव राख्ने सम्मानयुक्त वाक्य संस्कृत भाषामा लेखिएका छन् । पुरानो घर र नयाँ घरलाई फेन्टाको सिसि जस्तै उस्तै मान्ने प्रतीकको पनि प्रयोग गरिएको छ ।

### ४.१.१६ छन्द बचाउका प्रबोधक

### ४.१.१६.१ विषयवस्तु

*छन्द बचाउका प्रबोधक* निबन्धकार केदारनाथ खनालको **दुई धार : एक लहर** निबन्धसङ्ग्रहमा सङ्गृहीत सोह्रौं निबन्ध हो । प्रस्तुत निबन्धको शीर्षक पदावली ढाँचाको

रहेको छ । यस निबन्धमा कविता विधामा कलम चलाउँदा छन्द बिनाको कवितालाई कविता मान्न सकिँदैन । जो पायो त्यही व्यक्ति कवि हुने र जस्तोसुकै छन्दबिनाको लेखलाई कविता मान्ने प्रवृत्तिको अन्त्य हुनुपर्छ । साहित्यिक शाश्वततालाई आधार मानेर नैतिक एवं शिष्ट तवरले छन्दोबद्ध रूपमा लेखिएका कवितालाई मात्र कविता मान्नुपर्छ । काव्य संस्कृतिको रक्षार्थ छन्दको प्रयोग उचित रूपमा गरिनु पर्छ भनेर कवि माधव वियोगीद्वारा लिखित **छन्दशिरोमणि** महाकाव्यको विमोचन गरी उक्त पुस्तकका सर्जक माधव वियोगी र छन्दोबद्ध रूपमा लिखित **अविश्रान्त** कवितासङ्ग्रहका लेखक गोविन्दराज विनोदीलाई संयुक्त रूपमा कवि शिरोमणि लेखनाथको जन्मजयन्तीको पावन अवसरमा वि.सं. २०६० मा चिसापद्वारा पुरस्कृत गरी छन्द बचाउँ अभियानलाई सार्थक बनाइएको बारे चर्चा गरिएको छ । कविता वा महाकाव्य लेखन परिपाटी नयाँ इतिहासको थालनी गरेको र काव्यिक साधनामा समर्पित सुयोग्य पात्र महाकाव्यकार श्री माधव वियोगीलाई पुरस्कृत गर्न पाएकोमा चितवन साहित्य परिषद् गौरवान्वित भएको उल्लेख गरिएको छ । प्रस्तुत निबन्ध पाँच पृष्ठको लघुआयाममा फैलिएको छ । उक्त निबन्धमा सात अनुच्छेद र एकसय पच्चीस पङ्क्तिमा रचना गरिएको छ ।

## ४.१.१६.२ उद्देश्य

छन्दनायक महाकाव्यकार माधव वियोगीले देखाएको काव्यात्मक शैलीलाई वास्तविकतामा उतार्न नेपालका कवि एवं सर्जकहरूले आफ्नो विशुद्ध कर्म सम्झिनुपर्छ अन्यथा छन्दको प्रयोग नै उचित रूपमा हुन सक्दैन, जसले गर्दा साहित्य नै अपाङ्ग हुन सक्छ । छन्द बचाउनु नै हामी साहित्यकारहरूको धर्म हो र माधव वियोगीजस्ता महाकाव्य लेखन प्रवृत्तिमा लागेका कविहरूलाई छन्दको उचित रूपले प्रयोग गर्ने सर्जकलाई सम्मान गर्नुपर्छ भन्ने यसको उद्देश्य रहेको छ ।

## ४.१.१६.३ भाषाशैली

आत्मपरक शैलीमा लेखिएको यस निबन्धको भाषाशैली सरल, सहज एवं प्रभावमय रहेको छ । यस निबन्धमा छन्दको प्रयोग गरिएका :

अनुशासनको छन्द छन्दमै छ नि गौरव ।
छन्दमय बनाएमा जिन्दगी खुल्छ वास्तव ॥

जस्ता कविताांशको प्रयोग गरी निबन्धलाई जीवन्त तुल्याइएको छ । स्थान विशेष निबन्धमा प्रश्नात्मक वाक्यको प्रयोग गरी सार्थक तुल्याइएको छ ।

## ४.१.१७ सम्भनामा हिउँदका दिन

### ४.१.१७.१ विषयवस्तु

*सम्भनामा हिउँदका दिन* शीर्षकको निबन्ध केदारनाथ खनालको **दुई धार : एक लहर** निबन्धसङ्ग्रहमा सङ्गृहीत सत्रौं निबन्धका रूपमा रहेको छ । यो निबन्धको शीर्षक वाक्यात्मक ढाँचाको रहेको छ । यस निबन्धमा निबन्धकारले आफ्नो अध्ययनको क्रममा छ दशकभन्दा बढी अवधि नेपाली साहित्यमा श्रीवृद्धि गरेका परिष्कारवादी काव्यधाराका नायकका धरोहर कवि शिरोमणि लेखनाथ पौडेलद्वारा सृजित **गोरखा शिक्षा** भाग-२ मा प्रकाशित हिउँदका दिन कविताको स्मृति गरेका छन् । यस कविताबाट सारगर्भित, हृदयस्पर्शी र जीवनोपयोगीको उपदेशका आधारमा आफू प्रभावित भएको मानेका छन् । यस कवितामा उल्लेखित श्लोकमा शरद ऋतुको महिमा, कृषकका घर-गोठमा अन्नादि-परालको पूर्णताले कृषकहरू आत्मनिर्भर भएर स्वाभिमान साथ शिर ठाडो पार्दै हिँड्ने समयमा हिउँदका दिन कविता पढ्ने बालकदेखि बूढापाका व्यक्तिहरूले समेत लय हालेर गाएको सम्भना आजका मितिसम्म पनि आफ्नो स्मृतिपटमा ताजा रहेको जानकारी गराएका छन् । शरदकालीन सप्तरङ्गी फूलहरू बारी, बगैँचा, तलाउ ढकमक्क हुने गरी फुल्ने र कठ्याङ्ग्रिने समय पनि हिउँदका दिन भएको र फाँटमा डम्म कुहिरोले ढाक्ने पनि हिउँदका दिन हुने बताएका छन् । बुबा-हजुरबुबाहरूले आँगनमा बसी पहार ताप्दै आफूहरूलाई यही हिउँदका दिन कविताका कविताांश गुन्गुनाउने गरेको पनि उल्लेख गरेका छन् । त्यसै गरी विद्यालयमा प्रार्थनाको घण्टी पश्चात् गाइने ईश्वर स्तुतिको सन्देशले मानवीय चरित्रको विकास गर्न अभिप्रेरित गर्ने नैतिक, आध्यात्मिक, शिक्षा, दीक्षा, अर्ती, उपदेश र मार्गदर्शनबाट राष्ट्रको विकास, सक्षम राष्ट्रभक्त, सुयोग्य नागरिक निर्माण हुन सक्छ भन्ने उल्लेख गरेका छन् । वर्तमान समयका बालबालिका नैतिक शिक्षाको कमी र रोजगारमुखी शिक्षाको चर्चाले गर्दा शिक्षाले बालबालिकामा राष्ट्र, राष्ट्रियता र समाज एवं जीवनप्रति उदासीन, गैर जिम्मेवारी र संस्कार विहीन अवस्थामा पुऱ्याइएको समेत उल्लेख गरिएको छ । यस निबन्धमा कालक्रमिक रूपमा गाइएका राष्ट्रिय गीतहरूको समेत उल्लेख गरिएको

छ । प्रस्तुत निबन्ध पाँच पृष्ठको लघु आयाममा फैलिएको छ । यो निबन्ध बाह्र अनुच्छेद र एकसय तीस पङ्क्तिमा रचना गरिएको छ ।

### ४.१.१७.२ उद्देश्य

*सम्झनामा हिउँदका दिन* निबन्धले नेपाली साहित्यमा श्रीवृद्धि गरेका कविवर लेखनाथ पौडेलद्वारा रचित 'हिउँदका दिन' कवितामा आत्मनिर्भरता, स्वाभिमान, प्राकृतिक सम्पदाको परिदृश्य, वातावरणको चित्रण, व्यवहारिक शिक्षा, संस्कार, राष्ट्र र राष्ट्रियताप्रतिको सम्मानजस्ता कुराहरूलाई हामीले आत्मसात् गर्नुपर्छ भन्ने सन्देश दिनु नै यस निबन्धको उद्देश्य रहेको छ ।

### ४.१.१७.३ भाषाशैली

प्रस्तुत निबन्धको भाषाशैली सरल, सहज एवं प्रभावमय रहेको छ । यसमा नैतिक शिक्षा र ईश्वरस्तुतिको कुरालाई उल्लेख गरिनुका साथै छ दशकभन्दा पहिलेका विद्यार्थीहरूको अध्ययन शैलीको समेत उल्लेख गरिएको छ । यस निबन्धको बिचबिचमा समयसापेक्ष गाइएका राष्ट्रिय गीतका अंश प्रस्तुत गरिएको छ भन्ने हिउँदका दिन कविताका कवितांश प्रयोग गरी निबन्धलाई रोचक र आकर्षक बनाइएको छ । जस्तै :

मित्र हो ! हिउँदका दिन आए सूर्यले मधुर कान्ति फिँजाए ।
छैन कहीँ झरी, बादल, वर्षा हर्षको छ सबमा अब वर्षा ॥

मानियो रस चाड तिहार तापनु छ अब खाली पहार ।
घाममा बस र पुस्तक फोऊ पाठ घोक पहिला तिमी होऊ ॥

समय अवधिलाई बोधगम्य गर्न कोष्ठीकरणको प्रयोग गरिएको छ ।

## ४.१.१८ सम्झनाको क्षितिजमा नारायणी कला मन्दिर

### ४.१.१८.१ विषयवस्तु

*सम्झनाको क्षितिजमा नारायणी कला मन्दिर* निबन्ध केदारनाथ खनालको **दुई धार : एक लहर** निबन्धसङ्ग्रहमा सङ्गृहीत अठारौं निबन्ध हो । प्रस्तुत निबन्धको शीर्षक पदावली

ढाँचाको रहेको छ । यस निबन्धमा निबन्धकारले नारायणी कला मन्दिरको स्थापनाकालको समयमा र नारायणी मा.वि. को निर्माणाधीन अवधिमा आफू नारायणी मा.वि. को प्र.अ. वा विद्यालय व्यवस्थापन समितिको सदस्य सचिव हुँदा नारायणी कला मन्दिर र आफ्नो विद्यालय भवनको छानो छाउन आवश्यक पर्ने जस्तापाता प्राप्त गर्ने क्रममा आफू लगायत नारायणी कला मन्दिरका जिम्मेवार प्रतिनिधिहरूले देखाएको क्रियाशीलताको स्मरण गरेका छन् । दुवै सामाजिक संस्थालाई आवश्यक पर्ने जस्तापाता र किलाकाँटी मन्त्रालयबाट स्वीकृत भएको र प्राप्त सामग्री मन्त्रालयकै सम्पर्कमा रहने गरेको, ट्रकमा लोड गरी अरू साथीहरूले आफूलाई जिम्मा लगाई छोडेको, तत्पश्चात् ट्रक ड्राइभर महादेवस्थानको भट्टीवालीसँग छिल्लिएर बस्दा आफूले सडकको छेउमा उभ्याइएको ट्रकको सिटमा बसी रात काटेको स्मरण आजका मितिसम्म ताजा रहेको र यसरी आफ्नो र नारायणी कला मन्दिरका प्रतिनिधिहरूको अथक प्रयास नारायणी मा.वि. र नारायणी कला मन्दिरको भवनको छानो छाउने काम पूरा भएको सम्झना आजका मितिसम्म ताजै रहेको उल्लेख गरेका छन् । नारायणी कला मन्दिरका साथीहरूसँग समय समयमा सहभागी र सहकार्य हुँदै आएको तर पनि त्यो जस्तापाता ल्याउँदाको सम्झना निबन्धकारको स्मृतिपटमा अमिट छाप बनेर रहेको उल्लेख गरिएको छ । प्रस्तुत निबन्ध चार पृष्ठको लघु आयाममा फैलिएको छ । उक्त निबन्ध पाँच परिच्छेद र उनान्सय पङ्क्तिमा चर्चा गरिएको छ ।

### ४.१.१८.२ उद्देश्य

नारायणी मा.वि. र नारायणी कला मन्दिरको विगत ३ दशक पहिलेको अवस्थाको बारेमा जानकारी दिन र त्यस्तै विशेषरूपमा वर्तमान समयमा नारायणी कला मन्दिरमा निबन्धकारले खेल्दै आएको भूमिकाको बारेमा जानकारी दिनु यस निबन्धको उद्देश्य रहेको छ ।

### ४.१.१८.३ भाषाशैली

आत्मपरक शैलीमा लेखिएको यस निबन्धको भाषाशैली सरल, सहज, शुद्ध र सम्प्रेष्य छ । यस निबन्धमा हाइस्कुल, एसएलसी, लोडसेडिङ जस्ता अङ्ग्रेजी आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । रात्रि, तत्क्षण जस्ता संस्कृत शब्दहरूको पनि प्रयोग भएको पाइन्छ । यस निबन्धको बिचबिचमा कवि लेखनाथ पौडेलको कवितांश :

मत्ता हात्ती हलुङ्गा विकट कटकटे रेलगाडी हलुङ्गो ॥

जङ्गी बेडा हलुङ्गो वितत जलाधिको ह्वेलमाछो हलुङ्गो ॥

प्रयोग गरिएको छ । निबन्धमा कवितात्मक भाषाशैलीको प्रयोग गरिएको छ भने हुन्छ बाजे, ढाँट मन्त्री, चङ्खे बाहुन, चिरले किरो आदि अनेक उपाधियुक्त विशेषणको प्रयोग गरी संस्मरणात्मक शैलीमा निबन्धलाई पूर्णता दिइएको छ ।

## ४.१.१९ पदमश्रीको ताजमा झमक घिमिरे

### ४.१.१९.१ विषयवस्तु

*पदमश्रीको ताजमा झमक घिमिरे* निबन्ध केदारनाथ खनालको **दुई धार : एक लहर** निबन्धसङ्ग्रहमा सङ्गृहीत उन्नाइसौं निबन्ध हो । प्रस्तुत निबन्धको शीर्षक पदावली ढाँचाको रहेको छ । प्रस्तुत निबन्धमा रसा निवासी गैर आवासीय नेपाली व्यक्तित्व जीवनाथ लामिछानेद्वारा सञ्चालित खेमलाल हरिकला लामिछाने समाज कल्याण प्रतिष्ठानको माध्यमबाट आफ्नो जन्मस्थल पूर्वी चितवनको पदमपुरको पुण्यस्मृतिमा पदमश्री पुरस्कार स्थापना गरी नेपाली साहित्यमा अनुकरणीय योगदान पुऱ्याउने साहित्यकारहरूको सम्मानार्थ यो पुरस्कारको व्यवस्था गरिएको कुरा उल्लेख छ । पदमपुरमा जन्मिएर हुर्किएर नेपाल मा.वि. टाँडीमा एसएलसी गरेपछि काठमाडौं हुँदै रसामा उच्च स्तरको पढाइ सकेर कमाइ गर्न सफल अन्तर्राष्ट्रिय छवि भएका साहित्यानुरागी जीवा लामिछाने भाषा, साहित्य, कला, संस्कृतिप्रति अगाध रुचि राख्ने भएकोले सहित्य र स्रष्टाको सम्मान गरौं भन्ने भावनाले अभिप्रेरित भएर पदमश्री पुरस्कारको स्थापना गरेको उनको भनाई उल्लेख गरिएको छ । यसै गरी वि.सं. २०६८ सालको पदमश्री साधना पुरस्कारद्वारा सम्मानित हुने प्रतिभाहरूमा जन्मेदेखि हातगोडा नचल्ने, उभिन, बोल्न नसक्ने तर धमिलो धमिलो देख्न, सुन्न र अति तीक्ष्ण रूपले बुझ्न सक्ने विलक्षण प्रतिभाकी धनी असाधारण साहित्यकार झमक घिमिरे र र वयोवृद्ध राष्ट्रकवि माधव घिमिरे सम्मानित भएको कुरा उल्लेख गरिएको छ । त्यस्तै साहित्यकार झमक घिमिरेको असाधारण साहित्यिक व्यक्तित्वदेखि प्रभावित भएर 'पदमश्री साधना' पुरस्कार बाहेक झमक घिमिरे प्रतिष्ठानलाई रु. एक लाख पचास हजारको धनराशी प्रदान गरी झमक घिमिरेलाई नै सम्मान दिन तल्लीन जीवा लामिछानेले झमक घिमिरेलाई कुनै माया ममता एवं उदारता देखाएर नभइकन उनको साहित्यिक व्यक्तित्वको

उत्कृष्टतालाई सम्मान गरिएको उल्लेख गरिएको छ । शारीरिक रूपले दुर्बल भए पनि चेतनाको स्तरले शिखर चुम्न सफल झमक घिमिरे 'पद्मश्री साधना पुरस्कार'द्वारा सम्मानित हुँदाको क्षणमा निबन्धकार स्वयम् भावविभोर भएर अत्यन्त हर्षित भएको कुरा पनि उल्लेख गरिएको छ । प्रस्तुत निबन्ध छ पृष्ठको लघुआयाममा फैलिएको छ । उक्त निबन्ध तेह्रौं अनुच्छेद र एक सय सत्तरी पङ्क्तिमा रचना गरिएको छ ।

## ४.१.१९.२ उद्देश्य

वयोवृद्ध राष्ट्रकवि माधव घिमिरे एवं शारीरिक रूपले अत्यन्त दुर्बल र पूर्णतया स्वाध्यायी स्रष्टा झमक घिमिरेले सहित्यको क्षेत्रमा देखाएको उच्चताका कारणले गर्दा प्राप्त भएको श्रीवृद्धिले उनीलाई वि.सं. २०६८ सालको 'पदमश्री साधना' पुरस्कारद्वारा सम्मानित गरिएको उल्लेख गरिनु यस निबन्धको उद्देश्य रहेको छ ।

## ४.१.१९.३ भाषाशैली

प्रस्तुत निबन्धको भाषाशैली सरल, सहज एवं प्रभावमय रहेको छ । उक्त निबन्ध "जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी" जस्तो संस्कृत भाषाको श्लोकबाट निबन्धको आरम्भ गरिनुका साथै बिचबिचमा पनि प्रयोग गरिएको छ । त्यसै गरी 'फूलको आँखामा फूलै संसार, काँडाको आँखामा काँडै संसार' जस्तो गीतको पङ्क्तिको पनि उल्लेख गरी निबन्धलाई जीवन्त तुल्याइएको छ । निबन्धको बिचबिचमा प्रश्नात्मक शैलीको पनि प्रयोग गरिएको छ । स्थान विशेषमा प्रश्नात्मक वाक्यहरूको प्रयोग गरिएको छ, जसले निबन्धलाई रोचकता प्रदान गरेको छ । नहीँ देखता, दादा जस्ता हिन्दी शब्दको प्रयोग गरिएको छ । लर्निङ एण्ड अर्निङ, एनआरएन, एसएलसी, एसएमएस, रिसिभर र आर्मी जस्ता अङ्ग्रेजी आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ ।

## ४.१.२० जदौका अभियन्ता

## ४.१.२०.१ विषयवस्तु

*जदौका अभियन्ता* निबन्ध केदारनाथ खनालको **दुई धार : एक लहर** निबन्धसङ्ग्रहमा सङ्गृहीत बिसौं निबन्ध हो । प्रस्तुत निबन्धको शीर्षक शब्दावली ढाँचाको रहेको छ । प्रस्तुत

निबन्धमा नेपाली सञ्चार, संस्कृति र साहित्यका त्रिआयामिक व्यक्तित्व यज्ञनिधि दाहालको अभिनन्दन कार्यक्रममा निबन्धकार स्वयम् चितवन साहित्य परिषद् र नेपाल लेखक सङ्घ नारायणी अञ्चलको तर्फबाट उपस्थित भएको उल्लेख गरिएको छ । वि.सं. २०४० देखि रेडियो नेपालमा 'साहित्य संसार' कार्यक्रम सञ्चालन गर्दादेखि लोकप्रियताको शिखर चुम्दै आएका साहित्यानुरागी 'जदौ' शब्दका प्रयोगकर्ता यज्ञनिधि दाहाल जदौ र यज्ञनिधि एक अर्काका पर्यायवाची शब्दका रूपमा प्रयोग भएको चर्चा गरिएकोछ । 'साहित्य संसार' कार्यक्रम सञ्चालन गर्दा कसैका लागि अति उत्तम व्यक्तित्व र कसैका लागि काँडाको रूपमा देखिएका यज्ञनिधि दाहाल निडर, निर्भीक र राज्यसञ्चालन व्यवस्थाप्रति चाकडी चाप्लुसी गर्ने प्रवृत्ति नभएको व्यक्तित्वका रूपमा उल्लेख गरिएको छ । प्रस्तुत निबन्ध तीन पृष्ठको लघु आयाममा फैलिएको छ । उक्त निबन्धमा चार अनुच्छेद र एकहत्तर पङ्क्ति रहेका छन् ।

### ४.१.२०.३ उद्देश्य

विगत रेडियो नेपालका साहित्यिक कार्यक्रम सञ्चालक तथा मञ्चीय उद्घोषणका अग्रगन्य व्यक्तित्व एवं साहित्य संसार कार्यक्रमका सञ्चालक, जदौ शब्दको प्रयोगकर्ता, यज्ञनिधि दाहालको नेपाली लेखक सङ्घ र साहित्यिक सङ्घ संस्थाहरूको आयोजनामा गरिएको सम्मान कार्यक्रमको जानकारी गराउनु नै यस निबन्धको उद्देश्य रहेको छ ।

### ४.१.२०.३ भाषाशैली

आत्मपरक शैलीमा लेखिएको यस निबन्धको भाषा सरल, सहज एवं प्रभावमय रहेको छ । यस निबन्धमा रिङ्गटोन, म्यासेज बक्स, एसएमएस जस्ता अङ्ग्रेजी आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । यसमा 'मामाको खलेजाँतो उठेपछिको भान्सा', 'नखाउँ त दिनभरीको सिकार, खाउँ त कान्छा बाउको अनुहार' जस्ता उखान 'जहाँ चाह त्यहाँ राह' जस्तो उक्ति त्यस्तै 'कसैलाई लिस्नु र कसैलाई सिस्नु', 'कसैलाई पीर र कसैलाई खीर' जस्ता सचेतनायुक्त उक्तिहरू पनि प्रसङ्ग अनुसार प्रयोग गरिएको छ ।

### ४.१.२१ हेटौंडा र मातृभूमि साहित्य समाज

#### ४.१.२१.१ विषयवस्तु

*हेटौंडा र मातृभूमि साहित्य समाज* निबन्ध केदारनाथ खनालको **दुई धार : एक लहर** निबन्धसङ्ग्रहमा सङ्गृहीत एक्काइसौं निबन्ध हो । प्रस्तुत निबन्धको शीर्षक पदावली ढाँचाको रहेको छ । यस निबन्धमा अमेरिकाको सहयोगमा हेटौंडा-नारायणगढ (राप्ती भ्याली रोड) ग्रावेल सडक बनेपछि हेटौंडाको आवादी विस्तार भएर अहिले नारायणी अञ्चल एवं मध्यमाञ्चलकै क्षेत्रीय सदरमुकामको रूपमा हेटौंडाको विकास भएको र द्वापरयुगमा पाण्डवहरू मत्स्यदेश जाने बाटोमा हिडम्बा राक्षसले अवरोध पुऱ्याएको स्थानलाई हेटौंडा भनिएको भनी उल्लेख गरिएको छ । मातृभूमि साहित्य समाज (२०५६) हेटौंडा मकवानपुरद्वारा नेपाली साहित्यको श्रीवृद्धिमा विशेष योगदान पुऱ्याएका साहित्यकारहरू रामबाबु घिमिरे, गोविन्दराज विनोदी र श्री परशु प्रधान, त्यस्तै बाद्यवादनमा सक्रिय सङ्गीत साधक नेत्रहीन ईश्वर खड्का एवं सार्वजनिक विद्यालयमा अध्ययन गरेर उत्कृष्टता हासिल गर्ने विद्यार्थी सृष्टि पुडासैनी, आशिष अधिकारी र दार्जिलिङमा बसेर नेपाली भाषा साहित्यको श्रीवृद्धिमा योगदान गर्नुहुने गीता क्षेत्री र जोगेन दर्लानलाई प्रदान गरिएका पुरस्कार एवं सम्मानको बारेमा उल्लेख गरिएको छ ।

#### ४.१.२१.१ उद्देश्य

हेटौंडाको नामाकरण कसरी भएको र नेपाली समाजको विभिन्न क्षेत्रमा रहेका व्यक्तित्वहरूले गरेको योगदानको उच्च मूल्याङ्कन गरी उनीहरूलाई उत्साहित गर्नका लागि पुरस्कृत र सम्मानित गरेको खण्डमा नेपालमा रहेका साहित्यिक संस्थाले पनि भूमिका निर्वाह गर्न सक्छन् भन्नु यस निबन्धको उद्देश्य रहेको छ ।

#### ४.१.२१.३ भाषाशैली

आत्मपरक शैलीमा लेखिएको यस निबन्धको भाषाशैली सरल, सहज एवं प्रभावमय रहेको छ । प्रस्तुत निबन्धमा आर.टि.ओ., फजवे, ग्राबेल, रेलवे जस्ता अङ्ग्रेजी आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । त्यसै गरी 'साहित्य सङ्गीत कला विहीन, साक्षात् पशु

पुच्छविषाणविहीन' जस्ता संस्कृत सूक्तिको प्रयोग गरिएको छ । "ट्याक्सी गुडाउँदै बाइरोडको बाटोमा धुलो उडाउँदै" जस्ता लोकगीतको प्रयोगले निबन्धलाई थप आकर्षक र रोचक बनाएको छ ।

## ४.१.२२ आकर्षक व्यक्तित्व प्रा. आनन्ददेव भट्ट

### ४.१.२२.१ विषयवस्तु

*आकर्षक व्यक्तित्व प्रा. आनन्ददेव भट्ट* निबन्ध केदारनाथ खनालको **दुई धार : एक लहर** निबन्धसङ्ग्रहमा सङ्गृहीत बाइसौं निबन्ध हो । प्रस्तुत निबन्धको शीर्षक पदावली ढाँचाको रहेको छ । प्रस्तुत निबन्धमा प्रा. आनन्ददेव भट्टको शारीरिक एवं बौद्धिक व्यक्तित्वको बारेमा निबन्धकारले आफ्नो संस्मरणमा उल्लेख गर्दै धारावाहिक रूपमा सशक्त रूपमा अभिव्यक्ति दिन सक्ने कवि, समीक्षक, अनुवदक, चिन्तक प्रा. आनन्ददेव भट्ट नेपाली पाठकका निम्ति पठनीय एवं पढिने प्रतिभा हुन् भनी उल्लेख गरिएको छ । प्रस्तुत निबन्ध दुई पृष्ठको लघु आयाममा फैलिएको छ । उक्त निबन्ध पाँचौं परिच्छेद र चवन्न पङ्क्तिमा संरचित छ ।

### ४.१.२२.२ उद्देश्य

प्राध्यापक आनन्ददेव भट्टसँग रहेको बौद्धिक व्यक्तित्वले नेपाली समाजमा रहेका पाठक वर्गहरूलाई उनको राष्ट्रभाषाप्रतिको अनुराग, सेवा साधना, विचार, दर्शन जस्ता कुराहरूको बारेमा जानकारी गराउनु र उनी प्रगतिशील धाराका कवि, समीक्षक, अनुवादक र चिन्तक हुन् भन्ने कुराको जानकारी दिनु यस निबन्धको उद्देश्य रहेको छ ।

### ४.१.२२.३ भाषाशैली

प्रस्तुत निबन्धको भाषाशैली सरल, सहज एवं प्रभावमय रहेको छ । निबन्धमा शारीरिक एवं साहित्यिक व्यक्तित्वको अन्तर्क्रियामा भाग लिएर बिताएका क्षणहरूलाई निबन्धकारले संस्मरणात्मक शैलीमा अभिव्यक्त गरेका छन् । प्रस्तुत निबन्धमा मेडम, एस.एल.सी., हाइस्कुल, प्रिन्सिपल, इन्टरकलेज जस्ता अङ्ग्रेजी आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ ।

## ४.१.२३ स्मृतिमा सप्तगण्डकी बहुमुखी क्याम्पस

### ४.१.२३.१ विषयवस्तु

*स्मृतिमा सप्तगण्डकी बहुमुखी क्याम्पस* निबन्धसङ्ग्रहमा सङ्गृहीत तेइसौं निबन्ध हो । प्रस्तुत निबन्धको शीर्षक पदावली ढाँचाको रहेको छ । प्रस्तुत निबन्धकारको संलग्नतामा यस संस्थाको शैशवकाल नारायणी मा.वि. को तत्कालीन प्र.अ. स्वयम् आफू रहँदा अनुकूल हुँदा नहुँदा भए पनि क्याम्पस स्वीकृतिका लागि अर्थ सङ्कलनमा पुऱ्याएको योगदानको स्मरण गरिएको कुरा उल्लेख छ । वर्तमान समयमा सो कार्यको मूल्याङ्कन नगरिएको भए तापनि आफूले एक दशकसम्म यस क्याम्पसमा प्राध्यापन गरेकोमा यसै क्याम्पस अन्तर्गत गठित पब्लिक क्याम्पस प्राध्यापक सङ्घ नेपाल सप्तगण्डकी बहुमुखी एकाइ समितिले गरेको सम्मानले आफू गौरवान्वित भएको उल्लेख गरिनुका साथै २०३६ सालपछि चितवनमा निजिस्तरमा देखिएको उच्च शिक्षाको थालनीको क्रममा खोलिएका क्याम्पसहरूको उद्गम स्थलहरूको बारेमा चर्चा गरिएको छ । प्रस्तुत निबन्ध पाँचौं पृष्ठको लघु आयाममा फैलिएको छ । उक्त निबन्ध दश अनुच्छेद र एकसय अट्ठाइस पङ्क्तिमा रचना गरिएको छ ।

### ४.१.२३.२ उद्देश्य

सप्तगण्डकी क्याम्पसको स्थापना कालमा भए गरेका कार्यहरूको साथै २०३६ सालपछि चितवन जिल्लाको निजीस्तरमा देखिएको उच्च शिक्षाको बारेमा र ती संस्थामा हावी भएका व्यक्तित्वहरूद्वारा संस्थाको स्थापनाकालमा काम गरेका व्यक्तित्वहरूको मूल्याङ्कन नगरिएको विषयवस्तुको बारेमा जानकारी दिनु वा स्मरण गर्नु यस निबन्धको उद्देश्य रहेको छ ।

### ४.१.२३.३ भाषाशैली

आत्मपरक शैलीमा लेखिएको निबन्धको भाषाशैली सरल, सहज एवं प्रभावमय रहेको छ । प्रस्तुत निबन्धमा प्राइभेट कलेज, रिवैन्ड, एसएलसी, ब्लक, गडफादर, रिक्स इन्डक्सन टु, एजुकेशन, एम.ए., पिएच.डि., इन्जिनियरिङ जस्ता अङ्ग्रेजी आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । रात्रि, 'श्रेयासि बहुविघ्नानि ....' जस्ता संस्कृत शब्दको प्रयोग प्रसङ्ग अनुसार

गरिएको छ । मितज्यूले एउटा हलो र मितज्यूलाई एकपाथी धान सित्तैमा, खोलो तऱ्यो लौरो बिर्स्यो जस्ता उखान टुक्काको प्रयोग गरी निबन्धलाई रोचक बनाइएको छ । ......... देर है अन्धेर नही कहावतमा जस्ता हिन्दी भाषाका कथनहरूको प्रयोग गरिएको छ ।

## ४.१.२४ प्रेरक व्यक्तित्व

### ४.१.२४.१ विषयवस्तु

*प्रेरक व्यक्तित्व* निबन्ध केदारनाथ खनालको **दुई धार : एक लहर** निबन्धसङ्ग्रहमा सङ्गृहीत चौबिसौं निबन्ध हो । यस निबन्धको शीर्षक शब्दावली ढाँचाको रहेको छ । प्रस्तुत निबन्धमा श्री जङ्गबहादुर गुरुङ्ग समाज सेवाका लागि निःस्वार्थ भाव राखी एउटा हक्की, कर्मठ र समाजसेवी व्यक्तित्वका रूपमा परिचित भएकोले वि.सं. २०३२ को नेरोघेरोमा नारायणी मा.वि. को खातिर निबन्धकारको साथमा काठमाडौं क्षेशिनिको कार्यालयमा उपस्थित भई विद्यालयको बारेमा जानकारी गराउनुको साथै भरतपुर नगर पञ्चायतको वडा नं. १० को अध्यक्ष र नगर पञ्चायत भरतपुरको उपाध्यक्ष पदमा निर्वाचित भई जनताको एवं समाज सेवाको कार्यमा तल्लीन रही आफ्नो समग्र जीवन जनताको सेवा, सामाजिक विकास र निर्माणको काममा खर्चिएका व्यक्तित्व भएको हुनाले उनलाई चितवनका एउटा प्रेरणादायी व्यक्तित्वको खम्बाको रूपमा उल्लेख गरिएको छ । प्रस्तुत निबन्ध दुई पृष्ठको लघु आयाममा फैलिएको छ । उक्त निबन्धमा एक अनुच्छेद बाहेक अन्य अनुच्छेदहरू उल्लेख गरिएका छैनन् र पैतिस पङ्क्तिहरूमा उल्लेख गरिएको छ ।

### ४.१.२४.२ उद्देश्य

भरतपुर क्षेत्रका लागि एउटा प्रेरणादायी व्यक्तित्वको रूपमा रहेको श्री जङ्गबहादुर गुरुङ आज हाम्रो सामु नरहे तापनि उनका कार्यहरूको अनुसरण हामीले गर्नुपर्दछ । यिनका कार्यहरू प्रशंसनीय छन् । यिनका कालजयी कार्यहरूको स्मरण गर्दै स्वर्गीय आत्माको चिरशान्तिका निम्ति श्रद्धाञ्जली अर्पण गर्नु यसको उद्देश्य रहेको छ ।

### ४.१.२४.३ भाषाशैली

यस निबन्धको भाषाशैली सरल, सहज एवं प्रभावमय रहेको छ । यसमा हाइस्कुल, डेलिगेशन जस्ता अङ्ग्रेजी आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । कतै कतै प्रसङ्ग

मिलाएर प्रश्नात्मक वाक्यको पनि प्रयोग गरिएको छ । प्रसङ्ग अनुसार कोष्ठीकरणको प्रयोग गरिएको छ ।

## ४.१.२५ श्रद्धासुमन मायादेवी देवकोटा

### ४.१.२५.१ विषयवस्तु

*श्रद्धासुमन मायादेवी देवकोटा* निबन्ध केदारनाथ खनालको **दुई धार : एक लहर** निबन्धसङ्ग्रहमा सङ्गृहीत पच्चीसौं निबन्ध हो । प्रस्तुत निबन्धको शीर्षक शब्दावली ढाँचाको रहेको छ । प्रस्तुत निबन्धमा स्व. पं. हरिभक्त देवकोटाको पुण्यस्मृतिमा स्थापित हरि सांस्कृतिक केन्द्र (२०४६) ले गोरखा जिल्लाको कला, साहित्य, संस्कृति, गीत, सङ्गीतको खोज अनुसन्धान गरिएका प्रकाशित कृतिहरूलाई पुरस्कृत गरेर सर्जकहरूलाई प्रोत्साहित गर्ने कार्य हरि सांस्कृतिक केन्द्रकी संरक्षिका मायादेवी देवकोटाबाट भएको उल्लेख छ । निबन्धकार स्वयम् **यात्राका स्पन्दनहरू** नामक कृति प्रकाशित गरेर पुरस्कृत भएको उल्लेख गरेका छन् । विशेषतः राजेश्वर देवकोटा राणा विरोधी आन्दोलनदेखि नै परिचित भएको कुरा उल्लेख गरिनुका सथै गोरखाली सर्जकहरूलाई उचित रूपमा सम्मान गर्ने हरि सांस्कृतिक केन्द्रकी बात्सल्यमयी संरक्षिका मायादेवी देवकोटाको इहलीला समाप्त भएकोमा निबन्धकार स्तब्ध हुँदै उहाँको स्वर्गीय आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गरिएको निबन्धमा उल्लेख गरिएको छ । प्रस्तुत निबन्ध चार पृष्ठको लघु आयाममा फैलिएको छ । उक्त निबन्ध आठ अनुच्छेद र चौरानब्बे पङ्क्तिहरूमा रचना गरिएको छ ।

### ४.१.२५.२ उद्देश्य

हरि सांस्कृतिक केन्द्रकी वात्सल्यमयी संरक्षिकाले देखाएको साहित्यप्रतिको सहानुभूतिका कारण साहित्यप्रेमी सर्जकहरूलाई थप हौसला र प्रेरणामा टेवा पुग्ने भएकोले उनको भौतिक शरीर हाम्रोसामु नभए तापनि उनको कार्यको उच्च मूल्याङ्कन गर्दै उनको चिरशान्तिका लागि श्रद्धाञ्जली अर्पण गर्नु यस निबन्धको उद्देश्य रहेको छ ।

### ४.१.२५.३ भाषाशैली

आत्मपरक शैलीमा लेखिएको यस निबन्धको भाषाशैली सरल, सहज एवं प्रभावमय रहेको छ । प्रस्तुत निबन्धमा एजेन्सी, एडभरटाइजिङ, अफिस, लिस्ट जस्ता अङ्ग्रेजी

आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । 'जननी जन्मूमिश्च स्वर्गादपि गरीयसी', 'साहित्य-सङ्गीत कला विहीनः, साक्षात् पशुः पुच्छविषाणहीन' जस्ता उक्ति र 'कीतिर्यस्य स जीवति' जस्ता संस्कृत वाक्यांशहरूको प्रयोग गरिएको छ । 'कुन्डे कुन्डे पानी मुन्डे मुन्डे बुद्धि' जस्तो उखान टुक्काको प्रयोग गरी निबन्धलाई जीवन्त तुल्याइएको छ । कतै कतै प्रसङ्ग अनुसार वाक्यांशहरूमा कोष्टीकरणको प्रयोग गरिएको छ ।

## ४.१.२६ केशव न्यौपाने र जनजागृति मावि पिठुवा

### ४.१.२६.१ विषयवस्तु

*केशव न्यौपाने र जनजागृति मा.वि. पिठुवा* निबन्ध केदारनाथ खनालको **दुई धार : एक लहर** निबन्धसङ्ग्रहमा सङ्गृहीत छब्बीसौं निबन्ध हो । प्रस्तुत निबन्ध पदावली ढाँचाको रहेको छ । प्रस्तुत निबन्धमा पिठुवा निवासी सरल, सहज, मिलनसार व्यक्तित्व केशव न्यौपानेले पिठुवा नि.मा.वि. लाई विस्तार गरी मा.वि. सञ्चालन गर्दाको अवधिमा गरेको योगदान र विकासको चर्चा गर्नुका साथै अज्ञात व्यक्तिको क्रूर शिकारमा परी मरणासन्न अवस्थामा पुगेको उनको क्षतविक्षत शरीर उपचारको अभावका कारण दिवङ्गत हुनुपरेको कुरालाई उल्लेख गरिएको छ । प्रस्तुत निबन्ध दुई पृष्ठको लघु आयाममा फैलिएको छ । उक्त निबन्ध आठ अनुच्छेद र अन्ठाउन्न पङ्क्तिमा उल्लेख गरिएको छ ।

### ४.१.२६.२ उद्देश्य

केशव न्यौपानेले पिठुवा मा.वि. को लागि दिएको योगदानका कारणले त्यस क्षेत्रमा ल्याएको सामाजिक, शैक्षिक, आर्थिक जागरण र उनको अरूप्रति तुरुन्तै विश्वास गर्ने प्रवृत्तिका कारणले अज्ञात व्यक्तिको क्रूरताबाट इहलीला समाप्त भएको बारेमा जानकारी गराउनु यसको उद्देश्य रहेको छ ।

### ४.१.२६.३ भाषाशैली

आत्मपरक शैलीमा लेखिएको यस निबन्धको भाषा सरल, सहज एवं प्रभावमय रहेको छ । प्रस्तुत निबन्धमा मास्टर, डेस्क, बेन्च, स्काउटिङ्ग जस्ता अङ्ग्रेजी आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । 'नरो वा कुन्जरो वा अश्वत्थामा हतोहत' जस्ता संस्कृत श्लोकांशहरूको प्रयोग गरिएको छ ।

### ४.१.२७ नारायणीको लहरमा

### ४.१.२७.१ विषयवस्तु

*नारायणीको लहरमा* निबन्ध केदारनाथ खनालको **दुई धार : एक लहर** निबन्धसङ्ग्रहमा सङ्गृहीत सत्ताइसौं निबन्ध हो । प्रस्तुत निबन्धको शीर्षक शब्दावली ढाँचाको रहेको छ । यस निबन्धमा वि.सं. २०२० बाट सुरुमा रात्रि प्रौढ स्कुलको नामले भरतपुर प्रा.वि. को झुप्रोमा सञ्चालन भई चितवन हाइस्कुलको मातहतमा रहेर २०२८ पौष २ गतेका दिनदेखि औपचारिक रूपमा रात्रिमा ८, ९ र १० का मा.वि. कक्षाहरू र दिउँसो भरतपुर मिडिल स्कुलका नामले ४, ५, ६ र ७ का नि.मा.वि. कक्षाहरू सञ्चालनका क्रममा जसरी एउटा नदीले आफ्नो उद्गम स्थलदेखि वा प्रारम्भदेखि प्रवाहित हुने क्रममा विभिन्न किसिमका भङ्गाला, घुमाउने, खोंच, चेप, द्हिरो हुँदै मूल प्रवाहको क्षेत्रमा पुग्छ, त्यसै गरी नारायणी मा.वि. पनि कहिले आर्थिक कठिनाई, कहिले भवन अभाव, कहिले सीमा निर्धारणको समस्या त कहिले तालिम प्राप्त शिक्षकको अभाव जस्ता विभिन्न परिस्थितिसँग मुकाबिला गर्दै परिस्थितिलाई अनुकुल बनाउँदै जाने क्रममा क्षेशिनि र राजा वीरेन्द्रसँग विद्यालयको बारेमा जानकारी दिने क्रममा निबन्धकार स्वयम् सहभागी हुनुको साथै सुरुको अवस्थामा शिक्षाको गुणस्तर प्राप्त गर्न नसकेको नारायणी मा.वि. मा शिक्षकको सक्रियताको प्रत्यक्ष निगरानीबाट शैक्षिक वातावरणमा सुधार आइ विद्यालय पुरस्कृत हुँदै गएको र यसै विद्यालयको भ्रातृत्वमा सप्तगण्डकी बहुमुखी क्याम्पसलाई रु. २० लाखमा २० कट्ठा जग्गा प्रदान गरी उक्त कलेजमा उच्च शिक्षादेखि स्नातकोत्तर तहसम्मका कक्षाहरू वर्तमान समयमा सञ्चालन हुनुको श्रेय पनि यसै नारायणी उ.मा.वि. लाई छ भन्ने उल्लेख गरेका छन् । चितवन जिल्लामा शिक्षाको गतिलाई चरमोत्कर्षमा पुऱ्याउन सफल हुँदै नारायणी मा.वि. लाई वर्तमान समयमा उच्च शिक्षाको मार्गमा बढाउने आकाङ्क्षा निबन्धकारमा निहित रहेको र कुरा हालका दिनमा पूर्ण भएकोमा निबन्धकारबाट आभार व्यक्त गरिएको छ । प्रस्तुत निबन्ध नौ पृष्ठमा फैलिएको मझौला आकारको निबन्ध हो । यसमा सत्र अनुच्छेद र दुई सय चवालिस पङ्क्तिहरू रहेका छन् ।

### ४.१.२७.२ उद्देश्य

नारायणी मा.वि. स्थापनाकालको अवस्था र त्यस विद्यालय सञ्चालन गर्दादेखि वर्तमान समयसम्मको शैक्षिक स्थिति र वर्तमान समयमा त्यस विद्यालयप्रति सद्भाव राख्ने

व्यक्तित्व एवं निबन्धकारको आकाङ्क्षा अनुरूप भएको प्रगतिको बारेमा जानकारी दिनु यसको उद्देश्य रहेको छ ।

### ४.१.२७.३ भाषाशैली

प्रस्तुत निबन्धको भाषाशैली सरल, सहज एवं प्रभावमय रहेको छ । प्रस्तुत निबन्धमा हाइस्कुल, प्लाष्टर, बरण्डा, मिडिल स्कुल, रिभल्भिङ, एसएलसी, रिन्यासेन्स, एल आकार, इ आकार, क्लासिकल, फान्डशनिङ थेउरी जस्ता अङ्ग्रेजी आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । परिवर्तित संसार, रात्रि जस्ता संस्कृत शब्दहरूको प्रयोग पनि प्रसङ्ग अनुसार गरिएको छ । प्रस्तुत निबन्धमा उर्ध्वमूल, मद्यशाखा, अश्वत्थामा, प्राहुर, व्ययम् जस्ता गीताको श्लोक पनि उल्लेख गरिएको छ । कतै कतै प्रसङ्ग मिलाएर प्रश्नात्मक वाक्यको पनि प्रयोग गरिएको छ । उक्त निबन्ध संस्थापरक संस्मरण अन्तर्गत लेखिएको छ ।

## ४.१.२८ स्वर्णोपहार

### ४.१.२८.१ विषयवस्तु

*स्वर्णोपहार* निबन्ध केदारनाथ खनालको **दुई धार : एक लहर** निबन्धसङ्ग्रहमा सङ्गृहीत अट्ठाइसौं निबन्ध हो । यो निबन्धको शीर्षक शब्दावली ढाँचाको रहेको छ । यस निबन्धमा बालकुमारी कन्या उच्च मा.वि. को स्वर्णोत्सवको पावन अवसरमा यस विद्यालयको स्थापनाकाल पूर्वको अवस्था, यसको नामाकरण, चितवनको पुरानो सदरमुकाम उपरदाङगढीभन्दा तल र शेरबासभन्दा माथिको भित्तामा स्थापित बालकुमारीदेवीको पाषाण मूर्तिबाट परिचित बालकुमारी देवीको सम्झनामा नारायणगढको क्षेत्रमा बालकुमारीको नाममा सञ्चालित विभिन्न शैक्षिक संस्थाहरूले छरेको शिक्षाको उज्यालोले काठमाडौंको पद्मकन्या कलेजले जस्तै स्थान लिएर सङ्ख्यात्मक र गुणात्मकताका साथै स्तरोन्नति गर्दै जाने क्रममा बालकुमारी कन्या उच्च मा.वि. को रूपमा समेत विस्तार भएको छ । जसरी बालकुमारीलाई कन्या भनेर मानिन्छ त्यसै गरी यस संस्थामा अध्ययन गर्नेहरू पनि कन्या मात्रै भएमा अझ प्रभावकारी हुन्छ भनी उल्लेख गरिएको छ । प्रस्तुत निबन्ध पाँचौं पृष्ठको मझौला आकारको आयाममा फैलिएको छ । यस निबन्धमा दशौं परिच्छेद र एकसय अठ्चालिस पङ्क्ति रहेका छन् ।

### ४.१.२८.२ उद्देश्य

बालकुमारी कन्या उच्च मा.वि.को स्थापनाकाल, नामकरण, त्यस संस्थाको प्रगति, चितवनको पुरानो सदरमुकाम उपरदाङगढीको नजिकमा अवस्थित बालकुमारी देवी र बालकुमारी कन्या उच्च मा.वि.को अन्तर सम्बन्ध आदि बारेमा जानकारी दिनु यस निबन्धको उद्देश्य रहेको छ ।

### ४.१.२८.३ भाषाशैली

संस्मरणात्मक शैलीमा लेखिएको निबन्धको भाषा सरल, सहज एवं प्रभावमय रहेको छ । यसमा हार्डडिस्क, भ्याली, ग्रावेल रोड, मोटर, युएसएड, हाइस्कुल, एसएलसी, बोर्डफस्ट, डाइरेक्टर, मिडिल स्कुल जस्ता अङ्ग्रेजी आगन्तुक शब्दको प्रयोग गरिएको छ । कतै कतै प्रसङ्ग मिलाएर प्रश्नात्मक वाक्यहरूको पनि प्रयोग गरिएको छ ।

## ४.१.२९ स्मरणीय व्यक्तित्व भीष्मकान्त अधिकारी

### ४.१.२९.१ विषयवस्तु

*स्मरणीय व्यक्तित्व भीष्मकान्त अधिकारी* केदारनाथ खनालको **दुई धार : एक लहर** निबन्धसङ्ग्रहमा सङ्गृहीत उनन्तीसौं निबन्ध हो । प्रस्तुत निबन्धको शीर्षक शब्दावली ढाँचाको रहेको छ । प्रस्तुत निबन्धमा भीष्मकान्त अधिकारीले चितवन जिल्लामा शिक्षाको थालनीको क्रम वा विद्यालयहरूको स्थापनाकालदेखि लामो समयसम्म शैक्षिक नेतृत्व लिँदै चितवनको जिल्ला शिक्षा समिति एवं शिक्षक छनौट आयोगमा समेत प्रभावकारी भूमिका खेलेको देखिन्छ । शैक्षिक क्षेत्रका कुनै पनि काम गर्दा फुट हैन जुटका साथ गर्नुपर्छ अनि मात्र प्रगतिको शिखर चुम्न सकिन्छ भन्ने मान्यताका साथ उहाँ अघि बढ्नु भएको, जसले गर्दा शिक्षक आन्दोलनमा आफ्नै नेतृत्वमा साथीहरूलाई अग्रसर गराएर बढ तलब, औषधी उपचार खर्च र पेन्सन लगायतको सुविधा दिलाउन सरकारलाई बाध्य बनाउने काममा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको चर्चा गरिएको छ । उनी प्रजातान्त्रिक व्यक्ति थिए भन्ने कुरा उल्लेख छ । उनको शालीन कार्यशैलीका आधारमा पनि हेडसर भनेर चिनिन्छ । उनको नाम कहिल्यै नमेटिने गरी शिक्षा र सामाजिक क्षेत्रमा सुधार गर्ने व्यक्तित्वको रूपमा

स्वर्णाक्षरमा उल्लेखित छ भनी निबन्धकारले आफ्नो संस्मरणमा उल्लेख गरेका छन् । प्रस्तुत निबन्ध तीन पृष्ठको लघु आयाममा फैलिएको छ । यस निबन्ध सातौं अनुच्छेद र पचासी पङ्क्तिमा संरचित छ ।

### ४.१.२९.२ उद्देश्य

भीष्मकान्त अधिकारी एउटा शिक्षा सुधारक, समाज सुधारक एवं कुनै पनि काम गर्दा सबै एकजुट भएर काम गर्नुपर्छ भन्ने मनोवृत्ति भएका कुशल नेतृत्वका धरोहर हुन् भन्ने कुराको जानकारी गराउनु यस निबन्धको उद्देश्य रहेको छ ।

### ४.१.२९.३ भाषाशैली

यस निबन्धमा सबैले बुझ्न सक्ने किसिमको सरल भाषाशैलीको प्रयोग गरिएको छ । यसमा हाइस्कुल हेडमास्टर, हेडसर, पावरदार जस्ता अङ्ग्रेजी आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । यसमा त्यतिबेला उहाँलाई के कुरा सुजेछ कुन्नि ? जस्तो प्रश्नात्मक वाक्यको प्रयोग गरिएको छ । अधिकांश पङ्क्तिहरूमा शिक्षा क्षेत्रमा अविस्मरणीय योगदान पुऱ्याएका भीष्मकान्त अधिकारीको गुनगान गरिएको छ ।

## ४.१.३० श्रद्धेय दैवज्ञराज न्यौपाने

### ४.१.३०.१ विषयवस्तु

*श्रद्धेय दैवज्ञराज न्यौपाने* निबन्ध केदारनाथ खनालको **दुई धार : एक लहर** निबन्धसङ्ग्रहमा सङ्गृहीत तीसौं निबन्ध हो । प्रस्तुत निबन्धको शीर्षक शब्दावली ढाँचाको रहेको छ । यस निबन्धमा साहित्यकार दैवज्ञराज न्यौपाने नेपाली गीत र वार्णिक छन्दका धरोहरका रूपमा परिचित छन् र यिनको व्यक्तित्व, कला र प्रकृतिले दिएको गला प्रशंसनीय हुनुको साथै उच्चकोटिको रहेको छ भनिएको छ । उनीद्वारा सृजित गीत, कविताहरू नेपालका विद्यालयमा प्राथमिक तहदेखि उच्च शिक्षाका कक्षाहरूका पाठ्यपुस्तकमा समेत समावेश गराइनु उनमा निहित नेपाली साहित्यको सृजना, समालोचना एवं प्राध्यापन

कलाको कारण हो भनी उल्लेख गरिएको छ । प्रस्तुत निबन्ध तीन पृष्ठको लघु आयाममा फैलिएको छ । यो निबन्ध आठौं अनुच्छेद र पचासी पङ्क्तिहरूमा संरचित रहेको छ ।

### ४.१.३०.२ उद्देश्य

दैवज्ञराज न्यौपाने नेपाली साहित्य-वाङ्मयका क्षेत्रमा चम्किला ताराका रूपमा उदीयमान थिए । उनले दिएको मार्गदर्शन, साहित्यका लागि विशिष्ट साधकको रूपमा प्रेरित थिए भनी पाठक समक्ष जानकारी दिनु यसको उद्देश्य रहेको छ ।

### ४.१.३०.३ भाषाशैली

सरल, सहज भाषामा लेखिएको प्रस्तुत निबन्ध प्रभावमय रहेको छ । राइटरर्स, कोलोनी, जिओग्राफिकल मिस्टेक जस्ता अङ्ग्रेजी आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । निबन्धलाई रोचक बनाउन कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएको किसन कविताको श्लोक :

आकाश गड्गडाएर जब बर्सन्छ झरझर ।
म किसान हलो बोकी निस्कन्छ अनि बाहिर ॥

जस्तो कवितात्मक शैलीको पनि प्रयोग गरिएको छ । यसमा कतैकतै कोष्टीकरणको प्रयोग गरिएको छ ।

### ४.१.३१ झझल्कोमा पञ्चकन्या

### ४.१.३१.१ विषयवस्तु

*झझल्कोमा पञ्चकन्या* निबन्ध केदारनाथ खनालको **दुई धार : एक लहर** निबन्धसङ्ग्रहमा सङ्गृहीत एकतीसौं निबन्ध हो । यसमा निबन्धको शीर्षक शब्दावली ढाँचाको रहेको छ । यस निबन्धमा पूर्वी चितवनको पश्चिमी क्षेत्रमा अवस्थित पञ्चकन्या गा.वि.स. रत्ननगर नगरपालिकामा गाभिएर आफ्नो अस्तित्व मेटिए तापनि पञ्चकन्या उच्च मा.वि. ले यहाँको मौलिक चिनारीलाई अक्षुण्ण रूपमा कायम राख्न सफल भएको छ भनिएको छ । निबन्धकारले आफ्नो यौवन अवस्था यसै क्षेत्रमा व्यतित गरेका र दरै, थारु

जातका मानिसहरूले त्यस अवस्थामा गर्ने गरेका मछुवारी कार्यको उल्लेख गरेका छन् । त्यसै गरी इन्द्रबहादुर थापा प्रधानपञ्च हुँदा जयमङ्गलामा पञ्चकन्या बजारको नाम राखी घडेरी वितरण गरेका र उनकै कार्यकालमा पञ्चकन्या स्कुलको स्थापना हुनाले त्यस क्षेत्रको सम्झना निबन्धकारको मानस्पटलमा सदाकाल चिरस्थायी रूपमा रहिरहेको तर पञ्चकन्या स्कुलमा शिक्षण गर्ने अवसर पाउँदा पनि त्यस विद्यालयमा निरन्तरता दिन नसकेको कुरा आफ्नो संस्मरणमा उल्लेख गरेका छन् । प्रस्तुत निबन्ध तीन पृष्ठको लद्धु आयाममा फैलिएको छ । यो निबन्ध दशौं अनुच्छेद र छयानब्बे पङ्क्तिमा रचना गरिएको छ ।

### ४.१.३१.२ उद्देश्य

पञ्चकन्याका आदिवासी दरै त्यस क्षेत्रको भौगोलिक धरातल पञ्चकन्याको अस्तित्व, त्यस क्षेत्रका विकासप्रेमी व्यक्तित्वहरू, पञ्चकन्या उ.मा.वि. र पञ्चकन्या बजारको स्थापनाको बारेमा निबन्धकारलाई सदाकाल सम्झना रहेको जानकारी दिनु यस निबन्धको उद्देश्य रहेको छ ।

### ४.१.३१.३ भाषाशैली

संस्मरणात्मक शैलीमा लेखिएको यस निबन्धको भाषाशैली सरल, सहज एवं प्रभावमय रहेको छ । प्रस्तुत निबन्धमा प्रसङ्ग अनुसार प्रश्नात्मक वाक्यहरूको प्रयोग गरिएको छ । यस निबन्धमा कवि सिद्धिचरण श्रेष्ठद्वारा सृजित ‘तर खेद छैन कत्ति लेखिएको छ हृदयभरि तिम्रै आकृति’ पङ्क्तिद्वारा निबन्धको बिट मारिएको छ ।

### ४.१.३२ शैक्षिक आलोकमा गोरखा

### ४.१.३२.१ विषयवस्तु

*शैक्षिक आलोकमा गोरखा* निबन्ध केदारनाथ खनालको **दुई धार : एक लहर** निबन्धसङ्ग्रहमा सङ्गृहीत अन्तिम तथा बत्तीसौं निबन्ध हो । यस निबन्धको शीर्षक शब्दावली ढाँचाको रहेको छ । प्रस्तुत निबन्धमा भाषा, साहित्य, संस्कृति एवं सामरिक महत्त्वको क्षेत्रमा परिचित गोरखा जिल्लामा उच्च शिक्षाको सम्भावना र आवश्यकता महसुस हुनु स्वाभाविकै हो भनी चर्चा गरिएको छ । यस जिल्लाको दूरीका हिसाबले नेपालका प्रमुख शहरसँगको अवस्थिति, हावा, पानी एवं शैक्षिक तथ्याङ्क, शैक्षिक सङ्घ संस्थाहरूको उल्लेख्य

वृद्धि र विद्यार्थीहरूको सङ्ख्यात्मक अनुपातको आधारमा उच्च शिक्षाको लागि त्यस क्षेत्रमा एउटा विश्वविद्यालय स्थापना गरिनुपर्छ । जसरी लुइटेल हाइस्कुलले बाहिरका विद्यार्थीहरूलाई आकर्षणमा पारेर कक्षा सञ्चालन गरेजस्तै एउटा विश्वविद्यालय स्थापना गरी अन्य जिल्लाका विद्यार्थीहरूलाई अध्ययनको केन्द्र बनाइनु पर्छ र स्वदेशी तथा विदेशी श्रमबजारमा समय अनुकूलको प्राविधिक एवं व्यवसायिक शिक्षाको खाँचोलाई पूरा गर्न गोरखा जिल्लालाई शिक्षाको क्षेत्रमा एउटा देशकै नमुना जिल्लाको रूपमा स्थापित गर्नुपर्छ भनी उल्लेख गरिएको छ ।

### ४.१.३२.२ उद्देश्य

गोरखा जिल्लाको शैक्षिक तथ्याङ्क, शैक्षिक सङ्घ संस्थाहरूको अवस्था, शिक्षामा सरकारी नीति, शैक्षिक बेरोजगारको वर्तमान अवस्था एवं गोरखा जिल्लामा समय एवं परिस्थिति अनुकूल आवश्यक एउटा विश्वविद्यालय आवश्यकताको बारेमा जानकारी दिनु यसको उद्देश्य रहेको छ ।

### ४.१.३२.३ भाषाशैली

प्रस्तुत निबन्धको भाषाशैली सरल, सहज एवं प्रभावमय रहेको छ । प्रस्तुत निबन्धमा हाइस्कुल, ह्याप्पी, सिल्भर जुवली, सिङ्गल फ्याकल्टी, वेट एण्ड सी, डुब्लिकेशन, आइटी, फोर पिल्लर अफ एजुकेशन, लर्निङ, नो, टु, टगेदर, बी जस्ता अङ्ग्रेजी आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । 'तमसोमा ज्योतिर्गमय, सहनौ भवतु सहनौ भुनक्तु सहवीर्य करवावहै' जस्ता पङ्क्तिहरू संस्कृत भाषामा लेखिएका छन् । कतै कतै प्रसङ्ग मिलाएर प्रश्नात्मक वाक्यको पनि प्रयोग गरिएको छ । कुनै स्थानमा आवश्यकता अनुसार कोष्ठीकरणको पनि प्रयोग गरिएको छ ।

## ४.२ निष्कर्ष

प्रस्तुत **दुई धार : एक लहर** शीर्षक निबन्धसङ्ग्रह केदारनाथ खनालको पाँचौं निबन्धात्मक कृति हो । २०७० सालमा चितवन साहित्य परिषद्, चितवनद्वार प्रकाशनमा ल्याइएको यस निबन्धात्मक कृतिमा जम्माजम्मी बत्तीसवटा निबन्धहरू सङ्गृहीत छन् । यात्रा र संस्मरण खण्डलाई एउटै पुस्तकमा समेटेर नामाकरण गरिएको यस **दुई धार : एक**

**लहर** नामक निबन्धसङ्ग्रहमा विशेषतः शृङ्खलित रूपले आख्यानात्मक ढाँचामा उल्लेख गरेका छन् । त्यसैले उनका निबन्धहरूको विषयवस्तु पनि विभिन्न शीर्षकमा शृङ्खलाबद्ध किसिमले प्रस्तुतीकरण गरिएको पाइन्छ । उनका यस निबन्धसङ्ग्रहका प्रायजसो निबन्धमा चितवन जिल्लामा रहेका शैक्षिक एवं सामाजिक सङ्घसंस्था र सामाजिक व्यक्तित्वका साथै राष्ट्रियस्तरमा ख्याति प्राप्त गरेका साहित्यिक व्यक्तित्वहरूको बारेमा चर्चा गरिएको छ । यस निबन्धसङ्ग्रहमा निबन्धकारको बाल्यकालीन स्मृतिबिम्बको प्रकटीकरण, विभिन्न घटनाको स्मरण जस्ता कुराहरूलाई आत्मपरक शैलीमा उल्लेख गरिएको छ ।

सबै पाठकहरूले बुझ्न सक्ने, सरल शैलीमा लेखिएका यस सङ्ग्रहका निबन्धले सहजै रूपमा आकर्षित गर्छन् । उनको निबन्धको शैली रोचक रहेको छ । शृङ्खलित रूपमा आख्यानात्मक रूपले प्रस्तुत हुनाले विषयवस्तुको पहिचान गर्न पाठकलाई सहज भएको देखिन्छ । सूक्ष्म र मझौला आकारका उनका निबन्धमा उखान टुक्का, मुक्तक, आगन्तुक शब्द र सूक्तिहरूको प्रयोगले निबन्धमा रोचकता थपिएको छ । देश विदेशका विभिन्न क्षेत्रहरूको यात्रा गर्ने आफ्नो आँखाले नेत्रपान गरेका स्थान र सामाजिक सङ्घसंस्थाहरूको बारेमा यात्रा र संस्मरणात्मक लेख मार्फत पाठकवर्गलाई जानकारी दिने कुरा निबन्धमा उल्लेख भएको पाइन्छ । यिनै आधारमा आधुनिक समयका सामाजिक यथार्थवादी निबन्धकारका रूपमा उनको भविष्य रहेको पाइन्छ ।

## परिच्छेद : पाँच

# उपसंहार तथा निष्कर्ष

# परिच्छेद : पाँच

# उपसंहार तथा निष्कर्ष

## ५.१ परिचय

यस परिच्छेदमा **दुई धार : एक लहर** निबन्धसङ्ग्रहको विश्लेषणात्मक अध्ययनको सन्दर्भमा प्रत्येक अनुच्छेदहरूको अध्ययन विश्लेषणको परिच्छेदगत रूपमा सारांश र निष्कर्ष दिई मूल्याङ्कन गरिएको छ ।

### ५.१.१ पहिलो परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा **दुई धार : एक लहर** निबन्धसङ्ग्रहको विश्लेषणात्मक अध्ययन शीर्षक शोधपत्रको परिचय र रूपरेखा रहेको छ । यसमा विषय परिचय, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको सीमाङ्कन, सामग्री सङ्कलन र शोधविधिका बारेमा उल्लेख गरिएको छ ।

### ५.१.२ दोस्रो परिच्छेदको निष्कर्ष

यस परिच्छेद अन्तर्गत केदारनाथ खनालको जीवनी र व्यक्तित्वको सामान्य अध्ययन गरिएको छ । यसमा उनको पारिवारिक पृष्ठभूमि, जन्मस्थान, बाल्यकाल, शिक्षादीक्षा, भ्रमण, पुरस्कार तथा मान पदवी, संस्थागत संलग्नता जस्ता कुराहरू जीवनीमा समावेश गरिएको छ भने व्यक्तित्व अन्तर्गत भने वाह्य व्यक्तित्व र आन्तरिक व्यक्तित्वलाई सूक्ष्म रूपमा केलाउने काम गरिएको छ ।

### ५.१.३ तेस्रो परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा निबन्धको सैद्धान्तिक अध्ययन र विकासक्रमलाई समावेश गरिएको छ । यस अन्तर्गत निबन्धको अवधारणा, पूर्वीय र पाश्चात्य दृष्टिकोण र परिभाषा, स्वरूप र निबन्धको तत्त्वहरूको अध्ययन गरिएको छ । विकासक्रम अन्तर्गत नेपाली निबन्धको विकासक्रमलाई चरणगत रूपमा विभाजन गरेर अध्ययन गरिएको छ ।

### ५.१.४ चौथो परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा निबन्धकार केदारनाथ खनालको **दुई धार : एक लहर** निबन्धसङ्ग्रहभित्र सङ्गृहीत निबन्धहरूको अध्ययन र विश्लेषण गरिएको छ । यस परिच्छेद अन्तर्गत निबन्धका विषयवस्तु, उद्देश्य र भाषाशैलीजस्ता तत्त्वका आधारमा अध्ययन र विश्लेषण गरिएको छ ।

## ५.२ समग्र निष्कर्ष एवम् उपसंहार

निबन्धकार केदारनाथ खनालको जन्म गोरखा जिल्लाको मनोरम स्थल ताक्लुङ गा.वि.स. वडा नं. २ मा वि.सं. २००१ साल कार्तिक ७ गतेका दिन भएको हो । पिता स्व. भोगप्रसाद खनाल र माता देवमाया खनालका जेठो सन्तानका रूपमा यिनको जन्म भएको हो । यिनको न्वारनको नाम धर्मराज खनाल हो । कुलीन परिवारमा जन्मिएका केदारनाथ खनालका पूर्वजहरू पनि शिक्षित भएकोले यिनको प्रारम्भिक शिक्षा पनि घरबाटै सुरु भएको पाइन्छ । वि.सं. २०२१ मा प्रवेशिका परीक्षा उत्तीर्ण गरेका खनालले २०२३ सालमा महेन्द्र रत्न कलेजबाट आई.ए. २०२६ सालमा पाटन कलेजबाट बि.ए. यसै गरी वि.सं. २०३३ कीर्तिपुरबाट बि.एड. र २०४८-०५० सालमा ताहाचल काठमाडौंबाट एम.एड. सम्मको उपाधि प्राप्त गरेको पाइन्छ । वि.सं. २०२९ मा कलादेवीसँग दाम्पत्य जीवनको लगनगाँठो बाँधेका केदारनाथ खनालका एक छोरा र तीन छोरी रहेका छन् । सामाजिक एवं प्राध्यापन व्यक्तित्वका धनी खनालले साहित्यका विविध विधामा कलम चलाए तापनि यिनको कलम चलेको मुख्य विधा भने निबन्ध नै हो ।

लेखनका दृष्टिले वि.सं. २०२३/०२४ तिर काठमाडौङ्को स्थानीय पत्रिकामा 'युवा' कविता छपाएर नेपाली साहित्यको फाँटमा सार्वजनिक रूपमा केदारनाथ खनाल औपचारिक रूपमा देखापरेको पाइन्छ । यिनका हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरूमा **अनुभूतिका शब्द तरङ्ग** (कवितासङ्ग्रह-२०६१), **शिक्षा : केही गन्थन केही मन्थन** (शैक्षिक निबन्ध-२०६२), **यात्राका स्पन्दनहरू** (नियात्रा निबन्ध सङ्ग्रह-२०६५), **स्मृतिका बिम्बहरू** (संस्मरणात्मक निबन्धसङ्ग्रह-२०६६) र **दुई धार : एक लहर** (नियात्रा र संस्मरण

निबन्धसङ्ग्रह-२०७०) प्रकाशित छन् । साहित्यकार क्षेत्रप्रताप अधिकारी, परशु प्रधान र केदारमान व्यथितहरूबाट आफू प्रभावित र प्रेरित भएको बताउने खनाल साहित्यकै उच्च स्थान ओगट्न सफल भएका छन् । यिनको **दुई धार : एक लहर** (नियात्रा र संस्मरण निबन्धसङ्ग्रह) मा नियात्रा खण्ड अन्तर्गत निबन्धकारले आफूले भ्रमण गरेका भारतको उत्तराञ्चल र राजस्थान प्रान्तमा अवस्थित प्रसिद्ध ऐतिहासिक, पर्यटकीय एवं धार्मिक स्थलको बारेमा चर्चा गरिएको छ । त्यसै गरी नेपालको पश्चिमी क्षेत्रका विभिन्न स्थानहरूमा भ्रमणको सिलसिलामा अनुभूत गरेका साहित्यिक, शैक्षिक, धार्मिक एवं भौगोलिक यात्राका मनमोहक अनुभूतिका बारेमा उनले उल्लेख गरेको देखिन्छ ।

संस्मरण खण्डमा व्यक्तिपरक, संस्थापरक, स्थानपरक एवं निबन्धकार स्वयम्को आत्मसंस्मरणको रूपमा उल्लेख गरिएको छ । यस खण्डमा साहित्यिक व्यक्तित्व, सामाजिक, व्यक्तित्वहरूप्रति निबन्धकारको श्रद्धाभाव रहेको उल्लेख गरिएको छ । निबन्धकारद्वारा आफ्नो जीवनकालमा भोगेका र गरेका सङ्घर्षका साथै बाल्यकालीन स्मृतिहरूलाई समेत प्रतिबिम्बित गरिएको छ । यिनका निबन्धहरू प्रायः सङ्क्षिप्त र मझौला आकारका रहेका छन् । प्रश्नात्मक कथ्यको प्रयोग गरिएका निबन्धका शीर्षकहरूमा प्रतीकात्मकता झल्केको पाइन्छ । उखान टुक्का, गीत, गजल, कथ्य भाषा, तत्सम, तद्भव जस्ता आगन्तुक शब्दको प्रयोगले खनालका निबन्धहरू रोचक बनेका छन् । यिनका निबन्धहरूले राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयवस्तुलाई पनि समेटेको पाइन्छ ।

यस **दुई धार : एक लहर** नामक कृतिलाई प्रकाशित गरी निबन्ध विधाको साहित्यिक क्षेत्रमा उत्कृष्ट रूपमा चर्चामा आएका निबन्धकार केदारनाथ खनालले आफ्नो कृति मार्फत विभिन्न परिस्थितिको सामना गर्ने साहस हामीमा हुनुपर्दछ भन्ने कुरा आफ्नो संस्मरण खण्ड मार्फत उल्लेख गरेका छन् । हामीले यस धरतीमा जन्म लिइसकेपछि विभिन्न स्थानको प्राकृतिक स्तरमा एवं भौतिक स्तरमा दृश्यावलोकन गरेर आनन्द लिनु पर्दछ भन्ने कुरा यात्रा खण्ड मार्फत उल्लेख गरेका छन् । समग्रमा मूल्याङ्कन गर्दा यिनका निबन्धहरू उत्कृष्ट रहेका छन् ।

# सन्दर्भसामग्रीसूची

# सन्दर्भसामग्रीसूची


अज्ञात, कपिल (२०६७), **स्रष्टा बिम्ब : व्यक्तित्व आरेख,** चितवन : चितवन साहित्य परिषद् ।

———————— (२०७०), *ज्ञानगुनको बान्कीमय कृति,* **दुई धार : एक लहर,** केदारनाथ खनाल, चितवन : चितवन साहित्य परिषद् ।

अधिकारी, रामलाल (सन् १९७५), **नेपाली निबन्धयात्रा,** दार्जिलिङ : नेपाली साहित्य संचयीका ।

आप्टे, शिवराम वामन (सन् १९६९), **संस्कृत हिन्दीकोश,** दो.सं., बनारस : मोतीलाल बनारसीदास ।

उपाध्याय, केशवप्रसाद (२०३४), **साहित्य प्रकाश,** पाँ.सं., ललितपुर : साझा प्रकाशन ।

ओझा, रामनाथ (२०६४), **शङ्कर लामिछानेको निबन्धकारिता,** काठमाडौं : पालुवा प्रकाशन ।

खनाल, केदारनाथ (२०७०), **दुई धार : एक लहर,** चितवन : चितवन साहित्य परिषद् ।

खनाल, नारायणप्रसाद (२०६२), *शैक्षिक वाङ्मय मन्थनको श्रीवृद्धिमा निरन्तरताको शुभकामना,* **शिक्षा केही गन्थन केही मन्थन,** चितवन : चितवन साहित्य परिषद् ।

खनाल, प्रतिमा (२०६७), **साहित्यकार केदारनाथ खनालको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन ।

**खनाल वंशावली** (२०५५), खनाल वंशावली निर्माण समिति, खनाल सेवा समिति, नेपाल ।

गौतम, लक्ष्मणप्रसाद (२०६५), *यात्रा स्पन्दनहरुको वस्तुविन्यास,* **यात्राका स्पन्दन,** चितवन : चितवन साहित्य परिषद् ।

जोशी, रत्नध्वज (२०३९), **आधुनिक नेपाली साहित्यको झलक,** ते.सं., ललितपुर : साझा प्रकाशन ।

थापा, मोहनहिमांशु (२०४५), **साहित्य परिचय,** दो.सं., ललितपुर : साझा प्रकाशन ।

देवकोटा, लक्ष्मीप्रसाद (२०५७), **लक्ष्मी निबन्धसङ्ग्रह,** बाह्रौं सं., काठमाडौं : पाठ्यसामग्री पसल ।

पोखरेल, बालकृष्ण (२०२७), **कलेज स्तरका निबन्धै-निबन्ध,** काठमाडौं : सहयोगी प्रकाशन ।

पौडेल, बाजुराम (२०७१), *विविध अनुभूति र स्रष्टा केदारनाथ खनाल,* **सुलेख** साहित्यिक मासिक, वर्ष ३, अङ्क ४/५, पृ. ... ।

बराल, ईश्वर (२०६४), **सयपत्री,** च.सं., ललितपुर : साझा प्रकाशन ।

भट्टराई, गोविन्दराज (२०६५), *आजका पाठकलाई यस्तै सृजनाको खाँचो छ,* **यात्राका स्पन्दनहरु,** केदारनाथ खनाल, चितवन : चितवन साहित्य परिषद् ।

लुइटेल, खगेन्द्रप्रसाद र देवीप्रसाद गौतम (२०५५), **नेपाली निबन्ध,** काठमाडौं : नवीन प्रकाशन ।

व्यास, निर्मोही (२०७०), *दुई धार एक लहरका केदारनाथ खनाल,* **दुई धार : एक लहर,** केदारनाथ खनाल, चितवन : चितवन साहित्य परिषद् ।

———— (२०७०), **विकीर्ण समालोचना,** काठमाडौं : शरद उपाध्याय, विजेता पुडासैनी उपाध्याय, नीलिमा उपाध्याय, आकाश उपाध्याय ।

शर्मा, तारानाथ (२०५२), *अट्ठाइस वर्षपछि घनघस्यालाई सम्झँदा,* **रजनी,** वर्ष १, पूर्णाङ्क १, पृ. .... ।

श्रेष्ठ, गायत्री (२०७०), *प्रकाशकीय,* **दुई धार : एक लहर,** केदारनाथ खनाल, चितवन : चितवन साहित्य परिषद् ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०५९), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** छैटौं सं., ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, राम-सूर्यकुमारी (२०५८), *हु इज हु,* **नेपालस् स्कुल डाइरेक्टरी,** काठमाडौं : राम श्रेष्ठ र सूर्यकुमारी श्रेष्ठ ।

सुवेदी, राजेन्द्र (उद्धृत) (२०५६), **स्नातकोत्तर नेपाली निबन्ध,** ते.सं., काठमाडौं : पाठ्य सामग्री पसल ।

———— (२०५७/०५८), *आधुनिक नेपाली निबन्ध शिक्षण,* **वाङ्मय,** वर्ष १०, पूर्णाङ्क १०, पृ. ... ।

———— (२०५८), **सृजनात्मक लेखन सिद्धान्त र विश्लेषण,** काठमाडौं : पाठ्य सामग्री पसल ।

———— (२०५८), **स्रष्टा-सृष्टि द्रष्टा-दृष्टि,** ते.सं., ललितपुर : साझा प्रकाशन ।

**श्रीमद्भगवद्गीता** (२०५४), उन्नाइसौं सं., गोरखपुर : गीता प्रेस ।